साम्पाङ राई भाषाको अध्ययन

प्रविन राई

परीक्षा रोल. नं. २८०६६०/०७३

त्रि.वि. दर्ता नं. ९–२–९–५७५–२००९

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा

विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको

(नेपा.शि ५४४) पाठ्यांशको प्रयोजनका

लागि प्रस्तुत

शोधपत्र

२०७३/2016

शिक्षाशास्त्र सङ्काय केन्द्रीय विभाग

नेपाली भाषा शिक्षा विभाग

त्रि.वि. कीर्तिपुर

काठमाडौं ।

प्रतिबद्धता पत्र

प्रस्तुत शोध प्रतिवेदनभित्रका सामग्रीहरू कहीँ कतैबाट साभार गरिएको छैन । यसमा कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका पनि छैनन् । तसर्थ यो शोधप्रतिवेदन नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

मिति : २०७३/०९/०५

Date : Dec 20, 2016

....

प्रविन राई

(शोधार्थी)

निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशात्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर चौथो सेमेस्टरको (नेपा. शि. ५४४) पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत *साम्पाङ राई भाषाको अध्ययन* शीर्षकको शोधपत्र शोधार्थी प्रविन राईले मेरो निर्देशनमा रही तयार पार्नु भएको हो । शोधार्थी प्रविन राईले निकै मेहनत र परिश्रमका साथ सम्पन्न गरिएको यस शोधकार्य प्रति म पूर्णत सन्तुष्ट छु । यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः २०७३/०९/०६

Date: Dec 21, 2016

शोधनिर्देशक

....

प्रा. डा. रामप्रसाद भट्टराई

नेपाली भाषा शिक्षा विभाग

शिक्षाशात्र सङ्काय

त्रि. वि. कीर्तिपुर ।

नेपाली भाषा शिक्षा विभाग

शिक्षाशास्त्र सङ्काय

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर

स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह चौथो सेमेस्टरको (नेपा.शि. ५४४) पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको *साम्पाङ राई भाषाको अध्ययन* शीर्षकको शोधपत्र सम्बन्धित तहका लागि उपयुक्त भएकोले स्वीकृति गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

क.स.	नाम	हस्ताक्षर
१.	प्रा. डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख/शोधनिर्देशक)	....
२.	प्रा. महेश्वर न्यौपाने (शोधविशेषज्ञ)	....

मिति : २०७३/०९/२१

Date : Jan 05, 2017

कृतज्ञताज्ञापन

प्रस्तुत *साम्पाङ राई भाषाको अध्ययन* शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको पाठ्यांश नेपा.शि. ५४४ को प्रयोजनका निम्ति तयार पारिएको हो । यस शोधकार्यलाई व्यवस्थित तरिकाले सुसम्पन्न गराउनका लागि निरन्तर सहयोग, सल्लाह र सुझाव प्रदान गर्नुहुने आदरणीय गुरु प्रा.डा. रामप्रसाद भट्टराई ज्यू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

यस शीर्षकमा शोधकार्य गर्न महत्त्वपूर्ण अवसर दिने नेपाली भाषा शिक्षा विभागका विभागीय प्रमुख प्रा.डा. रामप्रसाद भट्टराई र शोधविशेषज्ञ महेश्वर न्यौपाने लगायत शोधपत्र तयार गर्दै जाँदा प्राज्ञिक समस्या समाधानका लागि आवश्यक सल्लाह, सुभाब प्रदान गर्ने सम्पूर्ण गुरुहरूप्रति हार्दिक आभार प्रकट गर्दछु । शोधपत्र तयार गर्ने क्रममा प्रशासन क्षेत्रबाट अनुकूल वातावरण सिर्जना गरी छिटो, छरितो र व्यवस्थित तरिकाले शोधपत्र सम्पन्न गर्न आवश्यकीय सल्लाह सुझाब दिने आदरणीय दिदी तारा अधिकारीलाई पनि धन्यवाद दिन चाहन्छु । यस शीर्षकमा अध्ययन आुसन्धान गर्न साम्पाङ भाषासम्बन्धी आवश्यक पर्ने मुद्‍दुम, पुस्तक, पत्रपत्रिकाहरू साथै स्रोत सामग्रीहरू उपलब्ध गराई सहयोग गर्ने किरात साम्पाङ राई जुम्लेखा नेपाल केन्द्रीय कार्य समितिको कार्यकारी अध्यक्ष आदरणीय दिदी टिकासरी साम्पाङ, उपाध्यक्ष श्रद्धेय ठुलो बुवा रामप्रसाद साम्पाङ राईप्रति विशेष आभार प्रकट गर्दै सम्पूर्ण साम्पाङ समुदायप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा जटिल समय र परिस्थितिका बाबजुत यस शीर्षकमा शोधकार्य गर्न सरल र सहज वातावरण मिलाइ सद्भावका साथ उत्प्रेरणा दिनुहुने मेरो पूजनीय आमा बुवालगायत सम्पूर्ण परिवारप्रति पनि विशेष धन्यवाद दिन चाहन्छु र शोधपत्रलाई निरन्तरता दिँदै व्यवस्थित, वैज्ञानिक बनाउन निश्चित क्षेत्रमा गएर आवश्यक सामग्री सङ्कलन गर्नका लागि पूर्ण सहयोग गर्ने आदरणीय दाजुहरू गुणराज र शान्तिराम राई धन्यवादका पात्र हुनुहुन्छ । यस शोधकार्यलाई सम्पन्न गर्न थप सल्लाह, सुझाब दिई सहयोग गर्ने सहृदयी साथीहरूलाई पनि हार्दिक धन्यवाद दिँदै आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागमा प्रस्तुत गर्दछु ।

शोधार्थी

मिति : २०७३/०९/०५ प्रविन राई

शोधसार

शोधशीर्षक : *'साम्पाङ राई भाषाको अध्ययन'*

शोधार्थी : प्रविन राई

रोल्नं. : २८०६६०/०७३

त्रि. वि दर्ता नं. : ९-२-९-५७५-२००९

शोधनिर्देशक : प्रा. डा. रामप्रसाद भट्टराई

क्याम्पस/विभाग : त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर, काठमाडौँ

शैक्षिक सत्र : २०७१/०७३

पृष्ठ सङ्ख्या : ९७+२४

अध्याय : आठ

शोध उद्देश्य

प्रस्तुत *साम्पाङ राई भाषाको अध्ययन* शीर्षकको उद्देश्य निम्नानुसार रहेका छन् :

१. साम्पाङ भाषाको परिचय दिनु,

२. साम्पाङ भाषाको विशेषताहरू पहिचान गर्नु,

३. साम्पाङ भाषाको व्याकरण व्यवस्था निरूपण गर्नु,

४. साम्पाङ भाषामा प्रचलित शब्दहरूको सङ्कलन गर्नु ।

शोध प्रक्रिया

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनको लागि प्रस्तुत गरिएको हो ।

यस अध्ययनमा मुख्यतः प्राथमिक र द्वितीयक दुवै स्रोतको उपयोग गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत छलफल, अन्तर्वार्ता, व्यक्तिगत तथा सामूहिक सम्पर्क र प्रश्नावलीको प्रयोग गरिएको छ भने द्वितीयक स्रोतअन्तर्गत साम्पाङ भाषासम्बन्धी विभिन्न पाठ्यपुस्तक, मुद्दुम, शब्दकोश तथा पत्रपत्रिका आदि सामग्रीको प्रयोग गरिएको छ । जम्मा पाँच अध्यायमा संरचित प्रस्तुत शोधकार्यको पहिलो अध्यायमा शोधपत्रको परिचय मुख्य

शीर्षक रहेको छ । यस अध्यायमा शोधशीर्षक, शोधप्रयोजन, समस्याकथन, उद्देश्य, औचित्य र महत्त्व, सीमाङ्कन र रूपरेखा जस्ता उपशीर्षकहरू समेटिएका छन् ।

प्रस्तुत अध्ययनको दोस्रो अध्यायमा पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणा शीर्षकअन्तर्गत विभिन्न उपशीर्षकहरूमा विभाजन गरी विश्लेषण गरिएको छ । पूर्वकार्यको समीक्षाअन्तर्गत पुस्तक तथा लेख समीक्षा, शोधकार्यको समीक्षा र साम्पाङ राई भाषाको सैद्धान्तिक परिचयअन्तर्गत साम्पाङ जाति, नामकरण, प्रयोग क्षेत्र, साम्पाङ भाषाको शब्दस्रोत, जनसङ्ख्या, शैक्षिक अवस्था, पेशा, रहनसहन र भेषभूषा, सामाजिक संस्कार (न्वारान, पास्नी, छेवार, गुन्यूचोलो), विवाह संस्कार (मागी विवाह, चोरी विवाह), सांस्कृतिक संस्कार (पितृपूजा, साकेला, नागपूजा, भाइचिन्ता, सिकारी पूजा), मृत्यु संस्कार जस्ता पक्षहरूलाई समेटेर अध्ययन गरिएको छ । शोधपत्रको अध्याय तिनमा अध्ययन विधि तथा प्रक्रिया शीर्षकअन्तर्गत अध्ययन विधि, नमुना तथा जनसङ्ख्या, तथ्याङ्क सङ्कलनको स्रोत (प्राथमिक र द्वितीयक), सामग्री सङ्कलन प्रक्रिया र तथ्याङ्क विश्लेषणलाई समावेश गरी अध्ययनलाई अगाडि बढाइएको छ ।

यस शोधकार्यको अध्याय चारमा मुख्य विषयवस्तुलाई समेटिएको छ । साम्पाङ भाषा मुख्य शीर्षकअन्तर्गत साम्पाङ भाषाको परिचय र नामकरण दिने प्रयास गरिएको छ । यसैगरी अध्याय पाँचमा विशेषताको बारेमा चर्चा गरिएको छ । अध्याय छमा साम्पाङ भाषाको व्याकरण व्यवस्थाभित्र शब्दवर्गको वर्गीकरण, कार्यका आधारमा नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी, संयोजक, निपात, विस्मयादिबोधक र अर्थका आधारमा पर्यायवाची, विपरीतार्थक, श्रुतिसमभिन्नार्थक र अनेकार्थक शब्दलाई समेटिएको छ । साम्पाङ भाषाको वर्णविन्यास, वर्णव्यवस्था (स्वरवर्ण र व्यञ्जनवर्ण), साम्पाङ भाषामा पाइने व्याकरणात्मक कोटि लिङ्ग, वचन, पुरुष, काल ,पक्ष आदिका बारेमा व्याख्या विश्लेषण गरिएको छ । अध्याय सातमा साम्पाङ भाषामा प्रचलित विभिन्न क्षेत्रका शब्दहरूलाई समेट्ने प्रयास गरिएको छ । आठौं तथा अन्तिम अध्याय निष्कर्ष खण्ड रहेको छ । यस अध्यायमा सारांश, निष्कर्ष, सुझाब र शैक्षिक प्रयोजन तथा उपयोगिता गरी विभाजन गरिएको छ ।

शोध निष्कर्ष

यस शोधपत्रको निष्कर्ष निम्नलिखित रहेका छन् :

- साम्पाङ मूल समुदायका प्रमुख भाषिक क्षेत्र भोजपुर, खोटाङ, सोलुखुम्बु, सङ्खुवासभा, सुनसरी, झापा, इलाम, उदयपुर, मोरङ, काठमाडौँ, ललितपुर लगायत भारतका दार्जिलिङ, सिक्किम, हङ्कङ तथा बेलायतमा समेत बोलिन्छ ।
- भोटबर्मेली भाषा परिवारअन्तर्गत पर्ने यस भाषामा ह्रस्व र दीर्घ गरी जम्मा ९ वटा स्वरवर्ण र २५ वटा व्यञ्जनवर्ण रहेका छन् ।
- साम्पाङ भाषामा नेपालीका 'ट' वर्गका वर्णहरूको प्रयोग पाइँदैन ।
- साम्पाङ भाषामा विकारी र अविकारी नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण, नामयोगी, संयोजक, निपात र विस्मयादिबोधक गरी नौ प्रकारका शब्दहरू रहेका छन् भने अर्थका आधारमा पर्यायवाची, विपरीतार्थक, श्रुतिसमभिन्नार्थक र अनेकार्थक गरी चार प्रकारमा विभाजन गरिएको छ ।
- साम्पाङ भाषामा व्याकरणात्मक कोटिअन्तर्गत लिङ्ग, वचन, पुरुष, काल र पक्ष रहेका छन् ।
- सूचना सञ्चार तथा विज्ञान प्रविधिको विकास स्वरूप सामाजिक आधुनिकीकरणको प्रभावका कारण यो भाषाको संरक्षण र सम्वर्धन गर्नु आजको आवश्यकता देखिन्छ ।

विषयसूची

क्र.स	पेज नं.
अध्याय : एक	
१. शोधपत्रको परिचय	**१-५**
१.१ शोधशीर्षक	१
१.२ शोधप्रयोजनं	१
१.३ समस्याकथन	१
१.४ अध्ययनको उद्देश्य	३
१.५ अध्ययनको औचित्य र महत्त्व	३
१.६ अध्ययनको सीमाङ्कन	४
१.७ अध्ययनको रूपरेखा.	५
अध्याय : दुई	
२. पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणा	**६-३२**
२.१ पूर्वकार्यको समीक्षा	६
२.१.१ पुस्तक तथा लेख समीक्षा	७
२.१.२ शोधकार्यको समीक्षा	८
२.२ साम्पाङ राई भाषाको सैद्धान्तिक परिचय	१२
२.२.१ साम्पाङ राई जाति	१२
२.२.२ साम्पाङ राई जातिको प्रयोग क्षेत्र	१५
२.२.३ साम्पाङ भाषाको शब्दस्रोत	१६
२.२.४ साम्पाङ राईको जनसङ्ख्या	१७
२.२.५ साम्पाङ राई जातिको शैक्षिक अवस्था	१८
२.२.६.१ साम्पाङ राई मातृभाषा	१८
२.२.६.२ शैक्षिक योग्यता	१८
२.२.६.३ प्राविधिक क्षेत्र	१९

२.२.६.४ राजनीतिक क्षेत्र १९
२.२.७ साम्पाङ राईको पेसा १९
२.२.८ साम्पाङ राईको रहनसहन र भेषभूषा १९
२.३ सामाजिक संस्कारहरू २०
२.४ विवाह संस्कार २३
२.४.१ मागी विवाह २३
२.४.२ चोरी/प्रेम विवाह २६
२.५ सांस्कृतिक संस्कारहरू २७
२.६ साकेला २९
२.७ मृत्यु संस्कार ३०

अध्याय : तिन

३. अध्ययन विधि तथा प्रक्रिया ३३-३५
३.१ अध्ययनको विधि ३३
३.२ नमुना तथा जनसङ्ख्या ३३
३.३ तथ्याङ्क सङ्कलनका स्रोत ३३
३.३.१ प्राथमिक स्रोत ३३
३.३.२ द्वितीयक स्रोत ३४
३.३.३ सामग्री सङ्कलन प्रक्रिया ३४
३.४ तथ्याङ्क विश्लेषण ३४

अध्याय : चार

४. साम्पाङ भाषा ३६-४०
४.१ साम्पाङ भाषाको परिचय ३६
४.२ नामकरण ३७

अध्याय : पाँच

५. साम्पाङ भाषाको विशेषता **४१-४३**

अध्याय : छ

६. साम्पाङ भाषाको व्याकरण व्यवस्था **४४-६६**

६.१ साम्पाङ भाषाको व्याकरण व्यवस्था ४४

६.१.१ साम्पाङ भाषामा शब्दवर्ग ४४

६.१.२ कार्यका आधारमा शब्दवर्ग ४५

६.१.२.१ नाम ४५

६.१.२.२ सर्वनाम ४६

६.१.२.३ विशेषण ४७

६.१.२.४ क्रिया ५८

६.१.२.५ क्रियायोगी ४९

६.१.२.६ नामयोगी ४९

६.१.२.७ संयोजक ४९

६.१.२.८ निपात ५०

६.१.२.९ विस्मयादिबोधक ५०

६.१.३ अर्थका आधारमा शब्दवर्ग ५०

६.१.३.१ पर्यायवाची शब्द ५१

६.१.३.२ विपरीतार्थक शब्द ५२

६.१.३.३ श्रुतिसमभिन्नार्थक शब्द ५२

६.१.३.४ अनेकार्थक शब्द ५४

६.१.४ साम्पाङ भाषाको वर्णविन्यास ५५

६.१.४.१ साम्पाङ भाषामा ह्रस्व र दीर्घ ५५

६.१.४.२ अनुनासिकता ५६

६.१.४.३ हलन्तको प्रयोग ५६

६.१.४.४ साम्पाङ भाषामा द्विस्वर ५७

६.१.४.५ साम्पाङ भाषामा महाप्राण ५८

६.१.५ साम्पाङ भाषामा वर्णव्यवस्था ५८
६.१.५.१ साम्पाङ भाषामा व्यञ्जनवर्ण ५८
६.१.५.२ साम्पाङ भाषामा स्वरवर्ण ६२
६.१.६ साम्पाङ भाषामा पाइने व्याकरणात्मक कोटि ६३
६.१.६.१ लिङ्ग ६३
६.१.६.२ वचन ६३
६.१.६.३ पुरुष ६३
६.१.६.४ काल ६४
६.१.६.५ पक्ष ६५
६.१.७ निष्कर्ष ६५

अध्याय : सात

७. साम्पाङ भाषाका प्रचलित शब्दहरू ६७-९०
७.१ साम्पाङ भाषामा प्रचलित विभिन्न क्षेत्रका शब्दहरू ६७
७.१.१ धातुहरूको नाम ६७
७.१.२ पंक्षीहरूको नाम ६८
७.१.३ घरपालुवा जनावर ६९
७.१.४ जंगली जनावर ७०
७.१.५ अन्नको नाम ७१
७.१.६ किराहरूको नाम ७२
७.१.७ फलफूलको नाम ७३
७.१.८ जडीबुटीको नाम ७५
७.१.९ घरमा प्रयोग गरिने सामग्रीहरू ७५
७.१..१० मानव शरीरका अङ्गहरू ७७
७.१.११ अङ्क तथा सङ्ख्यासम्बन्धी शब्दहरू ८२
७.१.१२ रङ्गको नाम ८५
७.१.१३ बाह्र महिनाको नाम ८२
७.१.१४ दिशा जनाउने शब्द ८३

७.१.१५ स्वाद बुझाउने शब्द ८४
७.१.१६ सातवार (दिन) जनाउने शब्द ८५
७.१.१७ समयसम्बन्धी बुझाउने शब्द ८६
७.१.१८ साम्पाङ राईको भेषभूषा बुझाउने पोसाकको नाम ८७
७.१.१९ ऋतु बुझाउने शब्दहरू ८८
७.१.२० साइनो (नाता) बुझाउने शब्दहरू ८९
७.२ निष्कर्ष ९०

अध्याय : आठ

८. सारांश, निष्कर्ष, सुझाव, शैक्षिक प्रयोजन तथा उपयोगिता ९१-९७
८.१ सारांश ९१
८.२ निष्कर्ष ९३
८.३ सुझाव ९५
८.४ शैक्षिक प्रयोजन तथा उपयोगिता ९६

सन्दर्भसूची
परिशिष्ट
व्यक्तिगत विवरण

अध्याय एक
शोधपत्रको परिचय

१.१ शोधशीर्षक

प्रस्तुत अध्ययनको शीर्षक *साम्पाङ राई भाषाको अध्ययन* रहेको छ ।

१.२ शोधप्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभागको स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको उद्देश्य पूरा गर्ने प्रयोजनका लागि तयार गरिएको हो ।

१.३ **समस्याकथन**

भाषा नितान्त विचार आदान प्रदानको एउटा सशक्त माध्यम हो । भाषालाई मानवीय वस्तुको रूपमा पनि लिइन्छ । यो मानव समाजमा नै जन्मन्छ, समाजमा नै हुर्कन्छ र समाजमा प्रयोग गरिन्छ । मानवीय आवश्यकता पूरा गर्नका लागि संसारमा धेरै भाषाहरू जन्मिएका छन् । ती भाषाहरूका आ-आफ्नै शाखा र हाँगाबिगाका रूपमा विकास र विस्तार भएका छन् । क्षेत्रफलका आधारमा नेपाल सानो मुलुक भए तापनि यहाँ विभिन्न जातजाति र भाषाभाषीहरू बसोबास गर्दछन् । नेपालमा बोलिने प्रमुख भाषा परिवारहरू भारोपेली भाषा परिवार, भोटबर्मेली भाषा परिवार, द्रबिडेली भाषा परिवार, आग्नेली भाषा परिवार र एकल भाषा परिवार गरी जम्मा पाँच भाषा परिवारहरू रहेका छन् । २०६८ सालको जनगणनाले नेपालमा १२३ भाषाहरू रहेका छन् । यसरी नेपाल बहुभाषिक, बहुसांस्कृतिक, बहुजातीय र बहुधार्मिक मुलुक हो । नेपाली भाषा बाहेक अन्य भाषालाई २०४७ सालपूर्व नेपालको संविधानले खासै स्वीकार नगरेको अवस्था थियो । यसर्थ नेपाल बहुभाषिक बहुसांस्कृतिक, बहुजातीय र बहुधार्मिक परिस्थितिलाई संवैधानिक मान्यता नदिनु एउटा समस्या हो । २०४७ सालको राजनैतिक परिवर्तन पश्चात बनेको नेपालको संविधान २०४७ ले राष्ट्रभाषा र राष्ट्रिय भाषाको रूपमा सम्बोधन गर्ने प्रयास गरेको पाइन्छ (नेपालको संविधान २०४७) । गणतन्त्रात्मक नेपालको अन्तरिम संविधान २०६३ ले पनि नेपालमा बोलिने विभिन्न जातजातिका मातृभाषाहरूलाई राष्ट्रिय भाषाको मान्यता दिएको छ । यसै

क्रममा नेपालको संविधान २०७२ ले भाग १ को धारा ६ को राष्ट्रभाषामा नेपालमा बोलिने सबै मातृभाषाहरूलाई राष्ट्रभाषाका रूपमा मान्यता दिएको छ (नेपालको संविधान २०७२) ।

नेपालको सिङ्गो भाषिक र सांस्कृतिक धरोहर भनेको विविध जातजाति, भाषाभाषी र संस्कृतिको समुच्चयात्मक रूप हो । यहीँ समुच्चयात्मकभित्र साम्पाङ भाषा र संस्कृति मौलाएको छ । साम्पाङ जातिलाई समग्र राई जाति भनी चिंनिदै आएको भए तापनि यस जातिको आफ्नै भाषा, धर्म, संस्कृति, सामाजिक रीतिरिवाज, संस्कार, मूल्यमान्यता, भेषभूषा र निजीभूमि भएकाले गर्दा अरु जातिको झैँ आफ्नै जातीय पहिचानका लागि भिन्न मापदण्ड बनाई छुट्टै जातिको सूचीकरण गर्न अध्ययन अनुसन्धानमा प्रयत्नशील तरिकाले लागि परेका छन् । साम्पाङ राई भाषीहरू नेपाल अधिराज्यभरका विभिन्न सहर, जिल्ला र गाउँहरूमा छरिएर बसोबास गर्दै आएको पाइन्छ । विशेष पूर्वी नेपालका खोटाङ, भोजपुर, ताप्लेजुङ, इलाम, मोरङ, झापा, सुनसरी, उदयपुर जिल्लाहरू तथा राजधानी काठमाडौं, ललितपुर र भक्तपुर जिल्लामा समेत बसोबास गर्दै आएका छन् (साम्पाङ राई सं, २०६४: च) । जो जहाँ रहे तापनि पूर्णत किरात साम्पाङ राई समुदायको धर्म, भाषा, संस्कृति, रीतिरिवाज र अस्तित्व छुट्टै हुनुपर्ने हो तर अन्य जातिको भाषा, संस्कृति र परम्पराले प्रभावित क्षेत्रहरूमा बसोबास गर्ने साम्पाङ राईहरूको भाषागत लवजहरू, उच्चारणगत त्रुटिहरू र कर्मकाण्डहरूमा फरक हुनु स्वाभाविक हो । यसकारण किरात साम्पाङ राई समुदायमा आपसी सहभाव, धर्म, भाषा, संस्कृति, मूल्यमान्यता र कर्मकाण्डको परम्परालाई एकीकृत रूपमा संरक्षण, सम्वर्धन र विकास गर्नु आजको आवश्यकता हो ।

विद्यालय शिक्षणमा माध्यम भाषाका रूपमा नेपाली हुनु र अङ्ग्रेजी भाषाको बढ्दो प्रभाव रहनु, नेपाली मातृभाषी बाहेकका विद्यार्थीहरूलाई कुन भाषाको माध्यमले शिक्षण गर्ने भन्ने अन्यौल तथा नेपाली र अङ्ग्रेजी भाषालाई प्रधान भाषाको रूपमा मानिनु, सरकारी कामकाजमा नेपाली भाषालाई प्राथमिकता दिनु जस्ता कारणले यो भाषाको लोप र अपक्षय हुँदै जानु अहिलेको जल्दोबल्दो समस्या हो । यसर्थ साम्पाङ राई भाषाको अध्ययन विश्लेषण गर्नु शोधकार्यको समस्या हो ।

यसरी प्रस्तुत शोधपत्र साम्पाङ राई भाषामा देखिएका निम्नलिखित समस्याहरूमा केन्द्रित रहेका छन् ।

(क) साम्पाङ भाषाको स्वरुप कस्तो छ ?

(ख) यस भाषाको के-कस्ता विशेषता छन् ?

(ग) साम्पाङ भाषाको व्याकरण व्यवस्था कस्तो छ ?

(घ) साम्पाङ भाषामा के-कस्ता शब्दहरू प्रयोग भएका छन् ?

१.४. अध्ययनको उद्देश्य

कुनै पनि शीर्षकमा आधारित भएर अध्ययन अनुसन्धान गर्दा उद्देश्य मेरुदण्डको रूपमा रहन्छ । साम्पाङ भाषा साम्पाङ समुदायको जातिले बोल्ने मातृभाषा हो । यसर्थ *साम्पाङ भाषाको अध्ययन* शीर्षकमा शोधकार्य सम्पन्न गर्नको लागि उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) साम्पाङ भाषाको परिचय दिनु,

(ख) साम्पाङ भाषाको विशेषताहरू पहिचान गर्नु,

(ग) साम्पाङ भाषाको व्याकरण व्यवस्था निरूपण गर्नु,

(घ) साम्पाङ भाषामा प्रचलित शब्दहरूको सङ्कलन गर्नु ।

१.५ अध्ययनको औचित्य र महत्त्व

नेपाल बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र बहुजातीय मुलुक हो । नेपाल भौगोलिक हिसाबले सानो देश भए पनि भाषाका आधारमा बहुभाषिक राष्ट्र हो । नेपालको संविधान २०७२ ले नेपाललाई सातवटा प्रदेशमा विभाजन गरिएको छ । संविधानले जे भने तापनि मूलतः हिमाल, पहाड र तराई गरी तिन प्रदेश मिलेर बनेको नेपालमा विभिन्न जातजातिका मानिसहरू बसोबास गर्दछन् । नेपाल अधिराज्यको संविधान २०४७ को धारा १८ को उपधारा २ ले मातृभाषामा शिक्षा दिने गरी विद्यालयको स्थापना र सञ्चालन गर्न मातृभाषाको विषय थप गरी बालबालिकाहरूले मातृभाषामा प्राथमिक शिक्षा पाउन सक्ने मौलिक हक प्रदान गरी प्रारम्भ गरेको पाइन्छ (नेपाल अधिराज्यको संविधान, २०४७) । यसर्थ विद्यालय तहको शिक्षा आ-आफ्नो मातृभाषामा दिनु अनिवार्यता रहन्छ ।

नेपालमा विभिन्न भाषा परिवारमध्ये भोटबर्मेली भाषा परिवारअन्तर्गत साम्पाङ राई भाषा पर्दछन् । नेपालमा बसोबास गर्ने विभिन्न जातजातिहरूमध्ये साम्पाङ पनि एक महत्त्वपूर्ण भाषा हो । यस अर्थमा देशका सम्पूर्ण जातजाति, भाषा, संस्कृति, साहित्य र कलाको विकास गरी जगेर्ना र उत्थान गर्नुपर्दछ । नेपालमा बसोबास गर्ने विभिन्न जातजातिका भाषिक साहित्यलाई पनि समृद्धशाली बनाउनुपर्दछ । नेपालमा बसोबास गर्ने विभिन्न जातिहरूमध्ये साम्पाङ राई पनि एक आदिवासी जनजातिअन्तर्गत पर्ने एक जाति हो । तर यस जातिका आधारमा हेर्दा भाषा, संस्कृति, साहित्य, कला र लेखरचनाहरू लोप

हुँदै गएको अवस्था छ । यस्तो लोप हुँदै गएको कुराहरूको संरक्षण, सम्वर्धन र विकास गर्नु सम्पूर्ण जातिको अधिकार र कर्तव्य हो । नेपालमा बोलिने विभिन्न परिवारका भाषाहरूको संरक्षण र सम्वर्धन गर्नु एक पक्षले मात्र सम्भव हुँदैन । यसको लागि सरकारी तवरदेखि लिएर राष्ट्रिय स्तरमा र स्थानीय तहदेखि आआफ्नो समुदायले सामूहिक र व्यक्तिगत रूपमा अध्ययन अनुसन्धान गर्न समेत अनिवार्य हुन आउँछ । यी माथिका कुराहरूका आधारमा यस अध्ययनको महत्त्व निम्नानुसार रहको छ :

(क) नेपालमा बोलिने सम्पूर्ण भाषाहरूको तथ्याङ्क पत्ता लगाउन साम्पाङ राई भाषाको अध्ययन अनुसन्धान कार्यले सहयोग पुऱ्याउनेछ ।

(ख) यस अध्ययनबाट साम्पाङ राई भाषाको बारेमा विभिन्न जानकारी तथा देश विदेशमा रहने व्यक्तिहरूका लागि खोज अनुसन्धान गर्न सहयोग गर्नेछ ।

(ग) साम्पाङ राई भाषाको अध्ययनले अन्य मातृभाषाको अध्ययन अनुसन्धान गर्न अनुसन्धानकर्तालाई थप सहयोग पुऱ्याउनेछ ।

(घ) नेपालमा बोलिने सम्पूर्ण मातृभाषाको विकास लगायत संरक्षण र सम्बर्धन गर्न पनि केही मात्रामा मद्दत पुग्नेछ ।

(ङ) साम्पाङ राई भाषामा प्रकाशित साहित्यिक लेखरचना, शब्दकोश र अन्य विभिन्न सामग्रीहरूको प्रयोग गर्न चाहने व्यक्तिहरू एवम् भाषिक स्थितिको बारेमा रुचि राख्ने भाषिक वक्ताहरूलाई पनि थप प्रोत्साहन र टेवा पुग्नेछ ।

१.६ अध्ययनको सीमाङ्कन

कुनै पनि अध्ययन अनुसन्धान गर्ने विषयको क्षेत्र व्यापक र विस्तृत रहेको हुन्छ । अध्ययन अनुसन्धानको क्रममा सम्पूर्ण पक्षलाई समेट्न नसकिने भएकोले त्यस्ता व्यापक र विस्तृत विषयक्षेत्रलाई घटाएर सीमित गर्नु पर्ने हुन्छ । अध्ययन अनुसन्धानको विषयवस्तुलाई सीमितीकरण नगरेर व्यापक र फराकिलो बनाउन खोजेमा त्यस्तो अध्ययन अनुसन्धान नटुङ्गिने हुन सक्छ । त्यसैले अध्ययनको क्षेत्रलाई निश्चित सीमाभित्र बाँधेर अगाडि बढाउनु पर्दछ । अनुसन्धानको क्षेत्र र सीमा स्पष्ट भयो भने अध्ययन अनुसन्धान व्यवस्थित किसिमले अगाडि बढ्न सक्छ । यस्ता क्षेत्र स्पष्ट भएन भने अनुसन्धान सीमाबाट बाहिर गई उद्देश्यसम्म नपुग्न सक्छ । तसर्थ यस अध्ययनको सीमाङ्कन निम्नानुसार रहेका छन् :

(क) प्रस्तुत शोधकार्य भोजपुर जिल्लाको भैंसीपङ्खा, श्यामसिला, बोया, दोभाने गा.वि.स. र सुनसरी जिल्लाको हाँसपोसा उपमहानगरपालिकामा बसोबास गर्ने साम्पाङ राई मातृभाषी वक्ताहरूमा सीमित रहेका छन् ।

(ख) साम्पाङ राई भाषाको भाषिक अवस्था, प्रयोगकर्ता, प्रयोगक्षेत्र र साम्पाङ भाषाको विभिन्न क्षेत्रको शब्दसूचीसम्बन्धी यस अध्ययनलाई सीमित गरिएको छ ।

(ग) साम्पाङ भाषाको शब्दवर्गअन्तर्गत कार्यका आधारमा (नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी, संयोजक, निपात र विस्मयादिबोधक), अर्थको आधारमा (पर्यायवाची, विपरीतार्थक, श्रुतिसमभिन्नार्थक र अनेकार्थक शब्द) र वर्णविन्यासको अध्ययन गर्न सीमित गरिएको छ ।

(घ) साम्पाङ भाषामा व्याकरणात्मक कोटिअन्तर्गत लिङ्ग, वचन, पुरुष, काल र पक्षको अध्ययनमा सीमित रहेको छ ।

(ङ) साम्पाङ राई जातिको सामाजिक, सांस्कृतिक पक्ष र शैक्षिक अवस्थाको अध्ययनमा केन्द्रित रहेको छ ।

(च) साम्पाङ भाषामा प्रचलित विभिन्न शब्दहरूको सङ्कलन गर्नमा केन्द्रित रहेको छ ।

१.७ अध्ययनको रूपरेखा

प्रस्तुत शोध अध्ययनको रूपरेखा निम्नानुसार रहेको छ ।

अध्याय एक : शोधपत्रको परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा तथ सैद्धान्तिक अवधारणा

अध्याय तिन : अध्ययन विधि तथा प्रक्रिया

अध्याय चार : साम्पाङ भाषा

अध्याय पाँच : साम्पाङ राई भाषाको विशेषता

अध्याय छ : साम्पाङ राई भाषाको व्याकरण व्यवस्था

अध्याय सात : साम्पाङ राई भाषामा प्रचलित विभिन्न क्षेत्रका शब्दहरू

अध्याय आठ : सारांश, निष्कर्ष, सुझाब र शैक्षिक प्रयोजन तथा उपयोगिता

सन्दर्भसूची

परिशिष्ट

व्यक्तिगत विवरण

अध्याय दुई
पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणा

२.१. पूर्वकार्यको समीक्षा

अनुसन्धानका विषयमा अध्ययन गर्नुभन्दा अगाडि त्यस विषयसँग सम्बन्धित अध्ययन अनुसन्धान के-कति भएका छन् भन्ने कुराको सिंहावलोकन गर्नु नै पूर्वकार्यको समीक्षा हो । अनुसन्धानका सिलसिलामा सम्बन्धित सम्पन्न गरिएका कार्यहरू पुस्तक, पत्रपत्रिका, लेख, शोध, प्रबन्ध, प्रतिवेदन आदिको व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (सम्प्रेषण, २०६९ : ४४) । अनुसन्धान गर्नुभन्दा पहिले सम्बन्धित विषयमा लेखिएको ग्रन्थ अनुसन्धान पत्रपत्रिका तथा अन्य श्रव्यदृश्य सामग्री पढेर, सुनेर, अध्ययन मनन गरेर र तिनको सङ्क्षिप्त टिप्पणीमूलक समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (भट्टराई, २०६८ : १२६) । शोधार्थीले शोधकार्यको आरम्भ गर्दा वा त्यसका निमित्त शोधप्रस्ताव तयार गर्दा आफूले शोध गर्न चाहेको विषयमा त्यसपूर्व के-कति अध्ययन, खोज, अनुसन्धान तथा प्रकाशन कार्य भएका छन् भन्ने कुराको जानकारी प्राप्त गर्नु पर्ने हुन्छ जसलाई पूर्व कार्यको खोज भनिन्छ (ओझा र गिरी, २०५८ :५३-५४) । भाषासम्बन्धी पूर्व अध्ययनहरू के-कति भएको छन् खोजी गरी विविध जानकारी प्राप्त गर्नु शोधकार्यलाई व्यवस्थित बनाउनु हो । नेपालमा बोलिने पाँच परिवारमध्ये भोटबर्मेली भाषा परिवारभित्र साम्पाङ राई भाषा पर्दछ । साम्पाङ भाषी वक्ताहरूको मातृभाषा साम्पाङ हो । साम्पाङ राई भाषीहरूको मातृभाषा साम्पाङ भए पनि यो भाषा अझै व्यवस्थित तरिकाले विकास भई नसकेको र शिक्षण प्रक्रियामा माध्यम भाषाको रूपमा नरहेको अवस्था देखिन्छ । यसर्थ साम्पाङ भाषालाई संरक्षण र विकास गर्ने प्रयास किरात साम्पाङ राई जुम्लेखा नेपालले गरिरहेका छन् ।

नेपाल भाषिक दृष्टिकोणले धनी देश हो । यहाँ पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म विभिन्न भाषा परिवारअन्तर्गतका भाषा प्रयोक्ताहरू पाइन्छन् । नेपालमा बोलिने चार भाषा परिवारमध्ये भोटबर्मेली भाषा परिवारका वक्ताहरूअन्तर्गत साम्पाङ राई भाषा पर्दछ । यी भाषिक वक्ताहरूको मातृभाषा साम्पाङ राई नै हो । साम्पाङ राईहरूले यो भाषालाई पहिलो भाषाको रूपमा प्रयोग गर्दछन् । साम्पाङ राईहरूको मातृभाषा साम्पाङ भए तापनि सरकारी

कामकाजको भाषा र शिक्षण प्रक्रियाको माध्यम भाषा नेपाली भएकोले यस भाषा र साहित्यलाई व्यवस्थित गर्न नसकिएको ठहर यो भाषाका वक्ताहरूको रहेको छ । त्यसकारण यो भाषालाई संरक्षण र सम्वर्धन गर्न साम्पाङ भाषा साहित्यको प्रचारप्रसार, संस्कृतिको जगेर्ना गरी भाषिक उत्थान गर्न सकिन्छ । यसर्थ साम्पाङ राई भाषाको अध्ययनलाई क्रमबद्ध, उपयोगी र व्यवस्थित बनाउन सहयोग पुगोस् भन्ने उद्देश्यले आवश्यक पुस्तक र शोधकार्यको समीक्षा निम्नानुसार गरिएको छ ।

२.१.१ पुस्तक तथा लेख समीक्षा

अधिकारी र भट्टराई(२०७०) द्वारा *प्रयोगात्मक नेपाली शब्दकोश* प्रकाशित गरिएको छ । प्रयोगात्मक नेपाली शब्दकोशमा भाषाका शब्दहरूलाई आवश्यकता अनुसार उच्चारण, व्युत्पति, पदकोटि, प्रयोग, वर्णविन्यास, शब्दको अर्थ, व्याख्या, परिभाषा, पर्याय, प्रयोग र विपरीतार्थक आदिको चर्चा गरी शब्दसम्बन्धी विभिन्न जानकारी दिँदै क्रमबद्ध उल्लेख गरिएको छ । यस शब्दकोश निमार्णको क्रममा शब्दकोशको मूल प्रविष्टिको स्वरुप र त्यसका विषयमा दिइने सूचनाहरूबारे अध्ययन गरिएको पाइन्छ । यस शब्दकोशमा विशेषतः शीर्ष शब्द (मानक वर्णविन्यास), उच्चारण, व्याकरणिक सूचनाः पदकोटि, व्युत्पति, रूप आदि, स्रोत र व्युत्पति, अर्थ (परिभाषा, व्याख्या र उदाहरण) पदावली र टुक्का, समानार्थक शब्द तथा विपरीतार्थक शब्दको बारेमा उल्लेख गरिएको छ ।

नेपाल प्रज्ञा- प्रतिष्ठान (२०४०) द्वारा *नेपाली वृहत् शब्दकोश* प्रकाशन गरिएको छ । यस शब्दकोशमा कोशसम्बन्धी सत्य तथ्य जानकारी, नयाँ नयाँ शब्दहरूको खोज अनुसन्धान गरी निर्माण गरिएको छ । मूलतः नेपाली बहत् शब्दकोशमा शब्दचयन तथा प्रविष्टि अनुक्रम, व्युत्पत्ति, अर्थलेखन र वर्णविन्यास आदि प्रमुख खण्डमा उल्लेख गरिएको छ । यस शब्दकोशमा सङकेतसूची तथा चिह्नसूचीद्वारा शब्दकोशलाई व्यवस्थित बनाएको पाइन्छ ।

किरात साम्पाङ राई जुम्लेखा नेपाल (२०७२) द्वारा *मुद्दुम* प्रकाशित गरिएको छ । किरात साम्पाङ राईको महत्त्वपूर्ण पुस्तक मुद्दुम हो । यस पुस्तकमा विशेष गरी किरात साम्पाङ राईहरूको आदिम थलोमा हाल प्रचलित भाषा, संस्कृति र रीतिरिवाजलाई मुख्य आधार मान्दै तयार पारिएको छ । यस पुस्तक साम्पाङ राईको जातिगत अस्तित्व बचाइ राख्न जन्मदेखि मृत्युसम्म गरिने विधिविधान र मूल्यमान्यताको जगेर्ना र उत्थानका लागि तयार गरिएको पाइन्छ ।

ओड् (२०६३) द्वारा *साम्पाङ - नेपाली - अङ्ग्रजी शब्दकोश* प्रकाशित गरिएको छ । यो शब्दकोशमा साम्पाङ, नेपाली, अङ्ग्रजी भाषाको प्रयोग गरेको पाइन्छ । साम्पाङ राई शब्दकोशमा 'अ' वर्णदेखि 'ह' वर्णसम्मको शब्दको अर्थ उल्लेख गरेको पाइन्छ । यसरी प्रस्तुत शब्दकोशमा विभिन्न भाषासम्बन्धी शब्दार्थहरू रहेका छन् ।

राई साम्पाङ (२०६२) द्वारा *किरात खम्बु साम्पाङ राई सङ्क्षिप्त परिचय* नामक पुस्तक प्रकाशित गरिएको छ । यस पुस्तकमा किरात साम्पाङ राईहरूको सामान्य परिचय, भाषा, धर्म, संस्कृतिका बारेमा चर्चा गरिएको पाइन्छ । मूलतः यस पुस्तकमा नेपालको किराती राज्य शासनको अन्त्य, पृथ्वी र मानव सृष्टिबारे सङ्क्षिप्त चर्चा, किरात खम्बु साम्पाङ राईहरूको धर्म, भाषा, तथा संस्कृति एक चिनारी, नेपाली-साम्पाङ-अङ्ग्रेजी शब्दहरू र विभिन्न जीवजन्तु तथा मालसामानको नामहरूको बारेमा उल्लेख गरिएको छ ।

किरात साम्पाङ राई जुम्लेखा नेपाल (२०७०) द्वारा *खकलूङ वर्ष १ अङ्क १* अर्धबार्षिक पत्रिका प्रकाशन गरिएको छ । उक्त पत्रिकामा किरात साम्पाङ राई जातिको पहिचानको खोजी गरौँ, भाषा, साहित्य, संस्कृति र सभ्यताको संरक्षण गरौँ भन्ने भनाइका साथमा साम्पाङ राई एन्ड इङ्लिस प्रोनोमिनल्स : अ कम्प्यारेटिभ स्टडि, किरातबारे छोटो चिनारी, कविता, साकेला छाम्, सबार्ल्टन, किराती साहित्य, संस्कारहीन संस्कार, महिला अधिकार र आदिवासी जनजाति महिला, किन मर्छन् जनजाति पत्रिका, नेपाली समाज विगत र वर्तमान एक विश्लेषण र जुम्लेखा नेपालको ऐतिहासिक पृष्ठभूमि आदि विभिन्न लेखहरूको विश्लेषण गरिएको पाइन्छ ।

राई 'साम्पाङ' (२०७०) द्वारा *साम्पाङ वर्णमाला* नामक पुस्तक प्रकाशित गरेको छ । उक्त पुस्तकमा साम्पाङ स्वर वर्ण, व्यञ्जन वर्ण, जनावरहरूको नाम, पंक्षीहरूको नाम, घरमा प्रयोग गरिने सामग्रीहरू, जडीबुटीको नाम, हातहतियार, खानेकुरा, मानव शरीरका अङ्गहरूको नाम, अङ्क, बाह्र महिना, भेषभूषा र साम्पाङ भाषाका शब्द र वर्गीकरण आदि विषयहरूमा उल्लेख गरिएको पाइन्छ ।

२.१.२ शोधकार्यको समीक्षा

थापा (२०६५) द्वारा *दैलेखमा बोलिने मगर ढुट भाषाको अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको छ । यस शोधपत्रको मुख्य उद्देश्य मगर ढुट भाषाको परिचय दिन, मगर ढुट भाषाको व्याकरण व्यवस्था निरूपण गर्नु रहेको छ । उक्त शोधकार्यका लागि विभिन्न प्राथमिक र गौण स्रोतहरूको प्रयोग गरिएको पाइन्छ । जसमा प्राथमिक स्रोतका रूपमा

शोधकर्ता स्वयम् मगर भाषी भएकोले स्वयम्द्वारा आधारभूत शब्दहरू सङ्कलन गरिएको पाइन्छ । त्यसैगरी गौण स्रोतका रूपमा पुस्तकालयीय विधिहरू, शोधपत्रहरू, पत्रपत्रिका आदिद्वारा सामग्री सङ्कलन गरी अध्ययन गरिएको छ ।

राई (२०६५) द्वारा *थुलुङ भाषा : एक अध्ययन* नामक शोधपत्र तयार गरेको पाइन्छ । उक्त शोधपत्रमा राईहरूले बोल्ने थुलुङ भाषाको विस्तृत अध्ययन तथा विश्लेषण गरेको पाइन्छ । उक्त शोधकार्यको मुख्य उद्देश्य थुलुङ राई भाषाको परिचय दिनु रहेको पाइन्छ । यस अध्ययन प्राथमिक तथा द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरी तयार गरिएको पाइन्छ ।

राई (२०६६) द्वारा *नाछिरिङ भाषा : एक अध्ययन* शीर्षकमा शोधपत्र तयार गरेको पाइन्छ । प्रस्तुत अध्ययनमा नाछिरिङ भाषाको जातीय परिचय दिनु, नाछिरिङ भाषाको भाषिक क्षेत्र, वर्ण व्यवस्था र शब्दवर्गको आधारमा भाषिक स्वरूपको पहिचान गर्नु, नमुना शब्द र विभिन्न क्षेत्रका शब्दहरू सङ्कलन गर्नु साथै सम्बन्धित पक्षलाई आवश्यक सुझाव दिनु मुख्य उद्देश्य रहेको पाइन्छ । यस शोधपत्र तयार गर्ने क्रममा प्राथमिक र द्वितीयक दुवै स्रोतको उपयोग गरिएको पाइन्छ । प्राथमिक स्रोतको रूपमा कथ्य भाषा भएकोले भाषिक समुदायमा आधारित भएर सूचना सङ्कलन गरिएको तथा सैद्धान्तिक र प्रयोगात्मक विश्लेषणका लागि पत्रपत्रिका, पाठ्यपुस्तकहरूलाई द्वितीयक सामग्रीको रूपमा लिएको पाइन्छ । यस शोधपत्र तयार गर्दा नाछिरिङ जातिको सामाजिक, आर्थिक, धार्मिक पक्षको विश्लेषण, नाछिरिङ भाषाको शब्दस्रोत, वर्ण व्यवस्थाको पहिचान, व्याकरणिक कोटिका आधारमा शब्दवर्गको पहिचान, वाक्य निर्माण ढाँचा, विभिन्न क्षेत्रका शब्दहरूको व्याख्या विश्लेषण गरी अध्ययन पत्र तयार गरेको पाइन्छ ।

बस्नेत (२०६८) द्वारा *काइके भाषा : एक अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । उक्त शोधको मुख्य उद्देश्य लोपोन्मुख अवस्थामा रहेको काइके जातिहरूको परिचय दिनु, भाषिक क्षेत्र पत्ता लगाउनु, उनीहरूको सामाजिक जीवनशैलीका बारेमा बताउनु र काइके भाषामा व्याकरण व्यवस्था पत्ता लगाउनु रहेका छन् । यस अध्ययनमा विभिन्न प्राथमिक तथा द्वितीयक स्रोतबाट सामग्रीहरूको सङ्कलन गरिएको पाइन्छ । यस्ता विधि तथा सामग्रीहरूको प्रयोग गरी अध्ययनलाई व्यवस्थित गरेर तयार गरिएको पाइन्छ ।

राई (२०६७) द्वारा *चाम्लिङ भाषाको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त अध्ययन पत्रमा चाम्लिङ जाति र भाषाको सङ्क्षिप्त परिचय दिनु, व्याकरण

पहिचान गर्नु, दुई सयवटा शब्दसूची तयार गर्नु, स्वडेश एकसय शब्दसूची सङ्कलन गर्नु मुख्य उद्देश्य रहेका छन् । प्रस्तुत शोधमा चाम्लिङ भाषी वक्ताहरूसँग भेटघाट, अन्तर्क्रिया, प्रश्नावलीमा आधारित भई सामग्री सङ्कलन गरिएको छ । वर्तमान समयमा चाम्लिङ शब्दकोश, पत्रपत्रिका प्रकाशन, शब्दभण्डारको विस्तार, नेपालीमा जस्तै मूल शब्द र व्युत्पन्न शब्द रहने कुराको अध्ययन विश्लेषण गरी यो शोधपत्र तयार गरिएको छ ।

दाहाल (२०६७) द्वारा *वाम्बुले भाषाको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको छ । यस शोधपत्रको उद्देश्य ओखलढुङ्गामा रहेका वाम्बुले भाषाको परिचय दिनु, वाम्बुले भाषाको प्रयोगकर्ता र क्षेत्र पहिचान गर्नु, वाम्बुले भाषाको व्याकरण व्यवस्था निरूपण गर्नु, वाम्बुले भाषाको शब्दभण्डार सङ्कलन गर्नु, वाम्बुले भाषा र नेपाली भाषाका बिच समानता र असमानताको अध्ययन गर्नु रहेका छन् । प्रस्तुत शोधपत्र ओखलढुङ्गा जिल्लाको थाक्ले गाउँ विकास समिति वडा नं. ५ र आसपासमा बोलिने वाम्बुले राईहरूसँगको अन्तर्क्रियाबाट सामग्री सङ्कलन गरिएको छ । उक्त अध्ययन पत्र तयार गर्दा नेपाली भाषामा विभिन्न प्रकारका प्रश्नावली तयार पारी ती प्रश्नको उत्तर वाम्बुले भाषामा भन्न लगाएर सामग्री सङ्कलन गरिएको छ । प्रस्तुत शोधपत्र वाम्बुले भाषा सम्बन्धी विभिन्न पुस्तक, पत्रपत्रिका, लेखरचना र भाषाविज्ञहरूसँगको अन्तर्वार्ता र छलफलबाट प्राप्त सुझावहरूलाई आधार मानी अगाडि बढाइएको छ ।

सुवेदी (२०६८) द्वारा *लेप्चा भाषा : एक अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । प्रस्तुत अध्ययनको उद्देश्य लेप्चा भाषाका जातिगत परिचय दिनु, लेप्चा भाषाको व्याकरण व्यवस्था निरूपण गर्नु, लेप्चा भाषामा पाइने विभिन्न क्षेत्रको शब्दभण्डार सङ्कलन गर्नु रहेको छ । यस भाषाको अध्ययन गर्ने क्रममा प्राथमिक र द्वितीयक दुवै स्रोतबाट सामग्री सङकलन गरेको पाइन्छ । लेप्चा जातिको जातिगत परिचय, बसोबास क्षेत्र, लेप्चा भाषाको उत्पत्ति र विकास, वर्ण व्यवस्था, लिपिको व्यवस्था, भाषाको शब्दभण्डार, शब्दवर्गअन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रिया, काल, पक्ष, लिङ्ग, वचन, पुरुष आदिको व्याख्या र विश्लेषण गरी यस शोधपत्र तयार गरेको पाइन्छ ।

राई (२०६९) द्वारा *कुलुङ भाषाको अध्ययन* नामक शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधकार्यमा कुलुङ जाति र भाषाको परिचय दिनु, कुलुङ भाषाको विशेषता पहिचान गर्नु, कुलुङ भाषाको स्वडेश सय शब्दसूची तयार पार्नु मुख्य उद्देश्य रहेको छ । प्रस्तुत सोलुखुम्बु जिल्लाको महाकुलुङ मानिने बुङ छेस्काम र गुदेल गाउँ विकास समितिमा

बोलिने कुलुङ भाषालाई मुख्य आधार बनाएर व्यक्तिगत सम्पर्क, अन्तर्वार्ता, विचार विमर्श गरी समाग्री सङ्कलन गरेका छन् । नेपाली भाषामा प्रश्नावली बनाइ कुलुङ भाषामा उत्तर भन्न लगाएर सामग्री सङ्कलन गरी यस अध्ययन पत्रलाई व्यवस्थित बनाएको देखिन्छ । यस अध्ययनमा कुलुङ भाषाको पुरोहित, युवा तथा बुढापाकासँग समेत सामूहिक तथा व्यक्तिगत रूपमा अन्तर्वार्ता गरी अध्ययनको विश्लेषण गरिएको छ । कुलुङ भाषाको जातित्वदेखि लिएर भाषा, धर्म, भेषभूषा र सामाजिक अवस्थाको समेत विश्लेषण गरी अध्ययन पत्र तयार गरिएको छ ।

रावत (२०७०) द्वारा *राउटे भाषाको अध्ययन* शीर्षकमा शोधकार्य तयार गरिएको पाइन्छ । यस शोधकार्य राउटे जाति र भाषाको परिचय दिनु, विस्तृत शब्दसूची राउटे भाषामा सङ्कलन गर्नु, राउटे भाषामा शब्दसूची तयार पार्नु आदि उद्देश्यमा केन्द्रित रहेको पाइन्छ । मूल रूपमा क्षेत्रीय सामग्री सङ्कलन विधिमा आधारित भएर शोधकार्य गरिएको छ ।

हमाल (२०७२) द्वारा *करेलीकाँडे खाम भाषाको अध्ययन* शीर्षकमा अध्ययन गरिएको पाइन्छ । उक्त शोधकार्य जम्मा ५ अध्याय र १८+६८ पृष्ठाङ्कमा सम्पन्न गरिएको छ । यस शोधकार्य करेलीकाँडे खाम भाषाको परिचय दिनु, व्याकरण व्यवस्था निरूपण गर्नु, सङ्क्षिप्त शब्दभण्डार निर्माण गर्नु जस्ता उद्देश्यमा केन्द्रित रहेको छ । यस भाषाको शोधकार्य सम्बन्धित भाषाको खोज र विश्लेषण गरी विभिन्न स्रोत सामग्रीहरूमा व्यक्तिगत भेटघाट, सोधनी, प्रश्नावली, अन्तर्वार्ता, टेप रेकर्डरबाट सङ्कलन गरिएको पाइन्छ । उक्त शोधपत्र तयारका लागि त्रिपुराकोट गा.वि.स. को करेलीकाँडाको तिनवटा गाउँलाई आधार क्षेत्र मानिएको छ । प्रस्तुत शोधकार्यमा विभिन्न भाषाहरूमध्ये करेलीकाँडे खाम भाषा डोल्पाली भाषिका, खामभाषा र काइके भाषाको तुलना गरी शोधपत्रलाई सम्पन्न गरिएको छ ।

राई (२०७३) द्वारा *वान्तवा भाषाको अध्ययन* शीर्षकमा अध्ययन गरिएको छ । उक्त शोधपत्रको उद्देश्य वान्तवा भाषाको भाषिक शब्द वर्गको विश्लेषण गर्नु र वान्तवा भाषामा व्याकरणात्मक कोटिहरूको स्वरूप पहिचान गर्नु रहेको छ । प्रस्तुत शोधपत्रको निर्धारित उद्देश्यहरू पुरा गर्न क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । शोधपत्रमा खोटाङ जिल्लाको वाब्लुखा गाँउ विकास समितिभित्रको वडा. नं. १ वोम्लुङ वडा. नं. ३ लेखान्ची र वडा. नं. ५ दितुङ गरी तिनवटा वडालाई केन्द्रविन्दु मानी वान्तवा भाषाको शब्दवर्ग र

वान्तवा भाषामा व्याकरणात्मक कोटिहरूको स्वरूपको पहिचान गरी अध्ययन पत्र तयार पारिएको छ । वान्तवा भाषा र नेपाली भाषाको शब्द वर्ग बिचको तुलना, वान्तवा भाषाको शब्द वर्गभित्र नाम, सर्वनाम, विशेषणको अध्ययन गरी शोधपत्र तयार पारिएको छ । वान्तवा भाषाको परिचय, वान्तवा मातृभाषी सङ्ख्या, वान्तवा भाषाको विशेषताहरूको चर्चा गरिएको छ । यस शोधपत्रमा जनसङ्ख्या क्षेत्र, नमुना छनोट, सामग्री सङ्कलन विश्लेषण प्रक्रिया र सामग्री सङ्कलन विधि आदि मुख्यमुख्य विषयमा अध्ययन गरिएको पाइन्छ ।

यसरी प्रस्तुत शोधकार्यहरू एकअर्कामा अन्तरसम्बन्धित रहेका छन् । उक्त शोधकार्यको पूर्व समीक्षाले यस अध्ययनलाई व्यवस्थित र नियमित बनाउन सहयोग पुगेको छ । यसर्थ यस्ता विविध भाषामा अनुसन्धान भए तापनि प्रस्तुत शोधको शीर्षकमा अनुसन्धान नभएकोले गर्दा *साम्पाङ राई भाषाको अध्ययन* शीर्षकमा अनुसन्धान गर्नु उपयुक्त र सान्दर्भिक ठानी यो अध्ययनलाई अगाडि बढाइएको छ ।

२.२ साम्पाङ राई भाषाको सैद्धान्तिक परिचय

२.२.१ साम्पाङ राई जाति

नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन् । नेपालको जनगणना २०६८ अनुसार नेपालमा १२३ मातृभाषाहरू प्रयोगमा आएको पाइन्छ (केन्द्रीय तथ्याङ्क विभाग, २०६८ :४) । एकाध विशेष परिस्थिति बाहेक पहिलो भाषाको सिकाइ आमाको काखबाट सुरु हुने भएकोले पहिलो भाषालाई मातृभाषा मानिन्छ (शर्मा र पौडेल, २०७२) । यसरी आफ्नो समुदायको परिवारबाट पहिलो चरणमा जे बोलिन्छ, जे सिकिन्छ त्यो नै मातृभाषा हो । नेपालको १२३ मातृभाषाहरूमध्ये साम्पाङ राई भाषा पनि एक प्रमुख र भिन्न भाषा हुन् । साम्पाङ राई समुदायमा बोल्ने मातृभाषा साम्पाङ हो । साम्पाङ भाषी वक्ताहरूले आफ्नो दैनिक जीवनमा प्रयोग व्यवहारको क्रममा सञ्चालन र विचार आदान प्रदान गर्नको लागि प्रयोग गर्ने बोलीचाली (जनजिब्रो) को भाषा नै साम्पाङ भाषा हो ।

किरात राई समुदायभित्रका विभिन्न भाषाहरूमध्ये साम्पाङ राई भाषाका सन्दर्भमा प्रयोग प्रचलनमा कहिलेबाट सुरुवात भयो भन्ने कुराको तथ्य अझै फेला परेको पाइँदैन । प्राचीन कालबाट नै साम्पाङ राई भाषा प्रयोग हुँदै आएको अनुमान गर्न सकिन्छ । साम्पाङ राई भाषालाई किरात खम्बु साम्पाङ राई नामले पनि चिन्न सकिन्छ । साम्पाङ भन्ने शब्द कसरी रहन गयो भन्ने सन्दर्भमा पुरानो (मिथक) भनाइअनुसार हालको भोजपुर जिल्ला दोभाने गा.वि.स. अन्तर्गत पर्ने साल्पा भन्ने ठाउँमा साल्पा किरात राजाले राज्य गर्दथे र

राजालाई 'साल्पाहाङ' भन्ने गरिन्थ्यो । तिनै साल्पाहाङको सन्तानहरूले आफ्नो नामपछि साल्पाहाङ जोड्दै गए । यहीँ शब्द पछिका पुस्ताहरूमा आइपुग्दा परिवर्तन भई साम्पाङ शब्द बन्न गएर किरातहरूमध्ये कै एक जातिको रूपमा स्थापित हुन पुग्यो (राई साम्पाङ, २०६२ : १०५) । यसरी साम्पाङ भाषालाई बुझाउन 'साम्पाङ गुङ' भाषाको प्रयोग गरेको पाइन्छ । २०५८ सालको जनगणनाको प्रतिवेदनलाई आधार मान्ने हो भने साम्पाङ मातृभाषी वक्ताहरूको जनसङ्ख्या १०,८१० अर्थात् ०.०५ प्रतिशत रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग २०५८ : ८३) । यसैगरी २०६८ सालको जनगणना प्रतिवेदनले पनि साम्पाङ राई मातृभाषी वक्ताहरूको सङ्ख्या १८२७० अर्थात् ०.०६ प्रतिशत उल्लेख गरेको छ (केन्द्रीय तथ्याङ्क विभाग २०६८) । यसरी साम्पाङ राई भाषाको जातीयता, भाषा, धर्म, परम्परागत प्रचलन, संस्कृति तथा चालचलन, रीतिरिवाज, रहनसहन र मूल्यमान्यता अन्य भाषाको झैँ छुट्टै रहेको पाइन्छ । नेपालको संविधान २०७२ को भाग १ को धारा ६ ले नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन् भन्ने मान्यता दिएका छन् (नेपालको संविधान, २०७२) । यसर्थ किरात खम्बु साम्पाङ राई पनि राष्ट्रभाषाको रूपमा मान्यता प्राप्त भाषा हो ।

किरात साम्पाङ राई भाषाको लेखन पद्धति भने निरन्तर चलिरहेको पाइन्छ । साम्पाङ राई भाषाको लेखनलाई हेर्दा कुनै निश्चित लिपि तथा पूर्ण व्याकरण तयार भएको छैन । यसरी साम्पाङ भाषाको शब्द सङ्कलन गर्न तथा लेख्न आफ्नै लिपि नभएकोले यस कार्यको निम्ति देवनागरी लिपि नै प्रयोग प्रचलनमा रहेको पाइन्छ । साम्पाङ राई भाषा लेखन पद्धतिलाई संरक्षण र विकास गर्न नेपाली भाषा संरक्षण संस्था र भाषाविज्ञान केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालयको तत्त्वावधानमा मिति २०६० माघ २३ गतेदेखि २६ गतेसम्म सञ्चालित तिन दिने गाष्ठीले देवनागरी लिपिमा साम्पाङ राई भाषा लेखन पद्धतिलाई महत्त्व दिएको पाइन्छ । साम्पाङ राई समुदायभित्र पनि राना साम्पाङ, भालु साम्पाङ, बुल्तीम सम्पाङ, बाली साम्पाङ, फाली साम्पाङ, तोरीहाङ, तोमीहाङ, बारमुखी, समारुङ, सामारुङजे, रायङगे छेतापी, दाम्रेवा, रेप्सुना, रामखामा, आदि थुप्रै पाछ्राहरू रहेका छन् (राई, २०६२ : १०६) । यसरी किरात साम्पाङ राई समुदायमा विभिन्न पाछ्राहरू रहे तापनि भाषा, धर्म, संस्कृति, तथा रीतिरिवाज भने समग्र साम्पाङ समुदायको एउटै रहेको पाइन्छ । सामाजिक, सांस्कृतिक, भाषिक आधारले गर्दा आफ्नै अस्तित्वले भरिपूर्ण जातिको रूपमा साम्पाङ राई भाषालाई लिन सकिन्छ । किरात साम्पाङ राई समुदायमा धेरै पाछ्राहरू भएकोले केही भाषामा फरकपन देखिए तापनि साम्पाङ समुदायभित्रको भाषा, धर्म, संस्कृति,

रीतिरिवाज र मूल्यमान्यता भने एउटै हुन्छ । किरात साम्पाङ राईहरूको मुख्य चाडपर्वको रूपमा साकेला (चन्डी नाच), दशैं, तिहार, माघेसक्रान्ति, साउनेसक्रान्ति आदिलाई मानिन्छ । साम्पाङ राईहरूको मुख्य पेसा कृषि, पशुपालन र केहीमात्रामा सैनिक सेवामा कार्यरत रहेका छन् । किरात खम्बु साम्पाङ राईहरूको सृष्टिकर्ता रुमाहाङ, पारुहाङ र सुम्नीमा हुन् भने वर्तमान अवस्थामा साम्पाङ राईको पूर्खा खचुलुप्पा, नगेनी र तमाखेमालाई मानिएका छन् । किरात साम्पाङ राईहरूको शैक्षिक अवस्थालाई हेर्दा ४० देखि ४५ प्रतिशतको हाराहारीमा रहेको छ । समग्र राई जातिको तुलनामा साम्पाङ राई जातिको शैक्षिक अवस्था सन्तोषजनक रहेको पाइन्छ । किरात खम्बु साम्पाङ राई समुदायको पुर्ख्यौली थलो खोटाङ जिल्लाको पाथेका, खार्ताम्छा, वास्पानी र फेदी गा.वि.स. मानिए पनि हाल देशका विभिन्न जिल्लाहरू विशेष गरी भोजपुर, आखलढुङ्गा, सङ्खुवासभा, ताप्लेजुङ, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, उदयपुर, काठमाडौं, ललितपुर साथै विदेशमा खासगरी भारतको सिक्किम, दार्जिलिङ, आसाम, हङ्कङ, बेलायत, अमेरिका र सिङ्गापुर आदि देशहरूमा छरिएर रहेका छन् (किरात साम्पाङ राई जुम्लेखा नेपाल, २०७२ : च) । नेपालका प्रमुख पाँचवटा भाषा परिवारमध्ये भोटबर्मेली भाषा परिवारअन्तर्गत पर्ने किरात साम्पाङ राई एक प्रमुख जाति हो । नेपालमा प्राचीनकालदेखि हालसम्म बसोबास गरी आएका जातजातिहरूले आदिवासीको मान्यता पाएका ५९ जातजातिहरूमध्ये ४२ औं क्रम (स्थान) मा पर्ने किरात खम्बु राई पनि एक हो । किरात खम्बु साम्पाङ राई समुदायभित्र पनि धेरै थर तथा उपसमूहहरू रहेका छन् । यी किरात राईका विभिन्न थर र उपसमूहहरूमध्ये किरात खम्बु साम्पाङ राई एक प्रमुख जाति हो । यस किरात खम्बु साम्पाङ राई जातिको आफ्नै भाषा, संस्कृति, धर्म, परम्परा तथा सम्पूर्ण रीतिरिवाजहरू रहेका छन् । यस्ता किरात खम्बु राई समुदायभित्र छुट्टै भाषा, धर्म, संस्कृति तथा रीतिरिवाज र अस्तित्व बोकेको किरात साम्पाङ राई समुदाय पनि एक प्रमुख जाति हो । नेपालको राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदनअनुसार ६८ ओटा उपसमूहहरू रहेका छन् । जुन उपसमूहहरूलाई पाछाले छुट्याइने गरिन्छ । यसरी विभिन्न क्षेत्रमा बसोबास गर्दै आएको किरात खम्बु साम्पाङ राई प्रमुख जातिको रूपमा रहेको पाइन्छ । साम्पाङ राई भाषाको व्याकरण व्यवस्था पनि रहेको छ । साम्पाङ राई भाषाको आफ्नै प्रकृतिको वर्ण व्यवस्था रहेको छ । साम्पाङ भाषा स्वर र व्यञ्जन वर्ण व्यवस्था पनि भएको भाषा हो । साम्पाङ

भाषा नासिक्य ध्वनिले प्रमुखता पाएको भाषा हो । यो भाषा अन्य भाषाको तुलनामा विविध दृष्टिले फरक र सामान्य प्रकृतिको रहेको छ ।

किरात राई समुदायभित्रको विभिन्न भाषाहरूमध्ये साम्पाङ राई भाषाको प्रयोग र प्रचलनमा कहिलेबाट सुरुवात भयो भन्ने कुराको तथ्यलाई हर्दा विभिन्न किम्वदन्ती (मिथक) भनाइहरू रहेको पाइन्छ । 'साम्पाङ' भन्ने शब्द वा जातको सृष्टि कसरी भयो भन्ने सम्बन्धमा पुरानो (मिथक) भनाइअनुसार हालको भोजपुर जिल्ला दोभाने गा.वि.स. अन्तर्गत पर्ने साल्पा भन्ने ठाउँमा साल्पा किरात राजाले राज्य गर्दथे र राजालाई किरात साम्पाङ भाषामा 'हाङ' भनिने हुँदा साल्पाको त्यस राजालाई 'साल्पाहाङ' (साल्पाको राजा) भन्ने गरिएको पाइन्छ । तिनै साल्पाहाङको सन्तानहरूले आफ्नो नामपछि साल्पाहाङ जोड्दै गए । यो शब्द पछिका पुस्ताहरूमा आइपुग्दा परिवर्तन भएर 'साम्पाङ' बनी किरातहरूमध्येकै एक जातिको रूपमा स्थापित हुन पुग्यो । यही साल्पाबाट साल्पाहाङको सन्तानहरू छरिदै गएर विभिन्न ठाउँहरूमा साम्पाङहरूको बसोबास क्षेत्र फैलिएको पाइन्छ । साम्पाङ राई जातिको आदिम मूल थलो भोजपुर जिल्लाको दोभाने गा.वि.स. को साल्पा भन्ने ठाउँ रहेको छ । त्यसपछि प्रमुख बसोबास क्षेत्र खोटाङ जिल्लाको वासपानी, खार्ताम्छा, पाथेका, र फेदी गा.वि.स. लाई लिइएको पाइन्छ । यसबाहेक भोजपुर जिल्लाको विभिन्न गा.वि.स., सुनसरी जिल्ला, उदयपुर, तेह्रथुम, पाँचथर, काठमाडौँ, ललितपुर जिल्लाको विभिन्न ठाउँहरूमा बसोबास गर्दै आएका किरात खम्बु साम्पाङ राई जातिको रूपमा रहेको छ ।

२.२.३ **साम्पाङ राई जातिको प्रयोग क्षेत्र**

साम्पाङ राई जातिलाई किरात खम्बु साम्पाङ राई भनिन्छ । किरात खम्बु साम्पाङ राई समुदायको आदिम थलो भोजपुर जिल्लाको दोभाने गा. वि. स. को साल्पा भन्ने ठाउँलाई मानिन्छ । साल्पा भन्ने ठाउँमा 'साल्पाहाङ' भन्ने राजाले राज्य गर्दथे । साम्पाङ भाषामा राजालाई 'हाङ' भन्ने गरिन्थ्यो । तिनै साल्पाहाङ भनिने राजाको सन्तानहरूले आफ्नो नामपछि साल्पाहाङ जोड्दै गए । यसै शब्दलाई पछि विकसित हुँदै साम्पाङमा स्थापित भयो । त्यहीँ साल्पाबाट साल्पाहाङको सन्तान (दाजुभाइ) हरू छुट्टिएर हाल खोटाङ जिल्लाको फेदी गा.वि.स. को वडा. नं. ९ पर्ने कलँसुलाई पनि साल्पा पछिको प्रमुख बसोबास क्षेत्र मानिन्छ ।

किरात खम्बु साम्पाङ राईको प्रमुख बसोबास क्षेत्र खोटाङ जिल्लाको बास्पानी, खार्ताम्छा, फेदी र पाथेका गा.वि.स.लाई मानिएको छ । यस अध्ययनअनुसार साम्पाङ राई

जातिको प्रयोग क्षेत्रलाई हेर्दा भोजपुर जिल्लाकै साम्पाङ गा.वि.स. टक्सार, भैंसीपङ्खा, बोया गा.वि.स लगायत थुप्रै ठाउँहरूमा बसोबास गर्दै आएको पाइन्छ । साम्पाङ राई समुदायको समग्र बसोबास क्षेत्र र भाषाको प्रयोग क्षेत्रलाई हेर्दा खोटाङ, भोजपुर, सुनसरी, मोरङ, इलाम, झापा, ताप्लेजुङ, सङ्खुवासभा, ओखलढुङ्गा, उदयपुर, काठमाडौं, ललितपुर आदि थुप्रै जिल्लाहरू र विदेशको स्थानहरूमा भारतको सिलाङ, मणीपुर, सिकिम, दार्जिलिङ, हङ्कङ, बेलायत, अमेरिका र सिङ्गापुर जस्ता देशहरूमा छरिएर रहेका छन् । साम्पाङ राई भाषा संसारका दशवटा भाषा परिवारमध्ये भोटबर्मेली भाषा परिवारअन्तर्गतको किरात समुदायभित्रको एक प्रमुख र भिन्न भाषा हो । साम्पाङ राई भाषाको अन्य भाषा सरह अस्तित्व रहने भएकोले यस अध्ययनलाई महत्त्वपूर्ण मानिएको छ ।

२.२.४ साम्पाङ भाषाको शब्दस्रोत

कुनै पनि भाषाको सिङ्गो स्वरूप शब्दभण्डारमा अडिएको हुन्छ । शब्दहरू नभइ भाषाले पूर्णता नपाउने भएकोले कुनै पनि भाषामा शब्दको महत्त्व अद्बितीय रहन्छ । साम्पाङ भाषाको शब्दभण्डारमा प्रशस्त मौलिक शब्दहरू छन् तापनि आगन्तुक शब्दहरू छैनन् भन्न सकिदैन । भोटबर्मेली भाषा परिवारका भाषा बोल्ने अन्य जातिहरू शेर्पा, तामाङ, गुरुङ, मगर, भुजेल आदि भाषिक वक्ताहरू बसोबास गर्दछन् । त्यसैगरी भोटबर्मेली भाषा परिवारकै किरात खम्बु मूलका अन्य भाषीहरू कुलुङ, थुलुङ, दुमी, कोयू, नाछिरिङ खालिङ आदि समुदायको बसोबास क्षेत्र मानिन्छ । उक्त भाषिक समुदायहरू साम्पाङ भाषाका छिमेकी भाषीहरू हुन् । शिक्षा, स्वास्थ्य, सञ्चार क्षेत्रमा भएको प्रगति, देश विदेशमा गरिने आन्तरिक तथा बाह्य रोजगारी आदि जस्ता सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, वैवाहिक, शैक्षिक भौगोलिक कारणले भाषिक संसर्ग हुँदा एक भाषामा अर्को भाषाका शब्दहरू प्रवेश गर्ने अवसर पाउँदछन् । यसलाई सामान्य अर्थमा भाषिक प्रक्रिया मानिन्छ । यसर्थ साम्पाङ भाषामा पनि सामाजिक, आर्थिक, भौगोलिक पृष्ठभूमिमा अन्य भाषाको प्रभावबाट अछुतो रहन नसकेको कुरा स्वीकार्नु पर्ने हुन्छ । साम्पाङ राई भाषाको शब्दस्रोतलाई निम्न आरेखद्वारा प्रस्तुत गर्न सकिन्छ :



२.२.५ **साम्पाङ राईको जनसङ्ख्या**

साम्पाङ राई भाषा नेपालको भाषा परिवारहरूमध्ये भोटबर्मेली भाषा परिवारअन्तर्गत पर्ने महत्त्वपूर्ण भाषा हो । भोटबर्मेली भाषा परिवारभित्रको किरात राई समुदायअन्तर्गत पाँचौँ स्थानमा पर्न सफल एक उत्कृष्ट भाषाको रूपमा मानिएको छ । साम्पाङ राई भाषाको प्रयोग गर्ने भाषिक वक्ताहरू यति नै छन् भन्ने कुरा अझै खोज अनुसन्धानको विषय बनेको छ । नेपालको राष्ट्रिय जनगणनाको प्रतिवेदन २०५८ अनुसार साम्पाङ राई भाषाको प्रयोग गर्ने भाषिक वक्ताको सङ्ख्या १०,८१० अर्थात् ०.०५ प्रतिशत रहेको छ । यसैगरी २०६८ सालको राष्ट्रिय जनगणनाको प्रतिवेदनले पनि साम्पाङ राई मातृभाषी वक्ताहरूको सङ्ख्या १८,२७० अर्थात् ०.०६५ प्रतिशत रहेको तथ्य उल्लेख गरेको छ । यस तथ्यलाई हेर्दा साम्पाङ राई भाषाको भाषिक वक्ताहरूको सङ्ख्या वृद्धि भइरहेको अवस्थामा करिब ५०,००० को हाराहारीमा रहेको पाइन्छ । साम्पाङ राई भाषाको उत्थान,

संरक्षण र सम्वर्धनको लागि यो अध्ययन महत्त्वपूर्ण मानिने र अन्य क्षेत्रबाट पनि अध्ययन र अनुसन्धानलाई जोड दिँदै आएको पाइन्छ ।

२.२.६ साम्पाङ राई भाषाको शैक्षिक अवस्था

शिक्षा भन्नाले मानव व्यवहारमा ल्याउने सकारात्मक परिवर्तन हो । त्यसैले भाषामा शिक्षाको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । किरात साम्पाङ राईहरूको शैक्षिक अवस्थाको स्थितिलाई हेर्दा खासै सन्तोषजनक पाइँदैन । साम्पाङ राईहरूको वास्तविक शैक्षिक तथ्याङ्कहरू पाइएको छैन । तर अनुमानको आधारमा किरात खम्बु साम्पाङ राईहरूमा साक्षरता प्रतिशत २५-३० रहेको छ र उच्च शिक्षा प्राप्त गर्नेको सङ्ख्या ५ प्रतिशत रहेको अनुमान छ (राई, २०६२ :१५३) । यसरी साक्षरता प्रतिशत कम हुनु उच्च शिक्षा प्राप्त गर्नका लागि अग्रसरता नदेखाउनु साम्पाङ राई भाषाको कमजोरी पक्ष हो । तर यस अध्ययनअनुसार सुनसरी जिल्लाको शैक्षिक अवस्थालाई यसप्रकार प्रस्तुत गरिन्छ ।

२.२.६.१ साम्पाङ राई मातृभाषा

यस अध्ययनमा साम्पाङ राई मातृभाषा बोल्न जान्ने र नजान्ने गरी दुई प्रकारले प्रस्तुत गरिएको छ ।

(क) मातृभाषा जान्ने : १२१६ (४६.०%)

(ख) मातृभाषा नजान्ने : १४२६ (५४.०%)

(स्रोत : जि. शि. का., २०६६/०६७ को तथ्याङ्क विवरण, सुनसरी)

२.२.५.२ शैक्षिक योग्यता

सुनसरी जिल्लामा रहेको साम्पाङ राईको २०६६/२०६७ को तथ्याङ्कअनुसार शैक्षिक योग्यतालाई अध्ययन गर्दा निरक्षर, साक्षर, एस.एल.सी, प्रमाण पत्र, स्नातक, स्नातकोत्तर र पी.एच.डी गरी छुट्टाछुट्टै रूपमा प्रस्तुत गरिएको छ ।

(क) निरक्षर : ३५० (१३.२%)

(ख) साक्षर : १५६१ (५९.१%)

(ग) एस.एल.सी : ३३२ (१२.६%)

(घ) प्रमाण पत्र : २३८ (९.०%)

(ङ) स्नातक : १२२ (४.६%)

(च) स्नातकोत्तर : ३४ (१.३%)

(छ) पी.एच.डी : ५ (०.२%)

२.२.५.३ प्राविधिक क्षेत्र

(क) स्टाफ नर्स : ३%

(ख) एम.डी : २%

(ग) गायक : १%

(घ) प्रोफेसर : १%

२.२.५.४ राजनीतिक क्षेत्र

(क) भुपूमन्त्री : १

(ख) सभासद : १

(स्रोत : जि. शि. का., २०६६/०६७ को तथ्याङ्क विवरण, सुनसरी)

२.२.७ साम्पाङ राईको पेसा

किरात साम्पाङ राईहरूको पेसालाई हेर्दा परम्परागत रूपमा सिकार खेल्ने र खेतीपाती गर्ने चलन रहेको पाइन्छ । वर्तमान तथा आधुनिक समयको पेसालाई हेर्दा किरात साम्पाङ राईहरूको प्रमुख पेसा खेतीपाती र पशुपालन नै रहेको छ भने दास्रो पेसा भनेको वैदेशिक रोजगार हो । यसैगरी किरात साम्पाङ राई भाषिक वक्ताहरूको पेसा बेलायती, हङकङ, भारतीय सैनिक सेवामा केही प्रतिशत पेसागत सेवा ओगट्न सफल रहेको पाइन्छ । साम्पाङ राईहरूको पेसागत रूपमा व्यापारको क्षेत्रमा ज्यादै न्यून रहेको पाइन्छ । पेसाको दृष्टिकोणले साम्पाङ राईहरूको आर्थिक अवस्था सामान्य रहेको पाइन्छ ।

२.२.८ साम्पाङ राईको रहनसहन र भेषभूषा

साम्पाङ राईहरूको रहनसहन र भेषभूषा अन्य किरात राईहरूको जस्तै रहेको पाइन्छ । साम्पाङ राईहरूले सामान्य स्तरको खाना खाने, पोसाक लगाउने र सामान्य किसिमले नै जीविकोपार्जन गर्ने गरको पाइन्छ । साम्पाङ राईहरूको स्त्रीहरूले लगाउने पोसाकहरूमा गुन्यू, चौबन्दी चोली, बर्की (पछ्यौरा), कम्बरमा पटुकी आदि प्रमुख हुन् । बालबालिकाको पोसाकमा बालिकालाई पाँच सात वर्षमा गुन्यूचोली दिने र बालकलाई पनि पाँच सात वर्षमा दौरा सुरुवाल (छेवार) दिने प्रचलन रहेको छ । यस कार्यलाई हेर्दा गुन्यूचोली र दौरा सुरुवाल नदिइ लगाउन हुँदैन भन्ने मान्यता रहेको पाइन्छ । साम्पाङ राईको स्त्रीहरूले लगाउने गरगहनाहरूमा मुख्य गरी सुनबाट बनाइएको नाकमा ढुङ्ग्री, बुलाकी, कानमा मारवाडी, चेप्टे सुन, कानेढुङ्ग्री, घाँटीमा चाँदीको हारी, मोहर (आठनी),

सुका र चाँदीकै सिक्काबाट बनाइएको रेजी (माला) लगाउने गरिएको पाइन्छ । साम्पाङ राई जातिको विवाहित स्त्रीहरूले घाँटीमा हरियो र रातो पोते लगाउने, हात र खुट्टामा चाँदीबाट बनाइएको कल्ली (चुरा जस्तै), नौगेडी लगायत शिरबन्दी लगाउने प्रचलन रहेको पाइन्छ ।

किरात साम्पाङ राई पुरुष जातिको भेषभूषा परम्परागत रूपको पोसाक दौरा सुरुवाल, ज्वारीकोट (फँगा), टोपी नै प्रमुख रहेका छन् । साम्पाङ राईमा पुरुष जातिले लगाउने गरगहना भने त्यस्तो विशेष प्रकारको छैन । किरात साम्पाङ राईहरूको परम्परागत विविध भेषभूषा आफ्नो जातीय पहिचान र अस्तित्व झल्काउने गहना (आभूषण) को रूपमा लिइएको पाइन्छ । यस्तो परम्परागत भेषभूषाले जातीय गौरवको अनुभूति र महत्त्व दिलाउन सक्ने रहनसहन र भेषभूषा भए तापनि वर्तमानमा आएर आधुनिकताको नाममा विदेशी भेषभूषाप्रति आकर्षित भइरहेको अवस्था साम्पाङ राई जातिको नयाँ पिँढीहरूले देखाइरहेको छ । साम्पाङ राई जातिमा यस्तो हुनु भनेको परम्परागत मान्यता र मर्यादा जस्ता विशेष पक्षको उपेक्षा गर्नु हो । त्यसैले साम्पाङ राई समुदायको बुद्धिजिवी र जानिफकारको भनाइअनुसार भविष्यमा आफ्नो भेषभूषा पहिचान र गौरवको महत्त्व र अस्तित्व इतिहासको पानामा र शब्दशब्दमा पाउन नसकिने कुरा जानकारी गराएको पाइन्छ । यसर्थ साम्पाङ राई जातिको जातीय पहिचान, भाषा, धर्म, संस्कृति र परम्परागत मान्यताहरूलाई जीवित राख्दै भाषाप्रतिको संरक्षण र सम्वर्धन गर्नु पर्ने कुरा देखिएको छ ।

२.३ सामाजिक संस्कारहरू

किरात खम्बु समाजमा रहेका विभिन्न थरहरूमध्ये किरात खम्बु साम्पाङ राई महत्त्वपूर्ण भाषा हो । नेपाल जस्तो मुलुकमा धेरै जातजाति, भाषाभाषी रहेका छन् । किरात खम्बु राईहरूमध्ये साम्पाङ राईहरूको पनि छुट्टै सामाजिक संस्कारहरू रहेको पाइन्छ । भाषा मूलतः सामाजिक वस्तु हो । समाजमा नै जन्मन्छ र समाजमा प्रयोग हुन्छ । भाषा वाक्प्रतीकहरूको व्यवस्था हो जुन प्रतीकहरूले सामाजिक मान्छेका आस्था, सामाजिक व्यवस्था र सामाजिक संस्कृतिका विभिन्न आचारव्यवहारको प्रतिनिधित्व गरिरहेको हुन्छन् । यसर्थ कुनै पनि समाज तथा जातिको आ-आफ्नै किसिमका परम्परा र संस्कारहरू रहेका हुन्छन् । किरात साम्पाङ जातिको न्वारान, पास्नी, छेवार, गुन्यूचोलो र विवाह जस्ता सामाजिक संस्कारहरू रहेका छन् ।

किरात साम्पाङ राईहरूको घरमा बच्चा जन्मेपछि न्वारान गर्ने चलन रहेको छ । शिशु जन्मदा कुनै जाति, पाछा र नामविना जन्मिएको हुन्छ । जसलाई जाति, पाछा र नाम

दिएर एक मानवको रूपमा स्थापित गर्नको लागि न्वारान गरिन्छ । साम्पाङ राईको बालिका जन्मिएको पाँच दिनमा र बालक जन्मिएको छ दिनमा न्वारान गरिएको पाइन्छ । यस विधिलाई जन्मसंस्कार भनिन्छ । तर बच्चा जन्मेको एक दुई दिनमा नै अर्को साल लागि हाल्ने भए दोमासे हुने भएकोले पाँच वा छ दिन नपुगी शिशुको न्वारान गर्ने परम्परा रहेको छ । न्वारान गर्नको लागि घरको बुढापाका व्यक्ति हुनु पर्दछ । साम्पाङ राई समुदायमा घरको बुढापाका व्यक्ति नभए दाजुभाइभित्रको जेठोपाको व्यक्तिलाई बोलाइ न्वारान गरिएको पाइन्छ । यस्तो कार्यमा गाउँघरका दाजुभाइ, छोरीचेलीहरू र नजिकको नातेदारलाई बोलाएर यो संस्कारलाई सम्पन्न गरिन्छ । किरात साम्पाङ राई जातिको जन्म संस्कारलाई सामाजिक संस्कारको एउटा महत्त्वपूर्ण पक्ष मानिएको छ । साम्पाङ राई समुदायमा न्वारान गर्दा कोदो, मर्चा र पानी (लुङ्चा, खाबेला र कँवा), काँसे थालमा चामल (बखँपी सीरा), दियो (मीकूछु), रक्सी (खामवा), काँक्रो (खोक्बा), अदुवा (बीछ्रू), तितेपाती, फूल र दुबोको जोडी कलश, बच्चालाई लगाइदिने कपडा, बच्चालाई हात, खुट्टा र कम्बरमा लगाइदिने धागोको डोरी आदि सामग्रीहरूको प्रयोग गर्ने चलन छ ।

साम्पाङ राई भाषीको शिशु जन्मेपछि न्वारान अनिवार्य गर्नु पर्दछ । यो कर्म गर्ने दिन घर चोख्याउने गरिन्छ । न्वारान गर्दा आवश्यक सम्पूर्ण सामग्रीहरूलाई घरभित्र राख्ने गरेको पाइन्छ । साम्पाङ राईको शिशु र आमा दुवै जनाले नुहाइ अगेनातिर फर्केर बसी काँसेथालमा चामल राखी त्यसमाथि दियो बालेर उनीहरूको अगाडि राख्ने गरेको पाइन्छ । यति गरिसकेपछि बुढापाकाले आशिर्वाद दिँदै बच्चाको नामकरण गरेको पाइन्छ । यसरी आशिर्वाद दिँदै अदुवा, कलशको पानी र कोदो, मर्चा मिसाएको पानीले बच्चा र आमा दुवैको शरीरमा छर्किएर परिवारको सदस्यहरू, त्यहाँ उपस्थित नरनाताहरू र घरको चारै दिशा छर्किने चलन छ । यस कार्य गर्दा छोरा भए भाले र छोरी भए पोथी कुखुरा काटेर सुत्केरीलाई खुवाउने गरिन्छ । छोरा भए कर्दा र छोरी भए खुर्पा बच्चाको कोक्रोमा रक्षाको लागि सिउरी दिने चलन छ । बच्चाको दुवै हात खुट्टा र कम्बरमा धागोको डोरी लगाएर तथा कपडा ओडाइ दिएर मानवको रूपमा स्थापित गरिन्छ । त्यसपछि बच्चा र आमालाई खाना दिइन्छ । यसरी आफ्नै परम्पराअनुसार साम्पाङ राईहरूले आफ्नो बच्चाको न्वारान गर्ने चलन रहेको पाइन्छ ।

किरात साम्पाङ राईहरूले बच्चा जन्मेको तिनदेखि छ महिनाभित्र राम्रो दिन पारेर बच्चालाई खाना खुवाउने चलन रहेको छ । यस खाना खुवाउने विधिलाई नै पास्नी

भनिन्छ । छोरी भए तिन वा पाँच महिना पुगेपछि र छोरा भए चार वा छ महिना पुगेपछि खाना खुवाइन्छ । यो कार्य गर्दा सबै दाजुभाइ, छोरीचेली, मावली र नजिकको नातेदारहरूलाई निम्तो गर्ने चलन छ । यस समुदायमा पास्नी गर्दा दही र चामलको टीका, काँसे थालमा चामल, शिशुलाई नयाँ कपडा, दियो र एउटा सिक्का पैसा, चुरा र कल्ली, एक मोहर पैसा, भात, तरकारी र रक्सी, दुँबो, तितेपाती, भिमसेनपाती, फूलको जोडी कलश आदि सामग्रीहरूको प्रयोग गरिएको पाइन्छ ।

साम्पाङ राईहरूको बालकलाई दिने कपडा र गरगहना सबैलाई नाङ्लोमा राखेर कलशको पानी र टीकाले पूजा गरेर बच्चालाई लगाइदिने गर्दछ । बच्चा छोरी भए छोरी साथीसँग र छोरा भए छोरा साथीसँग अगेनातिर फर्काएर बसाइन्छ । उनीहरूको अगाडि काँसे थालमा चामल राखी दियो बाल्दै कलश र टीका त्यहीँ राखिसकेपछि एक जना बुढापाका व्यक्तिले पितृको नाममा अक्षता र टीका अर्पण गर्दछन् । किरात साम्पाङ राईहरूले शुभकार्य गर्दा टीका लगाउनु पर्ने भए श्रीमान् श्रीमती दुवै रहेको जोडिबाट सुरु गरिन्छ । बालकलाई आशिर्वाद दिँदै टीका लगाइदिए पछि आठ आनाको सिक्का पैसाले बच्चालाई खाना र तरकारी चार वा छ पटक खुवाइदिने चलन रहेको छ । त्यसपछि दाजुभाइ, मावलीहरू र छोरीचेलीहरूले पालैपालो आशिर्वाद दिँदै सिक्का पैसाले खाना खुवाइ दिन्छन् । बालकलाई खाना खुवाइसकेपछि सबै जनाले आ-आफ्नो तर्फबाट उपहार दिई किरात साम्पाङ राई बच्चालाई अन्नप्रासन गराउने रीति रहेको पाइन्छ । अन्य राई जातिको जस्तै गरी साम्पाङ राई जातिको पनि बालकलाई खाना खुवाउने विधि र तौरतरिका रहेको छ ।

परापूर्व कालदेखि पितापूर्खाले गरी ल्याएको परम्पराअनुसार नै किरात साम्पाङ राईहरूले पनि बालकलाई दौरा, सुरुवाल र टोपी दिने कर्म अर्थात् छेवार गर्ने कार्य गरिरहेको पाइन्छ । बालकको उमेर चार वा छ वर्ष पुगेपछि साइत हेरेर छेवार गरिन्छ । साम्पाङ राईहरूको बालबालिकाको छेवार गरेपछि बालक ज्ञानी, बुद्धिमानी बन्ने, रोगव्याधी लाग्दैन भन्ने विश्वास गरिन्छ । यसर्थ साम्पाङ राई भाषाको परम्परागत मान्यता बमोजिम पितापूर्खाको निर्देशनमा छेवार गर्ने चलन रहेको छ । साम्पाङ राई समुदायले पास्नीमा झैँ काँसको थालमा चामल र दियो, सुँगुरको मासु, दियोमा राख्ने सिक्का पैसा, दही, चामल र टिको, फूल, नाङ्लो र टपरा, रक्सी र जाँडको निघार आदि सामग्रीहरूको प्रयोग गरी छेवार गर्दछन् ।

किरात साम्पाङ राई जातिको छेवारमा बालकको कपाल मामाको हातबाट खौरिनु पर्दछ । खौरिएको कपाललाई टपरामा राखेर कसैले नटेक्ने चोखो ठाउँमा राखी बालकलाई नुहाइ दिइन्छ । बालकलाई लगाइदिने कपडा नाङ्लोमा राखेर फूल, अक्षता, टीका र कलशको पानीले छर्किएर पूजा गरी लगाइदिने गर्दछ । यसरी सबै सामग्रीको प्रयोग गरी बाजेबोजु, आमाबुवा र मामाले टीका लगाइदिँदै आशिर्वाद सहित पैसा र उपहार दिने गर्दछन् ।

किरात साम्पाङ राईहरूले सामाजिक संस्कारअनुसार आफ्नो बालिकालाई गुन्यूचोलो दिने चलन रहेको पाइन्छ । बालिकाको उमेर तिन वा पाँच वर्ष पुगेपछि साइत हेरेर यो कर्म गरिन्छ । बालिकालाई गुन्यूचोलो दिने कर्म गर्दा बालिका ज्ञानी, बुद्धिमानी बन्ने र रोगब्याधी लाग्दैन भन्ने विश्वास गरिएको पाइन्छ । गुन्यूचोलो दिँदा दाजुभाइ, मावली, छोरीचेली तथा सम्पूर्ण नरनातालाई निमन्त्रणा गरिन्छ । बालिकालाई दिने कपडा, गरगहना सबैलाई एउटा नाङ्लोमा राखी फूल, अक्षता, कलशको पानी र टीकाले छर्किएर पूजा गरी बालिकालाई लगाइदिने गरिन्छ । गुन्यूचोलो कर्ममा आवश्यक सबै सामग्रीहरू राखिसकेपछि घरमुलीले घरको कुलपितृ, देवीदेवता, सिमेभूमे, देवीदेउरालीको नाममा चोखो पातमा टीका सार्ने गर्दछ । बाजेबोजु नभएमा आमाबाबुले पहिले आफूले टीका लगाएर फूल, कलश र टीकाले बालिकाहरूको दायाँबायाँ दुई पटक छर्किएर आशिर्वाद वाचन गर्दै पैसा र उपहार दिने गरेको पाइन्छ । बालिकाको रोगकष्ट वायु बतासले हिमालपारी कटाइदियोस् भनी उभो छर्किने र बालिकाको रोगकष्ट नदीले बगाएर समुद्रमा पुऱ्याओस् भनेर अक्षता उधो छर्किने गरेको पाइन्छ । यो कर्म नगरी मरेका बालक वा बालिकाको काजकिरिया गर्नुपर्दैन । किरात साम्पाङ राई भाषीको जन्मसंकार, पास्नी, छेवार, गुन्यूचालो दिने कर्म महत्त्वपूर्ण मानिन्छ ।

२.४ विवाह संस्कार

किरात खम्बु साम्पाङ राईहरूमा पनि अन्य जातिको जस्तै आफ्नै संस्कारअनुसार विवाह गर्ने चलन रहेको छ । साम्पाङ राईहरूको विवाह परम्परागत रूपमा मागी विवाह र चोरी वा प्रेम विवाह हुने गरेको पाइन्छ । साम्पाङ राईहरूले विवाह संस्कारलाई मुद्दुमको विधिअनुसार सम्पन्न गर्दछन् ।

२.४.१ मागी विवाह

किरात खम्बु साम्पाङ राईहरूको समुदायमा बुहारी भित्र्याउँदा र छोरीचेली जुवाइँको घरमा दिँदा आफ्नै किसिमको रीति गरिन्छ । घरमा बुहारी ल्याउनु पर्ने भएमा मगनी गर्न

जानु अगावै केटी कसको छोरी हो ? उनीहरूसँग के साइनो पर्दछ ? बेहुलीको पाछा (उपथर) के हो ? सबै कुरा राम्ररी बुझ्नुपर्दछ । केटाकै पाछाभित्र, मामलीसँग, क्षेमादेमा र फुपूको शाखासन्तानभित्र किरात साम्पाङहरूले विवाह गर्न हुँदैन । कसैले साइनो लाग्ने भित्र विवाह गरेमा अशुभ मानिन्छ र यस्तो विवाह गर्नेलाई गाउँ समाजबाटै निकाला गरिन्छ । आजभोलि केटाकेटी आफै मन पराएर प्रेम विवाह गरेको पाइन्छ । सबै कुरा नसोधी प्रेम विवाह गर्दा साइनो लाग्ने भित्र पनि विवाह हुनसक्ने भएकोले किरात साम्पाङ राईहरूले मागी विवाहलाई नै प्राथमिकता दिएको पाइन्छ ।

साम्पाङ राई जातिमा केटी मगनी गर्न जानु अगावै एक जनालाई सारथी बनाएर केटीको माइती घरमा कुरा सोधनी गर्न पठाइन्छ । केटीको माइती घरबाट सारथीले राम्रो वचन अथवा कुरा मिलेको खबर ल्याएपछि मात्र केटाको घरबाट रीतसहित केटी मगनी गर्न पठाइन्छ । केटी मगनी गर्नेदेखि विवाहको छिनोफानो गरिन्जेलसम्मको सम्पूर्ण रीतिविधि सम्पन्न गर्नको लागि दुई जना जानिफकार व्यक्तिहरूलाई कलिया बनाउने गर्दछन् । यसरी कलिया बनाउँदा उनीहरूको सम्मानको लागि जोडि कठुवामा रक्सी राखिदिँदै “यहाँ हाम्रो छोरा/भाइको केटी मगनी गर्न जानको लागि आजदेखि विवाह सकिन्जेलसम्म तपाईंहरूले दुःख गरिदिनु पर्‍यो । तपाईंहरूलाई आजदेखि कलिया बनाएका छौं । यस शुभकार्यलाई सफलतापूर्वक समापन गरिदिनुहोस्” भन्नुपर्दछ । केटाकेटी दुवैतिरको कलिया बन्ने तरिका एउटै हुन्छ । केटाको घरबाट केटी मगनी गर्ने कुरा सोध्न जाँदा केटीपक्षबाट रीति ल्याएर मगनी गर्न आउनु भनेर खबर पठाएपछि केटी माग्न जानुपर्दछ । यसरी केटी मगनी गर्न जाँदा केटा, केटाको बाबु, एक जना साथी, छोरीचेली, दुईतिन जना जानिफकार बुढापाका र कलियाहरू जानुपर्दछ । यसरी जाँदा पहिले केटीको बडाबाबुको घरमा जानुपर्दछ । यो घरलाई ‘धिवत्तङ घर’ भनिन्छ । त्यहाँबाट धिवत्तङलाई साथै लिएर केटीको घरमा कुरा राख्न जानुपर्दछ । केटीको घरलाई ‘गाछीको खीम’ भनिन्छ । त्यहाँ पुगेर जाँड रक्सी र पानीले सगुन गरिसकेपछि केटापक्षको तर्फबाट “होइन मान्यजनहरू हो ! साथीभाइहरू त कुटुम्बहरू पो हुँनुहुँदो रहेछ त । पर बाटोमा भेट भयौं अनि सोधिखोजी गर्दा त कुटुम्बहरूले ए हजुर हामीले त तपाईंहरूको फूलबारीमा फूल फुलेको थाहा पाएर माहुरीको रूपमा माया पिरती गाँस्न आउँदैछौ, हामीलाई मानव फूल फुलेको फूलबारीमा पुर्‍याएर त्यहाँ फुलेको फूल देखाइ दिनुहोस् न” भन्दै घुमाउरो तरिकाले कुरा राख्दछन् । यस्तो कुराहरू स्पष्ट भएपछि केटा पक्षले लगेका कोसेलीहरू खाने गर्दछन् ।

साम्पाङ राईको विवाह दुवै तर्फको कलियाले मुद्दुमअनुसार उचित समय पर्ने गरी (बुहारी) केटी घर भित्र्याउने साइत जुराउँदछन् । यसरी तोकिएको समयमा अथवा उचित साइतको दिन केटापक्षबाट केटी लिन जाँदा स्वयम् केटा (हुनेवाला बेहुला), केटाको बुबा, दुई जना कलिया, दुई जना बुढापाका, दुई जना वात्तोङ भाइ, दुई जना भरिया, कुटुनी र केटाको एक जना साथीसमेत जाने गरिन्छ । यसरी केटी लिन जाँदा लानुपर्ने रीतभाँतहरू केटीको आमालाई आँसुपुछौनी एक पाथी कठुवामा रक्सी र एउट सिक्का पैसा, बुबालाई जोडी कठुवामा रक्सी, धिवत्तङलाई जोडी कठुवामा रक्सी, सारथीलाई जोडी कठुवामा रक्सी, कलियालाई जोडी कठुवामा रक्सी, बाबुको शिर उभौनी एक कठुवा रक्सी र पाँच रुपियाँ पैसा, कुटुनीलाई चार माना रक्सी, ढोगभेट गर्ने एक कठुवा रक्सी र आठ आना पैसा र केटीलाई चिनो सय रुपियाँ, सिन्दुर, सुपारी, थैलीमा एक मोहर पैसा साथमा अन्य गरगहना, लुगाफाटो लगायत सम्पूर्ण कोसेलीहरू लिएर जानुपर्दछ । केटा पक्षको कलियाले त्यहाँ राखिएका रीतभाँतहरूको नामकरण गरिसकेपछि केटा र केटी दुवै जनालाई एकै ठाउँमा राखी केटी पक्षको नातेदारहरूले टीका लगाउँदै आशिर्वाद दिने गर्दछन् । केटी पक्षको कलियाले केटा पक्षको कलियाहरूलाई आठ आनाको एउटा सिक्का पैसा मागेर ढोगभेट गराउने रीति रहेको पाइन्छ । बेहुला र बेहुलीको आमाबुबा साथमा सबै नरनाताहरूलाई साइनोअनुसार ढोगभेट गराउने चलन रहेको छ । साम्पाङ राई जातिको विवाहमा ढोगभेट चलाउँदा त्यहाँ उपस्थित सबै जनालाई आठ आना पैसाले छुवाउँदै बेहुला बेहुलीलाई चिनाउँदै, देखाउँदै अगाडि बेहुली र उसको पछिपछि बेहुलालाई ढोग गर्न लगाउने प्रचलन रहेको छ । ढोगभेट सकिए पछि सबै जनालाई जाँड पानीले सगुन गरी बेहुला बेहुली र जन्तिहरूलाई बेहुलीको घरबाट बिदा गरिन्छ । यो रीति गरिसकेपछि बेहुला बेहुली ससुरालीमा आउजाउ गर्न हुन्छ भन्ने मान्यता रहेको छ । यस रीतिलाई 'पिँढीबास' दिएको भनिन्छ ।

साम्पाङ राई जातिमा सबै नरनाताहरू सहित बेहुला बहुली घर आइपुग्ने बेला घरमा बस्नेहरूले कलश, दियो, दही, चामलको टीका तयार गरी बेहुली भित्र्याउने बेला सासुले घरभित्र ढोकानिर केराको पातमा दही चामलको टीका राखी ढोका थुनेर भित्र उभिने गर्दछन् । त्यसपछि बन्द गरिएको ढोकालाई बेहुलीले खोली सासुले बुहारीलाई हातमा तानेर घरभित्र लाने गर्दछ । त्यसबेला बेहुलीले दायाँ खुट्टाले केराको पातमा राखिएको टीकालाई टेकेर पस्नुपर्दछ र सँगसँगै बेहुला पनि भित्र पसी बेहुला र बेहुलीसँगै बस्नुपर्दछ । यसरी

बुहारी भित्र्याइसकेपछि बेहुलीलाई बेहुलाको घरबाट दिइने कपडा लगाइसकेपछि बेहुलाले सिन्दुर, पोते र गरगहनाहरू लगाइदिने चलन रहेको पाइन्छ । बेहुलाको पक्षबाट आमाबुबा, बाजेबज्यै र सम्पूर्ण नरनाताहरूले आशिर्वाद दिँदै टीका लगाइसकेपछि ढोगाभेटको कार्य सुरु हुन्छ । सबैभन्दा पहिले बेहुलीले बेहुलाको खुट्टा ढोग्ने चलन रहेको छ । यसैगरी साइनोअनुसार उपस्थित सबै नातागोतालाई पालैपालो ढोग्नुपर्दछ । यसरी ढोगभेट सकिएपछि जाँड, रक्सी, मासु र पानी दिएर सगुन गरिन्छ र बेहुलाको आमाले एउटै काँसे डबकाबाट बेहुला र बेहुलीलाई दुई दुई पटक रक्सी पियाएर सगुन गर्ने रीति रहेको पाइन्छ। यस कार्यलाई "जुठो मिसाई दिल मिलाएको" भनिन्छ। कुल पितृलाई बुहारी देखाउने विधि गर्नको लागि एउट कठुवामा रक्सी, काँसे थालमा अदुवा र चामल बेहुला र बेहुलीलाई छुवाएर अगेनाको छेउमा राखेर कुवी वा जानिफकार व्यक्तिले मन्त्र वाचन गर्दै चुल्होमा बुहारी देखाउने चलन रहेको पाइन्छ।

यसरी साम्पाङ राई समुदायमा विधिवत् रूपमा वैवाहिक कार्य पूर्ण रूपमा सम्पन्न भएको मानिन्छ। यस विधिवत् रूपमा सम्पन्न गरिने विवाहलाई मागी विवाह भनिन्छ।

२.४.२ चोरी/प्रेम विवाह

किरात खम्बु साम्पाङ राई जातिमा चोरी वा प्रेम विवाहको सम्बन्धमा कसैकसैको छोरीचेली जवरजस्ती तानेर वा प्रेम गरी आमाबुबाको स्वीकृतिविना चोरी/भगाएर विवाह गरिन्छ भने त्यो चोरी विवाह हो । साम्पाङ राईमा केटाकेटी दुवैका राजी खुसीले गरिने विवाहलाई प्रेम विवाह भनिन्छ । यसरी साम्पाङ राईको छोराले कसैको छोरी भगाइ विवाह गरेमा केटी पक्षको माइती खोज्दै गएर छोरीचेलीलाई भेट गरी राजीसाथ आएको वा विराजी आएको हो सोध्ने कार्य गर्दछ । राजीखुसीले आएको हो भने माइतीहरूले छोडेर जाने गर्दछन् । तर राजी नभएको अथवा जवरजस्ती इच्छा विपरित तानेर ल्याएको बुझिएमा तत्कालै केटा पक्षलाई पाँच सयदेखि एक हजारसम्म रकम र एक पाथी रक्सीसमेत जरिवाना गर्ने चलन रहेको पाइन्छ। त्यसपछि केटापक्षको कलियाले "बा बा हजुर ! हामीले बाटो विरायौँ गलत काम गऱ्यौँ । मान्यजनहरूलाई धेरै चिन्तामा पाऱ्यौँ; त्यसप्रति हामी क्षमाप्राथी छौँ । तपाईंहरूको छोरीचेलीलाई हामीले मानव मायामा अल्झाएका छौँ । हामी माथि रिस नगरिदिनुहोस् भनेर यहाँ धिवत्तङ सबै मान्यजनहरूको सम्मानार्थ सगुन राखी शरण पर्न आएका छौँ हजुर....." भन्दै विन्तीगोचर गर्दछन् । यसरी साम्पाङ राईहरूले केटी पक्षको सम्पूर्ण आमाबुबा र माइतीहरूलाई खुसी पार्ने गर्दछन् । त्यसपछि कहिले विवाहको

विधिविधान गर्ने हो सो कुराको टुङ्गो गर्न कलियाले विधिवत् रूपमा विवाहको प्रक्रिया अगाडि बढाइन्छ ।

२.५ सांस्कृतिक संस्कारहरू

किरात साम्पाङ राई भाषाको सांस्कृतिक परम्परा, मूल्यमान्यता, रीतिरिवाज, रहनसहन अन्य भाषाको झैँ रहेको पाइन्छ । किरात साम्पाङ राई भाषा संस्कृतिका आधारमा महत्त्वपूर्ण मानिन्छ । भाषिक समुदायमा आफ्नै सांस्कृतिक संस्कारहरू रहेका हुन्छन् । तसर्थ साम्पाङ राईको पनि पितृपूजा, साकेला, नागपूजा, चिन्ता (भाइचिन्ता) र सिकारी पूजा आदि सांस्कृतिक पक्षहरू रहेका छन् । यसरी किरात साम्पाङ राई जातिको सांस्कृतिक पक्षहरू पनि विभिन्न रहेका छन् ।

किरात साम्पाङ राईहरूको घरमा सुँवा र तिन चुल्हो राखिएको हुन्छ । हरेक वर्ष एक पटक उधौली लागेपछि हावापानी परिवर्तन भएर धान, कोदो पाक्ने बेला, सयपत्री फूल, घैया धान र अदुवा फलेको समयमा पितृकुल पूजा गर्ने चलन छ । यसरी गरिने पितृपूजालाई सूँवा ढाल्ने भनिन्छ । साम्पाङ राई जातिमा सूँवा र तिन चुल्हो राखिएको ठाउँमा बाख्राको मासु, अन्य जाति र थरका मानिसहरूले छुन हुँदैन भन्ने परम्परागत मान्यता रहेको पाइन्छ । यसरी सबैजना विभिन्न सिली नाच्दै अगेनालाई फन्को मार्दै आफ्नो पितृपूजा सम्पन्न गरिएको पाइन्छ । किरात साम्पाङ राईहरूले पितृपूजा गर्दा मर्चा र नयाँ कोदो, कठुवामा रक्सी, ठूलो अदुवा, धनुवाण र तिर, टेक्ने लठ्ठी, बाँसको ढुङ्ग्रो, चिन्डो, केराको पात, नाङ्लो, दियो, नयाँ चामल, सेउली, सयपत्री फूल, काँसे थाल, भालेपोथी कुखुरा, मासु, तितेपाती, दुँवो, सयपत्री फूलको कलश र हातहतियार आदि सामग्रीहरू प्रयोग गरिएको पाइन्छ ।

साम्पाङ राई जातिको पितृपूजा गर्ने दिन पूजा गर्ने ठाउँमा लिप्नुपर्दछ । त्यस ठाउँमा नयाँ केराको पात, सेउली, अदुवा र सयपत्री फूल चढाउने गरेको पाइन्छ । साम्पाङ राईमा महिला कुबीले पितृपूजा गर्नु हुँदैन भन्ने मान्यता रहेको छ । पूजा गरेको दिन खन्ने जोत्ने र टिप्ने कामहरू गर्नु हुँदैन । नयाँ चामलको भात पकाउनुपर्दछ । पितृ गर्ने ठाउँमा आवश्यक सामग्रीहरू राखी थानथपना बनाउने गरेको पाइन्छ । यसरी थानथपना तयार गरिसकेपछि पितापूर्खाले विभिन्न मन्त्र वाचन गर्दै सम्पूर्ण नागनगेनी, सिमेभूमेसँग बल माग्ने गरेको पाइन्छ ।

किरात साम्पाङ राईहरूले पितृपूजा र नागनगेनीको भक्ति एकै पटक गर्नुलाई नागापूजा (चाम्चे) भनिन्छ । नागा भन्नाले हिन्दु जातिले सप्ताह पुराण लगाए जस्तै हो तर यो कार्य विशेष अवसरको लागि मात्र गरिन्छ । यस पूजा कसैलाई ठुलो रोग लाग्यो, दाजुभाइभित्र विरामी पर्दा, विरामी परेको छोरीचेलीलाई माइती घरको चुल्होले दुःख दिँदा, गाउँघरमा झैँ झगडा भइरहेको घटनालाई नागरे कुवीले (विजुवा) नाग (भक्ति) गरी रोग झार्ने बताएमा, कसैको सन्तान भएन भने सन्तान माग्नको लागि नागा पूजा गरिन्छ । यो पूजा दुई चरणमा गरिएको पाइन्छ । उभौलीमा छिदम् र उधौलीमा रिदम् गर्नुपर्दछ । छिदम् पूजा गर्ने हो भने कुखुराको भाले आवश्यक पर्दछ भने रिदम् पूजा गर्दा सुँगुरको आवश्यकता पर्दछ । यस्तो नागा पूजा गर्नलाई भाले, सुँगुर कोदोको चोखो जाँड, रक्सी, आठआठ पाथी चामल, अदुवा, अदुवाको बोट, ढोलझ्याम्टा, नागरे विजुवा, ढोले, आठ जना मासुमीहरू (नाच्ने स्त्री), केराको पात, चिन्डो र आठआठ वटा वनकेरा आदि सामान तयार गरी बिहान थालेर बेलुका समाप्त गर्ने चलन रहेको छ ।

साम्पाङ राई समुदायको सांस्कृतिक पक्षभित्र पर्ने एक प्रकारको पूजालाई भाइचिन्ता भनिएको हो । दाजु भाइभित्र झैँ झगडा भएर चुल्हो भाँच्ने, उखाल्ने, खुट्टाले हान्ने थाम, दलिन काट्ने, काँसाको थाल, भाँडा फुटाउने, एकआपसमा कुटाकुट र काटमार गर्ने जस्ता खराब काम गरिएमा दाजु भाइभित्र साङ्गे गर्न, सुख शान्ति ल्याउनको लागि सबै भाइबन्धु मिलेर मूल घरमा गरिने पूजा नै चिन्ता हो । यसरी गरिने पूजालाई भाइचिन्त पनि भनिन्छ । साम्पाङ राईको संस्कारमा कोदो, चामल, पोथी कुखुरा, केराको पात, दुनाटपरा, कठुवा, पाथीडालो, नाङ्लो, थुन्से, अदुवा, जाँड रक्सी, एउटा टुप्पासहितको बाँस, यारी, सेउली, अम्रिसो, काउलो, सुँगुरको मासु आदि सामग्रीहरूको प्रयोग गरी भाइचिन्ता गरिएको पाइन्छ । भाइचिन्ता गर्दा प्रयोग गर्नको लागि सबै दाजुभाइहरूको घरबाट कोदो उठाएर मूल घरमा जाँड पकाएर राख्ने चलन रहेको पाइन्छ । यो भाइचिन्ता घर बाहिर गरिने भएकोले घरको आगनमा गोठ बनाउने चलन रही आएको पाइन्छ । साम्पाङ राईहरूले चिन्ता गर्ने कार्य साँझमा सुरु गरी बिहान समाप्त गर्नुपर्छ भन्ने रहेको छ ।

किरात साम्पाङ राईहरूले वर्षमा एक पटक फागुपूर्णिमादेखि चण्डीपूर्णिमासम्मको समय अवधिभित्र गरिने पूजालाई सिकारी पूजा भनिन्छ । सिकारी पूजा विभिन्न प्रकारको हुने गर्दछन् । साम्पाङ राईहरूले सोरुमी, साप्सामी, नाम्रुङ र चालुवा खेलुवा आदि सिकारीको पूजा गरेको पाइन्छ । साम्पाङ राईहरूले सिकारी पूजा गर्दा दुई वटा दुनामा चराको मासु,

पाहाको मासु (छरिसा) अथवा सबै किसिमको मासुहरू, एक माना चामल, एउटा काँसेथाल, दियो, अदुवा, एउटा कुखुराको अन्डा, सिन्दुर, धुप, कलश, एउटा कोदोको रोटी, कोदो, मर्चा घोलेको पानी, एउटा गुलेली, तीर, बासेको कुखुराको भाले आदि सामग्रीहरूको प्रयोग गरी आएको मुद्‌दुमअनुसार तथ्य रहेको छ । सिकारी पूजा गर्न घरको अलि पर रूखको फेदमा सिकारीको थानथपना बनाउने चलन रहेको छ । यहीँ थानथपनामा साम्पाङ राईहरूले मुद्‌दुममा उल्लेख गरिएअनुसारको मन्त्र वाचन गर्दै र मुद्‌दुमी नियमअनुसार यो पूजालाई सम्पन्न गर्ने गरेको पाइन्छ ।

२.६ साकेवा (साकेला)

गाँउघरमा आयु गाँस्ने चिन्ता, नागापूजा गर्दा र उभौली, उधौलीमा साकेलाको विधि गर्दा कुबीहरूमा साकेवा देखापर्दछ भन्ने मान्यता रहेको छ । साम्पाङ राई समुदायमा साकेवा देखा परेको बेला कुबीले गाउँमा साकेवा स्थापित गर्न र निकाल्न सकिन्छ सकिदैन भनेर राम्ररी यकिन गर्दछन् । साकेवा निकाल्न मिल्ने भए किरात राई समुदायको सम्पूर्ण राईहरू भेला भई सल्लाह गरी सम्पूर्ण किरात राईहरूको घरबाट कोदो उठाइ मिसाएर साकेवालाई चढाउने जाँड पकाइन्छ । साकेवा निकाल्दा उभौलीको पूर्णिमादेखि औँसीसम्म निकाल्नु पर्दछ । किरात साम्पाङ राई समुदायमा पनि यसैगरी साकेवालाई स्थापित गरिन्छ ।

साकेवा निकाल्न जानेदिन कुबीको घरमा अगेनाको पूजा गर्दछन् । साकेवा निकाल्नको लागि कुबीले सपनामा देखेको सामग्रीहरू थानमा राख्ने र प्रयोग गर्ने गरेको पाइन्छ । एउटा थुन्सेमा कोदो, अर्को थुन्सेमा धान लगाइ सेउली, केराको पात र खुर्पा आदि सामग्रीहरू तयार गरी घरको आगनको बिचमा सेउलीको लिङ्गो गाडिन्छ । लिङ्गोको फेदमा बोटसहितको फूलहरू राखी एक कठुवा रक्सी र कलश राख्दछन् । एउटा दुनामा पहेँलो पारिएको चामल पनि राखिन्छ साथमा कुबीको माला लिङ्गोको फेदमा गाड्ने गर्दछन् । यसरी साकेवा निकाल्दा साम्पाङ राई भाषाको आफ्नो निजी विधि र तरिका रहेको छ ।

साकेवा भएको ठाउँमा जाँदा सम्पूर्ण सामग्रीहरू राखिएको थुन्सेलाई कन्या केटाले बोकी कुबी सबैभन्दा अगाडि रसिया गाउँदै साकेवाको विचार गर्दै हिड्छन् । कुबीसँगै अरु मानिसहरू हातहतियार बाकेर हिड्ने गर्दछन् । कुबीले बाटोमा आफ्नो अगेना, सिमेभूमे, नागनगेनी सबैलाई पुकार्दै, बल माग्दै साकेवाको अन्डा खोजी गर्दै हिड्ने गर्दछन् । साकेवाको अन्डा पानीमा, माटोमा वा हावामा बसेको हुनसक्छ राम्ररी विचार गरी साकेवाको

अन्डा माटोमा बसेको भए खन्न लागाउँछन् । त्यसपछि कुबीले साकेवाको अन्डा समात्ने वित्तिकै जानिफकार बुढापाका व्यक्तिले गाउँभरिको राईहरूको घरबाट कोदो उठाइ मिसाएर जाँड पकाइ बनाएको रक्सीले पर्छिनुपर्दछ । यसरी नपर्छिएमा साकेवाको अन्डा उडेर जान्छ भन्ने परम्परागत मान्यता रहेको पाइन्छ । साकेवाको अन्डा विभिन्न प्रकारका हुने गर्दछन् । कुबीले त्यस अन्डालाई केराको पातमा राखेर उपस्थित सबै जनालाई देखाइ केराको पातसँगै चोखो ठाँउमा राखी धुप बालेर पूजा गर्दै भालेपोथी कुखुराको भोग दिने चलन रहेको पाइन्छ । यसरी भोग दिएको कुखुराको पखेटा, खुट्टा र कलेजो पोलेर चढाउनु पर्दछ । साकेवा निकालिएको अन्डालाई 'साकेवाधी' भनिन्छ । साकेवाधीलाई चाखो ठाउँमा राखी कुबी, ढोले र जानिफकारहरू घर फर्कने बेला विभिन्न मन्त्रहरू वाचन गर्दै साकेवामा शरणपरि मानव, अन्नपानी, धनसम्पत्ति सबै कुराको सातो उठाउँदै विभिन्न सिलि नाच्दै हर्षउल्लासका साथ घर फर्कने गरेको पाइन्छ । यसरी साम्पाङ राई समुदायको आफ्नै संस्कार बमोजिम साकेवा/साकेला निकाल्ने गरेको पाइन्छ । साकेवाको लागि आवश्यक सामग्रीका साथमा कुबी लगायत सम्पूर्ण मानिसहरूको सहयोगमा यो कार्यक्रम सम्पन्न गरिन्छ ।

२.७ मृत्यु संस्कार

साम्पाङ जातिमा मृत्यु संस्कार आफ्नै ढङ्गमा गर्ने चलन रहेको छ । किरात खम्बु साम्पाङ राईहरूमा मृतकलाई प्रायः गाड्ने गर्दछन् । मृतकलाई गाड्ने सम्बन्धमा दुई प्रकारले हुनेगर्दछ । राम्ररी अथवा काल गतिले उमेर पुगेर मरेको भए राम्रो बाटो जाने अर्थात् कुलमा जाने मानिन्छ र आफ्नै बारीको जमिनमा पश्चिम सिरानी पारेर गाड्ने गर्दछन् । कसैको दुर्घटना, आत्महत्या, प्रसबबाट, लडिमरेका र साना बालकहरूको मृत्यु भएमा नराम्रो बाटो गएको अर्थात् कुलमा नजाने मानिन्छ र बारीमा नभइ अन्यत्र जङ्गल लगेर गाड्ने गर्दछन् । बालकहरूको सम्बन्धमा छेवार तथ गुन्यूचोलो दिइसकेपछि मृत्यु भएमा राम्रो मानेर घरबारीमा नै गाड्ने गर्दछन् । किरात खम्बु साम्पाङ राईहरूमा मृत्यु भएमा घरदेखि अलि अग्लो ठाउँमा गएर गाउँमा धेरैले सुन्ने गरी "फलानोले छाडिहाल्यो बादा है" भनी तिन पटक कराउने गर्दछन् । यो आवाज सुन्नसाथ आफन्तहरू भेला भई मृतकको घरमा भेला हुने चलन रहेको छ ।

मृत्यु भएको दिन अथवा भोलिपल्ट कात्रो किन्न जान्छन् । मृतकलाई बेर्न ल्याएको कात्रो एक हात जति लामो काटेर राख्ने चलन रहेको छ । मृतकलाई कपडाले बेरी सकेपछि

ढोकाको सङ्गारमा खुट्टा भित्रतिर पारी राख्ने गर्दछ । साम्पाङ राई दाजुभाइहरूले बाँसको ढुङ्ग्रोमा जाँडको छोक्रा ल्याउने र कुवीले त्यस जाँडलाई विभिन्न तन्त्रमन्त्र गर्दै मृतकको मुखमा त्यो जाँडहरू खुवाउँदै मृतआत्मालाई स्वर्ग र वैकुण्ठ (कुलपितृ) मा पठाउने कार्य गर्दछन् । यो कार्य सकेपछि बाँसको भऱ्याङ बनाइ मृतकलाई राखी तिनवटा चोयाले तिनै ठाउँमा बाँधि फुटेको हण्डामा एक कटौरा चमलको भात पकाइ एक जना स्त्रीले बाटोमा छर्दै हिड्ने गर्दछिन् भने त्यस पछिपछि मृतक बोक्नेहरूले मृतकलाई गाड्ने ठाउँ तर्फ लैजाने र यस समयमा कुखुराको चल्ला (मृतक पुरुष भए भाले चल्ला र महिला भए पोथी चल्ला) लाई पनि सँगै लगि त्यस चल्लालाई मारेर धामीले पखेटा उखेलेर मृतकको काखिमा राख्दै मृतकको आत्मा सजिलो स्वर्ग जाने किम्बदन्ती रहेको पाइन्छ । मृतकलाई मुद्दुमको विधिविधानअनुसार चिहान खनेर गाड्ने गर्दछन् । मृतकलाई गाडेको दिनदेखि दाजुभाइको अरु सदस्यको मृत्यु हुँदा सामान्य तथा अन्य घरकाले एक दिन नुन, तेल बारन गर्दछन् भने त्यसै दिनदेखि मृतकका हाडनाता सन्तानहरूले पाँच छाक बार्दछन् । यसर्थ साम्पाङ राई समुदायलाई पाँच छाके भाइ भनिन्छ । मृतकको घरमा चोख्याउने कार्य गर्दा काँसे बटुकामा नुन, तेल, बेसार र मासु राखिन्छ । मृतकको मावली अनिवार्य उपस्थित हुनुपर्दछ । मृतकको दुःख बोक्नेको आमाले जेठोदेखि क्रमैसँग नुन, तेल, बेसार र मासु बाँया हातको कान्छी औंलाले तिन पटक छोएर आफ्नो खुट्टातिर छर्किएर गहुँत पानी तितेपातीको मुन्टा र दुँबोले जिउमा छर्किएर चोख्याउने गरेको पाइन्छ । तर मृतकको अन्तिम काजकिरिया नसकिन्जेल आफन्त मान्यजनहरूलाई ढोग्ने, विवाह गर्ने जस्ता शुभकार्य, दुध, दही आदि सम्पूर्ण कुराहरू बार्ने गरेको पाइन्छ । किरात खम्बु साम्पाङ राईहरूको दुर्घटना, आत्महत्या जस्ता घटनामा परी मृतक भएमा पुरुष मृतकलाई हिल्लासी र स्त्रीलाई ममसी भनिन्छ । यस्तो मृतकको कुनै ठुलो काजकिरिया गरिदैन । यस प्रकारले मरेको मृतकको सकेसम्म छिट्टै धामी ल्याएर मुद्दुम तन्त्रविधिअनुसार स्याहा मार्ने कार्य गर्दछन् । यसरी स्याहा मार्ने कार्यलाई पुरुष भए “हिल्ला चप्सेमा” र स्त्री भए “भम चप्सेमा” भनिन्छ । कालगतिले नभएर अगतिले मरेको मृतकको स्याहा मार्ने कार्य सम्पन्न भएपछि अन्तिम मृत्यु संस्कार पुरा भएको मानिन्छ ।

किरात साम्पाङ राई समुदायमा मृतकलाई चिहानमा राखेको दिनदेखि तेह्रौं दिनपछि र तिन महिना पुग्न अगावै मृतकको काजकिरिया गर्ने चलन रहेको पाइन्छ । काजकिरिया गर्दा मृतकको नाममा चौतारा बनाइदिने चलन रहेको छ । मृतकको नाममा चौतारा बनाउँदा जतिदिन अगाडि थालेको भए तापनी काजकिरिया गरिने दिनमै बनाइसक्नु पर्दछ ।

काजकिरिया गर्दा छोरीचेली, दाजुभाइहरू, गाउँले नरनातालगायत मामा मावलीहरूलाई बोलाउने गर्दछन् । काजकिरिया गरेको दिन पनि मृतकलाई पन्छाएको दिनमा जसरी साम्खाइ राख्नुपर्दछ ।

साम्पाङ राईको मृतकलाई साम्खाइ राख्ने दिन चुल्होको वरिपरि लिपेर आगो बाल्ने गर्दछन् । चुल्होको तलतिर केराको पातलाई तिनपत्र पारेर ओच्छ्याएर त्यसमाथि चामल राख्ने चलन रहेको छ । एक माना चामलको भात पकाएर दुईवटा टपरामा राखी दुवै टपरालाई पाथीडालोमा लगाएर राख्ने गर्दछ । त्यो चामलको दायाँतिर घरको एक कठुवा रक्सी र एउटा तुँवासुङ्मा जाँड राख्नु पर्दछ । त्यस ठाउँमा एउटा कलश र हातहतियार पनि राख्ने चलन छ । त्यसै ठाउँमा सुँगुरको मासु, नुन नलगाइ भुटेर राख्ने गरेको पाइन्छ । साम्पाङ राईहरूले सातो पालेको काँसे डबकाको भातलाई अगेनामा खन्याइदिने गर्दछन् । बाटो लगाउने व्यक्तिले (कुबी) तिन दफा मन्त्र वाचन गर्दै सँगै राखिएको सामग्रीहरू अलिअलि केराको पातमा राखी दुईवटा चुल्होलाई, चारवटा पितृलाई र एउटा घर बाहिर सार्दै "लहै पितापूर्खाहरू हो ! आजदेखि यस बुक्छापा/बुङ्खामा (नाम बताउँदै) लाई तपाईंहरूको साथ लगाएको छौं । तपाईंहरूसँगै राख्नुहोस् । खाने लगाउने पनि तपाईंहरूले नै दिनुहोस् है" भनी कुबीले विभिन्न मन्त्र वाचन गर्दै मृत आत्मालाई साम्खाई भात दिन सुरु गर्ने गर्दछ । यी विभिन्न प्रकारको मुद्दुमअनुसारको विधिविधानअनुसार साम्पाङ राई समुदायमा मृतआत्मालाई बाटो लगाउने कार्य सम्पन्न गरेको पाइन्छ ।

अध्याय तिन

अध्ययन विधि तथा प्रक्रिया

३.१ अध्ययनको विधि

कुनै पनि शोधकार्य व्यवस्थित र वस्तुनिष्ठ हुने भएकोले यसमा आफ्नै विधि रहेका हुन्छन् । शोधकार्यलाई विधिवत् रूपमा सम्पन्न गर्नका लागि उपयोग गरिने तरिका, पद्धति वा प्रक्रियालाई नै शोधविधि भनिन्छ । कुनै पनि अनुसन्धानकर्ताले अनुसन्धानको वास्तविक मूल्याङ्कन शोध विधिबाट नै गरिन्छ । शोधविधि अनुसन्धान कार्यलाई अगाडि बढाउने उपयुक्त मार्ग हो (भट्टराई, २०६८) । यसरी अनुसन्धान कार्यलाई छिटो, छरिटो, उद्देश्यमूलक र उपलब्धिमूलक तरिकाले सम्पन्न गर्नका लागि अध्ययन विधि आवश्यक हुन्छ । प्रस्तुत अध्ययनलाई सम्पन्न गर्नको लागि विभिन्न विधिहरूको प्रयोग गरिएको छ ।

(क) छलफल विधि

(ख) अन्तर्वार्ता विधि

(ग) अन्तरक्रिया विधि

(घ) व्यक्तिगत तथा सामूहिक सम्पर्क आदि ।

३.२ **नमुना तथा जनसङ्ख्या**

प्रस्तुत अध्ययन अनुसन्धानका लागि निश्चित जनसङ्ख्याको आवश्यकता पर्दछ । साम्पाङ राई जातिको निश्चित जनसङ्ख्यालाई आधार बनाएर सामग्री सङ्कलन गरी अध्ययनलाई विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनमा श्यामसिला, बोया, भैँसीपङ्खा, दोभाने गा.वि.स र हाँसपोसा उपमहानगरपालिकाको सामान्य भाषिक वक्ता दश, दश जना र शिक्षित भाषिक वक्ता दश, दश जना गरी जम्मा एकसय जना साम्पाङ राई भाषाका भाषिक वक्ताहरूको लक्षित समूहलाई नै नमुना तथा जनसङ्ख्याको रूपमा लिइएको छ ।

३.३ तथ्याङ्क सङ्कलनका स्रोत

३.३.१ प्राथमिक स्रोत

प्रस्तुत अध्ययनलाई मूर्त रूप दिई व्यवस्थित तरिकाले सम्पन्न गर्नका लागि विभिन्न क्षेत्रका मानिसहरूमा सम्पर्क गरी छलफल र अन्तर्वार्ताद्वारा सामग्री सङ्कलन गरिएको छ । यस शोधपत्रलाई वस्तुगत र विश्वसनीय बनाउनका लागि प्राथमिक स्रोतको प्रयोग गरिएको

छ । साम्पाङ भाषी वक्ताहरूलाई नेपाली भाषामा विभिन्न प्रकारका प्रश्नावलीहरू तयार बनाइ उक्त प्रश्नको उत्तर साम्पाङ राई भाषिक वक्ताहरूलाई नै भन्न लगाएर सामग्री सङ्कलन गरी यस अध्ययनलाई अगाडि बढाइएको छ ।

३.३.२ द्वितीयक स्रोत

यस अध्ययन कार्यमा द्वितीयक स्रोत सामग्री पनि प्रयोग गरिएको छ । साम्पाङ राई मातृभाषासम्बन्धी प्रकाशित पुस्तक, पत्रपत्रिका, शब्दकोश र मुद्दुम आदि सामग्रीको प्रयोग गर्दै भाषामा विज्ञ व्यक्ति, शोधनिर्देशक, अनुसन्धानविद् र शोधविशेषज्ञहरूको रायद्वारा यस शोधपत्र तयार गरिएको छ ।

३.३.३ सामग्री सङ्कलन प्रक्रिया

प्रस्तुत अध्ययनको सामग्री सङ्कलन प्रक्रिया निम्नलिखित रहेका छन् :

(क) साम्पाङ भाषाको अध्ययन मूलतः भोजपुर र सुनसरी जिल्लामा बोलिने साम्पाङ भाषालाई आधार बनाएर व्यक्तिगत सम्पर्क, अन्तर्वार्ता र विचार विमर्श गरी सामग्री तयार गरिएको छ ।

(ख) साम्पाङ मातृभाषी वक्ताहरूलाई प्रश्नावलीको माध्यमबाट उत्तर भन्न लगाइ सामग्री सङ्कलन गरिएको छ ।

(ग) शोधकार्यको सम्बन्धमा अनुसन्धान गरिएका पूर्व शोधकार्यको अध्ययन गरी आवश्यक सामग्रीको सहयोग लिइएको छ ।

(घ) भाषासम्बन्धी विभिन्न पाठ्यपुस्तक, पत्रपत्रिका, लेखरचनाहरूको अध्ययन गरी सामग्री सङ्कलन गरी अध्ययनलाई अगाडि बढाइएको छ ।

(ङ) साम्पाङ भाषासम्बन्धी साहित्यिक लेखरचना, साम्पाङ-नेपाली-अङ्ग्रेजी शब्दकोश, मुद्दुम र नुवातया (शिक्षा) आदि सामग्रीहरूको अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ ।

३.४ तथ्याङ्क विश्लेषण

कुनै पनि भाषिक अध्ययनमा स्थानीय मातृभाषी वक्ताहरूको बोलीलाई महत्त्वपूर्ण रूपमा लिएको छ । जसले भाषिक क्षेत्र र स्थानीय भाषिकाको आफ्नै मौलिक विशेषता र पहिचान त्यस भाषाले दिइएको हुन्छ । त्यसैले अध्ययन अनुसन्धानको क्रममा खोजी गरिएका तथ्याङ्कको विश्लेषण गर्नु अनिवार्यता रहन्छ । माथि उल्लेख गरिएका प्रक्रियाहरूलाई अवलम्बन गरी तथ्याङ्कको सङ्कलन र विश्लेषण गरिएको छ । यस अध्ययनमा सङ्कलित

प्रश्नावलीलाई समेत लिइएको छ । प्रस्तुत अध्ययनमा विशेष गरी छलफल, अन्तवार्ता, व्यक्तिगत र सामूहिक सम्पर्क तथा अन्तर्क्रियात्मक विधिको प्रयोग गरी सङ्कलित तथ्याङ्कको व्याख्या र विश्लेषण गरी अन्तमा सारांश र निष्कर्षसमेत निकालिएको छ ।

अध्याय चार

साम्पाङ भाषा

४.१ साम्पाङ भाषाको परिचय

संस्कृतको 'भाष्' धातुबाट 'भाषा' शब्दको निर्माण भएको हो । 'भाष्' धातुको अर्थ 'बोल्नु' वा 'भन्नु' भन्ने हुन्छ । जसमा स्त्रीबोधक 'टाप्' (आ) प्रत्यय लागेर बनेको भाषा शब्दले 'बोली' भन्ने अर्थ दिएको छ । यस अर्थमा जे बोलिन्छ त्यो भाषा हो । शाब्दिक रूपमा मानवीय बोलीका रूपमा भाषालाई चिनाउन सकिन्छ (न्यौपाने र अन्य, २०६९ : १) । यसरी मानवीय उच्चारण अवयवद्वारा उच्चरित सार्थक एकाइ नै भाषा हो भन्न सकिन्छ । भाषा वैज्ञानिक दृष्टिमा मानवीय उच्चारण अवयवद्वारा उच्चरित यादृच्छिक ध्वनि प्रतीकहरूको व्यवस्था नै भाषा हो । भाषा मानिसको परस्पर विचार विनिमयलाई आदान प्रदान गर्ने सर्वोत्तम साधन हो । भाषा मानवीय सम्पत्ति हो, मानिसका अनुभव र अनुभूतिहरूको सम्प्रेषणका निम्ति प्रयोग गरिने सशक्त माध्यम हो । यसर्थ भाषा मानवीय उच्चारण अवयवद्वारा उच्चरित यादृच्छिक ध्वनि प्रतीकहरूको त्यस्तो व्यवस्था हो जसको प्रयोग आफ्नै भाषिक समुदाय बिच आफ्ना विचार र अनुभूतिको सम्प्रेषणका निम्ति प्रत्येक समाजको प्रत्येक सदस्यले गर्ने गर्दछ (गौतम र अन्य, २०४९ : १) । यसरी भाषाका माध्यमबाट हरेक मान्छेहरूले एक अर्काका भाव र विचारलाई सरल र सहज किसिमले बुझ्दछन् ।

भाषालाई मानिसको भाव वा विचार प्रकट गर्ने सशक्त र भरपर्दो माध्यम मानिन्छ । भाषाका माध्यमबाट हरेक मान्छेहरूले एकअर्काको भाव वा विचारहरूलाई सरल र सहज किसिमले बुझ्दछन् । भाषा यादृच्छिक वाक्-प्रतीकहरूको त्यो व्यवस्था हो जसका सहायताले समाजका व्यक्ति सञ्चार गर्दछन् । नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन् भन्ने कुरा नेपालको जनगणना २०६८ अनुसार नेपालमा १२३ मातृभाषाहरू प्रयोगमा आएको पाइन्छ । विभिन्न मातृभाषहरूमध्ये साम्पाङ (राई) भाषा पनि एक प्रमुख र भिन्न मातृभाषा हो । साम्पाङ राई समुदायमा बोल्ने मातृभाषा साम्पाङ भाषा हो । यस भाषाको अन्य भाषाको झैँ भिन्न विशेषता रहेको पाइन्छ । साम्पाङ भाषी वक्ताहरूले आफ्ना दैनिक जीवनमा प्रयोग व्यवहार सञ्चालन गर्नको लागि प्रयोग गर्ने बोलीचालीको भाषा नै साम्पाङ

राई भाषा हो । किरात साम्पाङ राई समुदायमा धेरै पाछाहरू भएकोले केही भाषामा फरकपन देखिए तापनि साम्पाङ समुदायभित्रको भाषा, धर्म, संस्कृति, रीतिरिवाज र मूल्यमान्यता भने एउटै हुन्छ । किरात साम्पाङ राईहरूको मुख्य चाडपर्वको रूपमा साकेला (चन्डी नाच), दशैं, तिहार, माघेसक्रान्ति, साउनेसक्रान्ति आदिलाई मानिन्छ । साम्पाङ राईहरूको मुख्य पेसा कृषि, पशुपालन र केहीमात्रामा सैनिक सेवामा कार्यरत रहेका छन् । किरात खम्बु साम्पाङ राईहरूको सृष्टिकर्ता रुमाहाङ, पारुहाङ र सुम्नीमा हुन् भने वर्तमान अवस्थामा साम्पाङ राईको पूर्खा खचुलुप्पा, नगेनी र तमाखेमालाई मानिएका छन् । किरात साम्पाङ राईहरूको शैक्षिक अवस्थालाई हेर्दा ४० देखि ४५ प्रतिशतको हाराहारीमा रहेको छ । समग्र राई जातिको तुलनामा साम्पाङ राई जातिको शैक्षिक अवस्था सन्तोषजनक रहेको पाइन्छ ।

नेपालको राष्ट्रिय जनगणनाको प्रतिवेदनअनुसार साम्पाङ राई जातिको पाछा (उपथर) हरू मोरङ, सुनसरी, झापा र ताप्लेजुङ जिल्ला गरी ६८ वटा रहेका छन् । जसलाई क्रमश उल्लेख गरिन्छ : भालु साम्पाङ, पालुङ्गे, पलुङ, पोखरेली, पाङ्दुरछा, पाङ्दुच्छ, पित्रुङ, तोडेछा, तोङ्छा, तोमियो, तमिया, तामाङ्छा, तोरियो, तोरिहाङ, तोमिहाङ, तोनिहाँ, बाली, बगले, बुल्तिम, बुलटिङ, बारमुखी, बेखुम, वाक्छाली, वाक्छाल, वारुलिङ, नमबुनी, नुमखाम्पा, नोक्छोङ, नान्छोङ, दाम्रेवा, देमरिसाख, दोखापा, दिखपा, राना, रेप्सुहाङ, रेप्सुन, रङखाम, रुवखाम, रकुदु, रपुखु, रोखाम्छा, राइन्छ, मोतीहाङ, मारेम्लुङ, हिराङ, हर्कछा, हाटेकु, हदिकु, हदुखु, हदेकु, होम्राछा, हाङ्रुङ, छभइया, छेतापी, छाम्लिङ, सुच्चालुङ, सोरछा, सामारुङ, सामारुङडे, खिरवाम्छा, खिखान्छा, अरी, चारभइया, लाम्छाली, यिचिङ्गाली, थोङ्रेपा, कथुर र रिप्दुङ्खा साम्पाङ रहेका छन् (केन्द्रीय तथ्याङ्क विभाग, २०६८) । यसरी साम्पाङ राई जातिको यति धेरै उपथरहरू रहेका छन् । यसकारणले गर्दा साम्पाङ भाषाको अध्ययनलाई निरन्तरता दिँदै यसको वैज्ञानिक र सत्यतथ्यमा आधारित भएर अनुसन्धानमा लाग्नु आवश्यक छ ।

४.२ नामकरण

किरात राई समुदायभित्रको विभिन्न भाषाहरूमध्ये साम्पाङ राई भाषा प्रयोग प्रचलनमा कहिलेबाट सुरुवात भयो भन्ने कुराको तथ्य अझैं फेला परेको पाईंदैन । साम्पाङ राई भाषालाई किरात खम्बु साम्पाङ पनि भनिन्छ । किरात खम्बु साम्पाङ राईहरूको सम्बन्धमा विस्तृत खोज अनुसन्धान गर्न बाँकी नै रहेको पाइन्छ । पुराना जिजुबाजेका

अनुसार प्राचीन कालबाट नै साम्पाङ भाषा प्रयोग हुँदै आएको कुरा थाहा पाइन्छ । साम्पाङ भाषा कसरी रहन गयो भन्ने सन्दर्भमा पुरानो (मिथक) भनाइअनुसार हालको भोजपुर जिल्ला दोभाने गा.वि.स. अन्तर्गत पर्ने साल्पा भन्ने ठाउँमा साल्पा किरात राजाले राज्य गर्दथे र राजालाई किरात साम्पाङ भाषामा 'हाङ' भनिने हुँदा साल्पाको त्यस राजालाई 'साल्पाहाङ' भन्ने गरिन्थ्यो । तिनै साल्पाहाङको सन्तानहरूले आफ्नो नामपछि साल्पाहाङ जोड्दै गए । यहीँ शब्द पछिका पुस्ताहरूमा आइपुग्दा परिवर्तन भएर 'साम्पाङ' शब्द बन्न गई किरातहरूमध्येकै एक जातिको रूपमा स्थापित हुन पुग्यो । साम्पाङ भाषालाई बुझाउन "साम्पाङ गुङ" जस्ता भाषाको प्रयोग गरेको पाइन्छ । २०५८ सालको जनगणनाको प्रतिवेदनलाई आधार मान्ने हो भने साम्पाङ राई मातृभाषी वक्ताहरूको जनसङ्ख्या १०,८१० अर्थात् ०.०५ प्रतिशत रहेको छ । यसैगरी २०६८ सालको जनगणना प्रतिवेदनले पनि साम्पाङ राई मातृभाषी वक्ताहरूको सङ्ख्या १८,२७० अर्थात् ०.०६५ प्रतिशत उल्लेख गरेको छ । यसर्थ साम्पाङ राइको जातीय धर्म, परम्परागत चालचलन, संस्कृति तथा रीतिरिवाज, मूल्यमान्यता अन्य भाषाको भैँ छुट्टै रहेको पाइन्छ । नेपालको संविधान २०७२ को भाग १ को धारा ६ ले नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन् भन्ने कुरा स्वीकार गरेको छ । यस अर्थमा किरात खम्बु साम्पाङ राईलाई पनि नेपालको राष्ट्रभाषाको रूपमा मान्यता दिइन्छ ।

किरात साम्पाङ राई भाषाको लेखन पद्धति भने निरन्तर चलिरहेको पाइन्छ । साम्पाङ भाषाको लेखनलाई हेर्दा कुनै निश्चित लिपि तथा पूर्ण व्याकरण तयार भएको पाइँदैन । साम्पाङ भाषाको शब्द सङ्कलन गर्न तथा लेख्न आफ्नै लिपि नभएकोले यस कार्यको निम्ति देवनागरी लिपि नै प्रयोग प्रचलनमा रहेको पाइन्छ । साम्पाङ भाषाको लेखन पद्धतिलाई संरक्षण र विकास गर्न "नेपाली भाषा संरक्षण संस्था र नेपाली भाषाविज्ञान केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय" को तत्त्वावधानमा मिति २०६० माघ २३ देखि २६ गतेसम्म सञ्चालित तिन दिने गोष्ठीले देवनागरी लिपिमा साम्पाङ राई भाषाको लेखन पद्धतिलाई महत्त्व दिएको पाइन्छ । सामाजिक, सांस्कृतिक, भाषिक र जातीय आधारमा छुट्टै अस्तित्वले युक्त जातिको रूपमा साम्पाङ राईलाई लिइन्छ । किरात खम्बु साम्पाङ राई समुदायको पुर्ख्यौली थलो खोटाङ जिल्लाको पाथेका, खार्ताम्छा, वास्पानी र फेदी गा.वि.स. लाई मानिन्छ । त्यसपछिको अवस्थामा आएर विशेष गरी भोजपुर, ओखलढुङ्गा, सङ्खुवासभा, ताप्लेजुङ, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, उदयपुर, काठमाडौँ, ललितपुर, भक्तपुरका

साथै विदेशमा खासगरी भारतको सिकिम, दार्जिलिङ, आसाम, चिन, हङ्कङ, बेलायत, अमेरिका र सिङ्गापुर जस्ता देशहरूमा छरिएर रहेका छन् । संसारका १० वटा भाषा परिवारमध्ये भारोपेली, भोटबर्मेली, आग्नेली, द्रबिड र एकल भाषा परिवार गरी नेपालमा प्रमुख पाँच भाषा परिवारका भाषिक वक्ताहरू बसोबास गरिरहेका पाइन्छन् । साम्पाङ राई भाषा भोटबर्मेली भाषा परिवारअन्तर्गतको किरात समुदाय भित्रको एक प्रमुख र भिन्न भाषा हो । साम्पाङ राई भाषाको अन्य भाषा सरह अस्तित्व रहने भएकोले यस अध्ययनलाई महत्त्वपूर्ण मानिएको छ ।

साम्पाङ राई जातिको आदिम मूल थलो भोजपुर जिल्लाको दोभाने गा. वि. स. को साल्पा भन्ने ठाउँ रहेको छ । त्यसपछि प्रमुख बसोबास क्षेत्र खोटाङ जिल्लाको वासपानी, खार्ताम्छा, पाथेका, र फेदी गा. वि. स. लाई लिइएको पाइन्छ । यसबाहेक भोजपुर जिल्लाको विभिन्न गा.वि.स., सुनसरी जिल्ला, उदयपुर, तेह्रथुम, पाँचथर, काठमाडौं, ललितपुर जिल्लाको विभिन्न ठाउँहरूमा बसोबास गर्दै आएका किरात खम्बु साम्पाङ राई जातिको रूपमा रहेको छ । साम्पाङ राई जातिलाई किरात खम्बु साम्पाङ राई भनिन्छ । किरात खम्बु साम्पाङ राई समुदायको आदिम थलो भोजपुर जिल्लाको दोभाने गा. वि. स. को साल्पा भन्ने ठाउँलाई नै मानिन्छ । साल्पा भन्ने ठाउँमा 'साल्पाहाङ' भन्ने राजाले राज्य गर्ने हुँदा साम्पाङ भाषामा राजालाई 'हाङ' भन्ने गरिन्थ्यो । तिनै साल्पाहाङ भनिने राजाको सन्तानहरूले आफ्नो नामपछि साल्पाहाङ जोड्दै गए । यसै शब्दलाई पछि विकसित हुँदै साम्पाङमा स्थापित भयो । त्यही साल्पाबाट साल्पाहाङको सन्तान (दाजुभाइ) हरू छुट्टिएर हाल खोटाङ जिल्लाको फेदी गा. वि. स.को वडा. नं. ९ पर्ने कलँसुलाई पनि साल्पा पछिको प्रमुख बसोबास क्षेत्र मानिन्छ ।

किरात खम्बु साम्पाङ राईको प्रमुख बसोबास क्षेत्र खोटाङ जिल्लाको बास्पानी, खार्ताम्छा, फेदी र पाथेका गा. वि. स.लाई मानिएको छ । यस अध्ययनअनुसार साम्पाङ राई जातिको प्रयोग क्षेत्रलाई हेर्दा भोजपुर जिल्लाकै साम्पाङ गा. वि. स., टक्सार, भैसीपङ्ख, बोया गा.वि.स लगायत थुप्रै ठाउँहरूमा बसोबास गर्दै आएको पाइन्छ । साम्पाङ राई समुदायको समग्र बसोबास क्षेत्र र भाषाको प्रयोग क्षेत्रलाई हेर्दा खोटाङ, भोजपुर, सुनसरी, मोरङ, इलाम, झापा, ताप्लेजुङ, सङ्खुवासभा, ओखलढुङगा, उदयपुर, काठमाडौं, ललितपुर आदि थुप्रै जिल्लाहरू र विदेशको स्थानहरूमा भारतको सिलाङ, मणीपुर, सिकिम, दार्जिलिङ, हङ्कङ, बेलायत, अमेरिका र सिङ्गापुर जस्ता देशहरूमा छरिएर रहेका छन् । साम्पाङ राई

भाषा संसारका दशवटा भाषा परिवारमध्ये भोटबर्मेली भाषा परिवारअन्तर्गतको किरात समुदायभित्रको एक प्रमुख र भिन्न भाषा हो । साम्पाङ राई भाषाको अन्य भाषा सरह अस्तित्व रहने भएकोले यस अध्ययनलाई महत्त्वपूर्ण मान्नुपर्ने अवस्था रहेको छ । यस अध्ययनका आधारमा साम्पाङ भाषाको पहिचान अरु राईहरूको भन्दा नौलो किसिमको रहेको छ ।

अध्याय पाँच

साम्पाङ राई भाषाको विशेषता

५.१ साम्पाङ राई भाषाको विशेषता

साम्पाङ राई समुदायमा बोल्ने भाषालाई साम्पाङ राई भाषा भनिन्छ । साम्पाङ भाषा भोटबर्मेली भाषा परिवारअन्तर्गत पर्दछ । नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार १२३ मातृभाषाहरूमध्ये साम्पाङ राई भाषा एक प्रमुख र भिन्न भाषा हो । साम्पाङ भाषी वक्ताहरूले आफ्नो दैनिक जीवनमा प्रयोग व्यवहारको क्रममा सञ्चालन र विचार आदान प्रदान गर्नको लागि प्रयोग गर्ने बोलीचाली (जनजिब्रो) को भाषा नै साम्पाङ भाषा हो । नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार किरात राईहरूको सङ्ख्या २७ ओटा रहेको छ । यी २७ वटा राई समुदायको जातिभित्र पर्ने एक प्रमुख राई साम्पाङ हो । किरात राई समुदायभित्र सबैभन्दा बढी उपथर (पाछा)हरू भएको जाति साम्पाङ राई भाषा हो । यसलाई साम्पाङ राई भाषाको मुख्य विशेषताको रूपमा लिइने गरेको पाइन्छ । किरात राई समुदायभित्रको थरहरूमध्ये पाँचौ स्थान ओगट्न सफल साम्पाङ राई भाषाको महत्त्व धेरै रहेको छ । नेपालमा किरात राई समूहको भाषिक वक्ताको सङ्ख्या २.१७ प्रतिशत रहेकोमा ०.०६५ प्रतिशत साम्पाङ भाषा बोल्ने भाषिक वक्ताहरूको सङ्ख्या रहनु उपयुक्त मानिन्छ । यसर्थ साम्पाङ राईको भाषा, धर्म, शिक्षा, पेसा, चालचलन, रीतिरिवाज, मूल्यमान्यता र संस्कारहरू अन्य भाषाको झैँ छुट्टै रहेको पाइन्छ । समग्रमा किरात साम्पाङ राई समुदायको विशेषताहरू निम्नलिखित रहेका छन् :

(क) किरात राई समुदायभित्र सबैभन्दा धेरै उपथर (६८ पाछा) भएको भाषामध्ये साम्पाङ भाषालाई मानिन्छ । जुन उपथरहरू भालु साम्पाङ, पालुङ्गे, पलुङ, पोखरेली, पाङ्दुरछा, पाङ्दुच्छ, पित्रुङ, तोङेछा, तोङ्छा, तोमियो, तमिया, तामाङ्छा, तोरियो, तोरिहाङ, तोमिहाङ, तोनिहाँ, बाली, बगले, बुल्तिम, बुलटिङ, बारमुखी, बेखुम, वाक्छाली, वाक्छाल, वारुलिङ, नमबुनी, नुमखाम्पा, नोक्छोङ, नान्छोङ, दाम्रेवा, देमरिसाख, दोखापा, दिखपा, राना, रेप्सुहाङ, रेप्सुन, रङखाम, रुवखाम, रकुदु, रपुखु, रोखाम्छा, राइन्छ, मोतीहाङ, मारेम्लुङ, हिराङ, हर्कछा, हाटेकु, हदिकु, हदुखु, हदेकु, होम्राछा, हाङ्रुङ, छभइया,

छेतापी, छाम्लिङ, सुच्चालुङ, सोरछा, सामारुङ, सामारुङडे, खिरवाम्छा, खिखान्छा, अरी, चारभइया, लाम्छाली, यिचिङ्गाली, थोङ्रेपा, कथुर र रिप्दुङ्खा साम्पाङ रहेका छन् ।

(ख) साम्पाङ राई समुदायको आफ्नै भाषा, धर्म, संस्कृति, परम्परा, रीतिरिवाज, मूल्यमान्यता रहेको छ ।

(ग) किरात खम्बु साम्पाङ राई भाषाको प्रमुख विशेषता भाषामा फरकपन देखिनु हो ।

(घ) साम्पाङ भाषा आफ्नै वर्ण व्यवस्था भएको भाषा हो ।

(ङ) साम्पाङ भाषा स्वर र व्यञ्जन दुवै वर्ण व्यवस्था भएको भाषा हो ।

(च) साम्पाङ भाषा आफ्नै वर्णमाला भएको भाषा हो ।

(छ) यो भाषा नासिक्य ध्वनिले प्रमुखता पाएको भाषा हो ।

(ज) साम्पाङ भाषा कुलुङ भाषा, वान्तवा भाषा र चाम्लिङ भाषासँग मिल्दोजुल्दो भाषा हो ।

(झ) साम्पाङ भाषा आफ्नै व्याकरण व्यवस्था भएको भाषा हो ।

(ञ) किरात साम्पाङ राई समुदायभित्र भाषाको प्रभाव, बसाइँसराइ, वैवाहिक सम्बन्ध, विदेशी प्रभाव आदि जस्ता कारणले एक थरभित्र पनि केही प्रचलित शब्दहरू फरक हुने गर्दछन् ।

(ट) किरात साम्पाङ राई समुदायमा धेरै पाछाहरू भएकोले केही भाषामा फरकपन देखिए तापनि साम्पाङ समुदायभित्रको भाषा, धर्म, संस्कृति, रीतिरिवाज र मूल्यमान्यता भने एउटै हुन्छ ।

(ठ) किरात साम्पाङ राईहरूको मुख्य चाडपर्वको रूपमा साकेला (चन्डी नाच), दशैं, तिहार, माघेसक्रान्ति, साउनेसक्रान्ति आदिलाई मानिन्छ ।

(ड) साम्पाङ राईहरूको मुख्य पेसा कृषि, पशुपालन र केहीमात्रामा सैनिक सेवामा कार्यरत रहेका छन् ।

(ढ) किरात खम्बु साम्पाङ राईहरूको सृष्टिकर्ता रुमाहाङ, पारुहाङ र सुम्नीमा हुन् भने वर्तमान अवस्थामा साम्पाङ राईको पूर्खा खचुलुप्पा, नगेनी र तमाखेमालाई मानिएका छन् ।

(ण) किरात साम्पाङ राईहरूको शैक्षिक अवस्थालाई हेर्दा ४० देखि ४५ प्रतिशतको हाराहारीमा रहेको छ ।

यसरी साम्पाङ राई जातिको समग्र विशेषतालाई हेर्दा यो जातिको पहिचान नौलो र पृथक्ता रहेको पाइन्छ । यसर्थ साम्पाङ जातिको भाषा, धर्म, सामाजिक-सांस्कृतिक पक्षहरू,

पुराना मूल्यमान्यता लगायत व्याकरण व्यवस्था आदि विविध पक्षहरू महत्त्वपूर्ण र विशिष्ट प्रकृतिका रहेका छन् । त्यसैले भाषा लोप हुनु भनेको धर्म, संस्कार, संस्कृति र मूल्यमान्यता लोप हुनु हो । यसर्थ किरात साम्पाङ राई जातिले आफ्नो भाषाको संरक्षण र सम्वर्धन गर्दै भावी सन्ततिहरूलाई हस्तान्तरण गर्नु आजको आवश्यकता बनेको छ ।

अध्याय छ

साम्पाङ भाषाको व्याकरण व्यवस्था

६.१ साम्पाङ भाषाको व्याकरण व्यवस्था

भाषालाई शुद्ध रूपमा बोल्न र लेख्न सिकाउने विद्यालाई व्याकरण भनिन्छ । व्याकरण भाषाहरूको व्यवस्था हो । वर्ण व्यवस्था, वाक्य व्यवस्था र अर्थ व्यवस्थाको समुच्चयात्मक रूप नै व्याकरण हो । व्याकरणले भाषालाई सही मार्गमा हिँडाउन सहयोग गर्दछ । साम्पाङ राई भाषाको व्याकरण व्यवस्थालाई हेर्दा व्यवस्थित रूपमा अध्ययन अनुसन्धान हुन बाँकी नै रहेको छ ।

६.१.१ साम्पाङ भाषाको शब्दवर्ग

स्वतन्त्र रूपमा प्रयोग हुने भाषाको सानो अर्थयुक्त एकाइलाई शब्द भनिन्छ अर्थात् एक वा एकभन्दा बढी अक्षरहरू मिलेर बनेको स्वतन्त्र रूपमा प्रयोग हुने भाषाको सानो तर अर्थयुक्त एकाइलाई शब्द भनिन्छ । वाक्यमा प्रयोग भइसकेपछि शब्दलाई पद भनिन्छ ।
जस्तै :

साम्पाङ शब्द	नेपाली शब्द
कङ, नूछ, बूखा, पियुङ् ।	म, भाइ, झोला, दिएँ ।
कङा नूछलाई बूखा पियूङ ।	मैले भाइलाई झोला दिएँ ।

शब्दहरूको समूहलाई शब्दवर्ग भनिन्छ । शब्दवर्गलाई विभिन्न प्रकारमा विभाजन गरेको पाइन्छ ।

शब्दको वर्गीकरण



६.१.२ कार्यका आधारमा शब्दवर्ग

सम्पाङ राई भाषामा शब्दलाई कार्यका आधारमा वर्गीकरण गर्ने प्रयास गरिएको छ। शब्दमूल, धातुमूल र शब्दले वाक्यमा गर्ने कार्यका आधारमा नेपाली भाषाका शब्दलाई नौ प्रकारमा बाँडिएको छ। प्रस्तुत अध्ययनमा कार्यका आधारमा साम्पाङ राई भाषाको नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण, निपात, संयोजक, विस्मयादिबोधक र अर्थका आधारमा पर्यायवाची, विपरीतार्थक, श्रुतिसमभिन्नार्थक र अनेकार्थक शब्दहरूको अध्ययन गरिएको छ।

६.१.२.१ नाम

कुनै वस्तु, पदार्थ, जाति, ठाउँ तथा यिनीहरूमा हुने गुण वा भाव बझाउने शब्दलाई नाम भनिन्छ। सामान्यतः 'को' र 'के' भन्ने प्रश्नको उत्तरमा आउने शब्द नाम हो। नामलाई संज्ञा पनि भनिएको पाइन्छ। मूलतः साम्पाङ राई भाषामा नामलाई पाँच प्रकारमा वर्गीकरण गरिएको छ।

(क) व्यक्तिवाचक नाम

कुनै निश्चित व्यक्ति वा वस्तुलाई तोकेर बुझाउने नामलाई व्यक्तिवाचक नाम भनिन्छ। यसलाई विशेष नाम पनि भन्ने गरेको पाइन्छ। साम्पाङ राई भाषामा व्यक्तिवाचक नाम बुझाउने शब्दहरूलाई निम्नानुसार देखाउन सकिन्छ :

व्यक्ति बुझाउने नाम : सुम्निमा, पारूहाङ, नायूमा, नूवाहाङ, खीयामा र खचूलूप्पा आदि।

वस्तु बुझाउने नाम : मुद्दुम् (किराती धर्म ग्रन्थ), चूवाबूङ (चुवाको फूल), रन्तो (चर्खा), सीरा (चामल), चीचीलूवा (गौंथली), छब्मासूङ (कलम), वीछू (अदुवा), म्यालम्सी (अलैंची) आदि।

ठाउँ बुझाउने नाम : बतेमा, सारालूङ, लूवा, दमालूङ, खोक्मा आदि।

(ख) जातिवाचक नाम

कुनै व्यक्ति, वस्तु वा पदार्थको सिङ्गो जातिलाई बुझाउने नामलाई जातिवाचक नाम भनिन्छ। जस्तै : हँछा (मान्छे), पी (भाइ), नीनाबूङ (भगवान,देवता), वाच्छा (पुरुष), मीमाछा (महिला), ल्हवा (गरगहना), ययूवा (नदि), सासेमा (सहर) आदि साम्पाङ राई भाषाका जातिवाचक बुझाउने नाम शब्द हुन्।

(ग) समूहवाचक नाम

दुई वा सोभन्दा बढी वस्तुको समूह बुझाउने नामलाई समूहवाचक नाम भनिन्छ । साम्पाङ राई भाषामा समूहवाचक नाम बुझाउने शब्दहरू निम्नलिखित रहेका छन् :

हूला (बथान), पीपीछूर्छूर् (भिंडभाड) आदि ।

(घ) द्रव्यवाचक नाम

गन्ति गरेर छुट्याउन नसकिने तर नापतौलद्वारा परिणाम थाहा पाउन सकिने ठोस, तरल पदार्थ बुझाउने नामलाई द्रव्यवाचक नाम भनिन्छ । साम्पाङ राई भाषामा द्रव्यवाचक नाम शब्द निम्नलिखित रहेका छन् :

ठोस पदार्थ बुझाउने : लूङ (ढुङ्गा), सीरा (चामल), म (माटो), रीमा (सुन), छँमी (चाँदी), मीका (फलाम), लेना (तामा), निकोलू (पित्तल) आदि ।

तरल पदार्थ बुझाउने : ओलन (दुध), क्याप्ला (तेल), खीलाम (घिउ), कँवा (पानी) आदि ।

ग्याँस बुझाउने : हूवा (हावा), मीकूमा (धुँवा), ममूला (बादल) आदि ।

(ङ) भाववाचक नाम

देख्न, छुन, नसकिने तर व्यक्ति वा वस्तुको गुण, धर्म, कार्य, अवस्था, अनुभूति, भावना आदि बुझाउने नामलाई भाववाचक नाम भनिन्छ । साम्पाङ राई भाषामा भाववाचक नामलाई यसप्रकार उल्लेख गरिएको छ । जस्तै : लूलूखा(स्नेह), छूली(रिस), दाङख(श्राप), साङ(शान्ति), सायासाम्दूङ(माया), रँरीउक(गरिब) आदि ।

६.१.२.२ सर्वनाम

नामको सट्टामा प्रयोग गरिने शब्दलाई सर्वनाम भनिन्छ । साम्पाङ भाषामा पनि नेपाली भाषामा जस्तै सर्वनामलाई विभिन्न प्रकारमा बाँड्न सकिन्छ ।

(क) पुरुषवाचक सर्वनाम

पुरुष वा स्त्रीको सट्टामा प्रयोग गरिने सर्वनामलाई पुरुषवाचक सर्वनाम भनिन्छ । साम्पाङ भाषामा पुरुषवाचक सर्वनाम प्रथम, द्वितीय र तृतीय गरी तिन प्रकारमा बाँडिएको छ :

१. प्रथम पुरुषवाचक सर्वनाम

जो व्यक्ति बोल्दछ वा कुरा गर्दछ त्यस व्यक्तिलाई बुझाउन प्रयोग गरिने सर्वनामलाई प्रथम पुरुषवाचक सर्वनाम भनिन्छ । जस्तै :

साम्पाङ	**नेपाली**
कँ खीम खातँ ।	म घर जान्छु ।
कएका खीम खातेके ।	हामी घर जान्छौं ।
अँ खीम सप्तेमा तुई ।	मेरो घर गाउँमा छ ।

२. द्वितीय पुरुषवाचक सर्वनाम

जोसँग कुरा गरिन्छ, त्यस व्यक्तिलाई बुझाउन प्रयोग गरिने सर्वनामलाई द्वितीय पुरुषवाचक सर्वनाम भनिन्छ । जस्तै :

साम्पाङ	**नेपाली**
अना खीम खाता ।	तँ घर जन्छस् ।
आना खीम खातेके ।	तिमी घर जान्छौ ।
आनानी खीम खातानी ।	तपाईं घर जानुहुन्छ ।

३. तृतीय पुरुषवाचक सर्वनाम

बोल्ने मान्छेले सुन्ने मान्छेसँग जसका बारेमा कुरा गरेको छ, त्यसलाई बुझाउन प्रयोग गरिने सर्वनामलाई तृतीय पुरुषवाचक सर्वनाम भनिन्छ । जस्तै :

साम्पाङ	**नेपाली**
नको खीम खाते ।	यो घर जान्छ ।
मकोची खीम खातीनी ।	उनीहरू घर जान्छन् ।
मको नूवाखँम खाती ।	ऊ विद्यालय जान्छ ।

अन्य सर्वनाम

२. निजवाचक सर्वनाम : कँ (आफू)

३. निश्चयवाचक सर्वनाम : नको /मको (यो /त्यो)

४. अनिश्चयवाचक सर्वनाम : असची /हाको (कोही /कुनै)

५. प्रश्नवाचक सर्वनाम : असा / हाँक (को /कुन)

६.१.२.३ विशेषण

नामको गुण, दोष, सङ्ख्या आदि विशेषता बुझाउने शब्दलाई विशेषण भनिन्छ । साम्पाङ भाषामा पनि विशेषण नेपाली भाषामा जस्तै विभिन्न प्रकारको रहेका छन् ।

१. गुणबोधक विशेषण : असल/सुन्दर - खान्नीको

२. परिणामबोधक विशेषण : धेरै/थोरै - खँसितो/चुकीको

३. सङ्ख्याबोधक विशेषण : एक/दुई/दश - ईप्ता/हीसा/ईत्होप

४. सार्वनामिक विशेषण : यो/त्यो - नको/मको

वाक्यगत उदाहरण :

साम्पाङ	**नेपाली**
राम खान्नीकोछा ।	राम असल छ ।
कँलो ईप्ता बेखः तूई ।	रामसँग एउटा झोला छ ।
खँसितो मीनाची तूईगँ ।	धेरै मानिसहरू छन् ।
मको याया खापीगँ ।	त्यो बालक रूदैछ ।

६.१.२.४ क्रिया

वाक्यमा कर्ताले गरेको काम, घटेको घटना, अवस्था वा स्थिति बुझाउने शब्दलाई क्रिया भनिन्छ । वाक्यका पदहरू क्रियासँग सम्बन्धित हुन्छन् र वाक्यलाई अर्थपूर्ण बनाउने कार्य क्रियाबाट हुने गरेको पाइन्छ । साम्पाङ भाषामा क्रियालाई कर्मको आधारमा सकर्मक र अकर्मक, पूर्णताको आधारमा समापिका र असमापिका गरी दुई आधारमा वर्गीकरण गर्न सकिन्छ ।

कर्मको आधारमा क्रिया -

(क) सकर्मक क्रिया

जुन क्रियामा के वा कसलाई भन्ने प्रश्न गर्दा उत्तर आउँछ, त्यस्ता क्रियालाई सकर्मक क्रिया भनिन्छ । जुन क्रियाको प्रयोगमा कर्म हुन्छ त्यसलाई सकर्मक क्रिया भनिन्छ । सकर्मक क्रियाहरू : चेकमूमा (जाँच्नु), पढाछूमा (पढ्नु), खमा (हेर्नु), चामा (खानु) आदि ।

(ख) अकर्मक क्रिया

जुन क्रियामा के वा कसलाई भन्ने प्रश्न गर्दा उत्तर आउन सक्दैन त्यस्ता क्रियालाई अकर्मक क्रिया भनिन्छ । जुन क्रियाको प्रयोगमा कर्मको प्रयोग हुदैन, त्यस क्रियालाई अकर्मक क्रिया भनिन्छ । अकर्मक क्रियाहरू : खाती (जान्छ), खापी (रुन्छ), घीसी (हाँस्छ) आदि ।

पूर्णताको आधारमा -

(क) समापिका क्रिया

वाक्यमा जुन क्रिया मुख्य हुन्छ, त्यस क्रियाले वाक्यलाई पूर्ण गर्दछ भने त्यसलाई समापिका क्रिया भनिन्छ । जस्तै : खापीची (रोयो), तुएका (बस्यो), चौँ (खायो) आदि ।

(ख) असमापिका क्रिया

वाक्यमा जुन क्रिया अपूर्ण रहन्छ, जसले वाक्यलाई पूर्णता दिन सक्दैन त्यसलाई असमापिका क्रिया भनिन्छ । जस्तै : चोगँ (खादै), तुएगँ (बस्दै), खातेगँ (जादै) आदि ।

६.१.२.५ क्रियायोगी

क्रियापद, विशेषण, क्रियाविशेषणको विशेषता बुझाउन प्रयोग गरिने अव्यय शब्दलाई क्रियायोगी भनिन्छ । जस्तै :

साम्पाङ	**नेपाली**
हरि बल पोका ।	हरि जुरुक्क उठ्यो ।
मेक्कीखँ खँसितो ढ्याप्पको तूई ।	कोठा ज्यादै ठुलो छ ।
विमला खँसितो सिदालैन तूए ।	विमला ज्यादै सोझी छे ।

६.१.२.६ नामयोगी

नाम, सर्वनाम, विशेषण जस्ता नामिक शब्दको पछाडि जोडिएर प्रयोग गरिने र शब्दहरूका बिचमा सम्बन्ध गाँस्ने अव्यय शब्दलाई नामयोगी भनिन्छ । जस्तै : कँलो (मसँग), खीम्पीङा (घरतिर), हलकुनाम (बिहानपख), मूसूलूङ्मा (साँझपख) आदि ।

६.१.२.७ संयोजक

दुई वा दुईभन्दा बढी शब्द, पदावली तथा उपवाक्यलाई जोड्ने अव्यय शब्दलाई संयोजक भनिन्छ । जस्तै :

साम्पाङ	नेपाली
राम लो श्याम बजार खाता ।	राम र श्याम बजार गए ।
उमेश दुःखीसूप्पा तूईं पँत खोकोनुङ्लयूङ्कवी तूईं ।	उमेश गरिब छ तर ऊ इमान्दार छ ।

६.१.२.८ निपात

आफ्नो खास अर्थ नहुने तर वाक्यमा प्रयोग भएपछि धारणा, अनुभूति र अभिव्यक्तिलाई सहज ढङ्गले प्रकट गर्न सहयोग पुऱ्याउने तथा अर्थमा बल पुऱ्याउने र भिन्नतासमेत ल्याउन सक्ने अव्यय शब्दलाई निपात भनिन्छ । जस्तै :

साम्पाङ	नेपाली
मको मानीन यहँले ।	त्यो आउँदैन क्यारे ।
छीन्नाकोले बानानी औँ ।	पर्सि आइज है त ।

६.१.२.९ विस्मयादिबोधक

विभिन्न अवस्थामा मानिसका मनमा उब्जने खुसी, दःख, घृणा, प्रशंसा, आश्चर्य, ईर्ष्या आदि जस्ता संवेगलाई जनाउन प्रयोग गरिने अव्यय शब्दलाई विस्मयादिबोधक भनिन्छ । जस्तै :

नेपाली	साम्पाङ
स्यावास !	अँलने/हौवा !
ए !	एँ !
धिक्कार !	कँचैसीको !
छि !	चिमालो !
हगि !	मनत !

किरात साम्पाङ राई भाषाको लेख्य परम्परालाई हेर्दा सामान्य अवस्थामा रहेको र विस्तारै विकसित हुँदै गएको पाइन्छ । यसर्थ समग्र साम्पाङ भाषालाई विकसित भाषाको रूपमा लिन नसकिए तापनि विकासको बाटोमा अगाडि बढ्दै गएकोले गर्दा निरन्तर अध्ययन अनुसन्धानमा लाग्नु आजको आवश्यकता रहेको छ ।

६.१.३ अर्थका आधारमा शब्दवर्ग

भाषाको प्रयोग विभिन्न अर्थका लागि गरिन्छ । भाषिक रूपको अर्थ निर्धारणको लागि शब्दले लघुतम् अर्थयुक्त एकाइको काम गरेको हुन्छ । जसले गर्दा हरेक वाक्यमा शब्दको अर्थ महत्त्वपूर्ण मानिन्छ । साम्पाङ राई भाषामा पनि अर्थका आधारमा शब्दको

वर्गीकरण गर्न सकिन्छ । साम्पाङ राई भाषाअनुसार अर्थका आधारमा शब्दको वर्गीकरण चार प्रकारमा गरिएको छ ।

शब्द

पर्यायवाची | विपरीतार्थक | श्रुतिसमभिन्नार्थक | अनेकार्थक

६.१.३.१ पर्यायवाची शब्द

समान अथवा उस्तै अर्थ दिने शब्दहरूलाई पर्यायवाची शब्द भनिन्छ । एउटा पर्यायवाची शब्दका ठाउँमा अर्को पर्यायवाची शब्द प्रयोग गर्दा वाक्यको अर्थमा खास फरक पर्दैन भने त्यस्ता शब्दलाई पर्यायवाची शब्द भनिन्छ । यसरी साम्पाङ राई भाषामा पनि पर्यायवाची शब्दहरू रहेका छन् । जस्तै :

तालिका नं. १

साम्पाङ भाषा		नेपाली अर्थ
मी	मीन	आगो
मूछेपी	लाम्लो	अगाडि
तकी	तूम्सालू	अगुवा
मूसीपा	मूङ्सूपा	अन्धो
पोमातूम्	खीसा	कथा
नाम	पछू	घाम
काचूवा	दाङ्ख	अपराध
सेवा	हौवा	नमस्ते

६.१.३.२ विपरीतार्थक शब्द

दुई शब्द बिच परस्पर उल्टो अर्थ दिने शब्दलाई विपरीतार्थक शब्द भनिन्छ । एउटा शब्दको उल्टो र अर्को उदाहरण दिनुपर्दा वा भिन्नता देखाउनु पर्दा विपरीतार्थक शब्दको प्रयोग गरिन्छ । साम्पाङ राई भाषामा केही विपरीतार्थक शब्दहरू रहेका छन् । जस्तै :

तालिका नं. २

साम्पाङ शब्द		नेपाली शब्द	
तूई	मान्तू	छ	छैन
चानीक	चैसीक	मिठो	नमिठो
खान्नीक	खाईसीक	राम्रो	नराम्रो
बाना	खाता	आयो	गयो
मीछामा	वाच्छा	महिला	पुरुष
मीन	कँवा	आगो	पानी
सीमा	लेमा	मर्नु	बाँच्नु
सेम	लेम	सपना	विपना

६.१.३.२ श्रुतिसमभिन्नार्थक शब्द

बोल्दा वा लेख्ता उस्तै उस्तै भएका जस्तो लाग्ने तर अर्थमा भने निकै भिन्नता पाइने शब्दलाई श्रुतिसमभिन्नार्थक शब्द भनिन्छ । यस्ता शब्दलाई समरूपी पनि भनिन्छ । साम्पाङ राई भाषामा भएका श्रुतिसमभिन्नार्थक शब्दहरू निम्नानुसार रहेका छन् । जस्तै :

<u>साम्पाङ</u>	<u>नेपाली</u>
खीमपी खी तूई ।	घरमा आलु छ ।
एबुमी झारालो खीः ।	मेरो साथी झगडा गर्दछ ।

साम्पाङ राई भाषामा अन्य श्रुतिसमभिन्नार्थक शब्दहरू निम्नलिखित रहेका छन् । जस्तै :

तालिका नं. ३

साम्पाङ शब्द	नेपाली शब्द
कमा	फल्नु
क:मा	सेकाउनु
कूमा	लुक्यो
कू:मा	ओरालो आउनु
खमा	अनि
ख:मा	टोक्नु
च	भात
चाः	खाइयो
चीता	भिज्यो
चीःता	च्यातियो
खी	आलु
खीः	बाभ्नु
ध	तान
धः	खन्छ
छामा	फैलनु
छा:मा	नानीको आमा

६.१.३.४ अनेकार्थक शब्द

एउटा शब्दले दुई वा दुई भन्दा बढी अर्थ दिने शब्दलाई अनेकार्थक शब्द भनिन्छ । यस्तो शब्दले विषय र प्रसङ्गानुसार फरक फरक अर्थ प्रदान गर्दछ । साम्पाङ राई भाषाका अनेकार्थक शब्दहरू विभिन्न प्रकारको रहेका छन् । जुन शब्दहरूलाई निम्नानुसार देखाइएको छ । जस्तै :

तालिका नं. ४

साम्पाङ शब्द	नेपाली शब्द
अँतँ	कपटी, मूर्ख, उत्ताउलो ।
अँमा	खप्नु, सहनु ।
अचीमा	छक्क, बेहोस ।
अलँने	आभार, स्याबास, धन्यवाद ।
आना	तपाईंको, हजुरको, तिमीहरूको, हजुरहरूको ।
आम्नूमी	तेरो, तिम्रो ।
आम्मी	दाँत, म, मन ।
कँ	कुरा, बारी, शब्द ।
खा	पाप, लीसो, भाँडो ।
खँ	वितेको, गएको ।

साम्पाङ भाषाको व्याकरण व्यवस्था अन्तर्गत अर्थका आधारमा मुख्य गरेर चार प्रकारमा शब्दलाई विभाजन गरिएको पाइन्छ । यी शब्दहरूको अध्ययनले यस भाषालाई महत्त्वपूर्ण योगदान पुऱ्याउने छ ।

६.१.४ साम्पाङ राई भाषाको वर्णविन्यास

वर्णविन्यास वर्णहरूको व्यवस्थित रखाइक्रम हो । वर्णहरूलाई शब्दमा र चिह्नहरूको उचित प्रयोग गरेर वाक्यहरूमा लेख्ने कामलाई वर्णविन्यास भनिन्छ । वर्णविन्यासलाई हिज्जे वा वर्तनी पनि भनिन्छ । भाषालाई स्तरीय र शुद्ध बनाउनको लागि वर्णविन्यासको आवश्यकता पर्दछ । साम्पाङ राई भाषाभित्र पर्ने वर्णविन्यासको पक्षहरूलाई निम्नानुसार देखाउन सकिन्छ :

६.१.४.१ साम्पाङ भाषामा ह्रस्व र दीर्घ

साम्पाङ राई भाषामा बोलचाल र स्वभावका आधारमा दुई किसिमको मात्राको प्रयोग भएको पाइन्छ ।

(क) ह्रस्व

साम्पाङ राई भाषामा बोल्दा र लेख्ता ह्रस्व जनाउन साधारण देवनागरी (नेपाली) लिपिमा दीर्घ जनाउने मात्राको प्रयोग गरिन्छ । जस्तै :

साम्पाङ भाषा	नेपाली भाषा
थूपीक	टर्रो
चूरीक	अमिलो
सोसीक	पिरो
चानीक	मिठो आदि ।

(ख) दीर्घ

साम्पाङ राई भाषामा बोल्दा र लेख्ता दीर्घ जनाउन विसर्ग (:) चिह्नको प्रयोग गरिन्छ । यसरी देवनागरी लिपिमा आकार (ा) एक प्रकारको मात्रा हुन्छ तर साम्पाङ राई भाषामा आकार (ा) पनि दुई प्रकारको (ह्रस्व र दीर्घ) भएकोले साम्पाङ राई भाषाको वर्णविन्यासमा अन्तर्राष्ट्रिय ध्वनितात्त्विक वर्णमालाको आधारमा दीर्घ जनाउन विसर्ग (:) चिह्नको प्रयोग गरिएको पाइन्छ । जस्तै :

साम्पाङ भाषा	नेपाली भाषा
माः मा	आमा
पोःमा	उठ्नु

वाःमा	कुखुराको पोथी
छीःमा	छाड्नु
खूःमा	चोर्नु आदि ।

साम्पाङ राई भाषामा बोल्दा र सुन्दा समान शब्द अर्थमा फरक भए तापनि ती समान शब्दहरू बोल्दा जुन शब्द अलि लामो समयसम्म तानिन्छ (रहन्छ) त्यसलाई दीर्घ र जुन शब्द बोल्दा छोटो समय रहन्छ त्यसलाई ह्रस्व भनिने प्रचलन रहेको छ ।

६.१.४.२ अनुनासिकता

साम्पाङ भाषामा देवनागरी लिपिमा जस्तै गरी अनुनासिकता जनाउन चन्द्रविन्दु(ँ) चिह्नको प्रयोग गरिन्छ । देवनागरी लिपिमा चन्द्रबिन्दुको प्रयोग नगरी लेखिने अनुनासिक वर्ण ङ, न, म भए तापनि साम्पाङ भाषामा चन्द्रबिन्दुको प्रयोग गर्दा स्वभाविक सुनिने भएकोले आवश्यकताअनुसार यसको प्रयोग गरिएको पाइन्छ । जस्तै :

साम्पाङ भाषा	नेपाली भाषा
यँमा	पनि
चँमा	पहिरिनु
गँमा	भन्नु
सँलँमे	तरुनी आदि ।

६.१.४.३ हलन्तको प्रयोग

साम्पाङ राई भाषामा शब्दको अन्त्यमा स्वरान्त वर्णको प्रयोग गरिएको छ भने हलन्तको प्रयोग गरिदैन तर व्यञ्जनान्त वर्णको प्रयोग गरिएको छ भने हलन्तको प्रयोग गरिन्छ । जस्तै :

खीम : घरभित्र

माथिको उदाहरणमा 'खीम' शब्दको अन्त्यमा 'म' सँग 'अ' जोडिएको अथवा शब्दको अन्त्यमा स्वरान्त वर्णको प्रयोग भएकोले हलन्तको प्रयोग गरिएको छैन ।

खीम् : घर

माथिको उदाहरणमा जस्तै 'खीम्' शब्दको अन्त्यमा 'म' सँग 'अ' स्वरान्त वर्ण जोडिएको छैन । तसर्थ शब्दको अन्त्यमा व्यञ्जनान्त भएको हुँदा हलन्तको प्रयोग गरिएको छ । शब्दको बिचमा आधा अक्षर जनाउनु पर्दा आधा अक्षर भन्दा पछाडिको वर्ण छुट्याउँदा

अगाडिको शब्दले मात्र पनि अर्थ दिन्छ भने यस्तो अवस्थामा आधा अक्षर जनाउन हलन्तको प्रयोग गरिन्छ । साम्पाङ राई भाषामा आधा अक्षर भन्दा पछाडिको अक्षर छुट्याउँदा अगाडिको शब्दले अर्थ दिँदैन भने त्यस्तो अवस्थामा आधा अक्षर जनाउन आधा अक्षर नै लेखिन्छ । जस्तै :

<u>साम्पाङ</u>	<u>नेपाली</u>
लाम्‌पी	बाटोमा
मीताम्‌न	नछोडौँ
भूल्मा	दौडनु
मान्तू	छैन आदि ।

यी माथिको उदाहरणमा 'लाम्‌पी' र 'मीताम्‌न' शब्दको अन्त्यबाट 'पी' र 'न' हटाए पनि बाँकी रहेको शब्द 'लाम्' र 'मीताम्' ले 'बाटो' र 'छोडौँ' भन्ने अर्थ दिएको छ । यसर्थ साम्पाङ भाषाको यस अवस्थामा हलन्तको प्रयोग गरिन्छ तर 'भूल्मा' र 'मान्तू' शब्दको अन्त्यबाट 'मा' र 'त' हटाइयो भने बाँकी रहेको शब्द 'भूल्' र 'मान्' ले साम्पाङ भाषामा कुनै अर्थ नदिने भएकोले यो अवस्थामा आधा अक्षर जनाउन हलन्तको प्रयोग गरिदैन । यस अर्थमा आधा अक्षर नै प्रयोग गरिएको पाइन्छ ।

६.१.४.४ साम्पाङ भाषामा द्विस्वर

साम्पाङ राई भाषामा द्विस्वरको प्रयोग हुने गरेको छ । नेपाली भाषामा ह्रस्व जनाउन साम्पाङ भाषामा दीर्घको प्रयोग गरिन्छ । त्यसैले जै, खै आदि शब्दलाई साम्पाङ भाषामा अशुद्ध मानिन्छ, यसको शुद्ध प्रयोग जाई र खाई शब्दलाई नै मानिन्छ । जस्तै :

<u>साम्पाङ अशुद्ध</u>	<u>साम्पाङ शुद्ध</u>	<u>नेपाली</u>
जै	जाई	जात
पैमा	पाईमा	कराउनु
खै	खाई	तरकारी
रैछा	राईछा	रहेछ आदि ।

६.१.४.५ साम्पाङ भाषामा महाप्राण

साम्पाङ राई भाषामा व्यञ्जन वर्णको महाप्राणलाई जनाउन अक्षरको तल एउटा थोप्लो (.) दिने गरेको पाइन्छ । जस्तै :

मीमी : झगडा गर्छन् ।

लछूम : दौरा ।

यस उदाहरणमा दिएको शब्द (मीमी र लछूम) को सही उच्चारण (म्हीमी र ल्हछूम) हुन्छ । तर साम्पाङ भाषामा 'मीमी' र 'लछूम' शब्द नै लेखिएको छ ।

६.१.५ साम्पाङ भाषामा वर्णव्यवस्था

भाषामा समान ध्वनिको समूहलाई प्रतिनिधित्व गर्ने आफ्नो स्वतन्त्र अर्थ नभएको भाषाको सबैभन्दा सानो एकाइलाई वर्ण भनिन्छ । प्रस्तुत अध्ययनमा साम्पाङ राई भाषाको वर्ण व्यवस्थालाई व्यञ्जनवर्ण र स्वरवर्ण गरी दुई प्रकारमा वर्गीकरण गरिएको छ ।

६.१.५.१ साम्पाङ भाषामा व्यञ्जनवर्ण

बोल्दा सासको प्रवाहमा बाधा/अवरोध भई उच्चारण हुने वर्णलाई व्यञ्जनवर्ण भनिन्छ । कुनै पनि वर्णको उच्चारण गर्दा कुनै दुई अङ्ग जोडिनाले वा नजिक हुनाले स्वासप्रवाहमा बाधा उत्पन्न हुन्छ भने त्यो व्यञ्जनवर्ण हो । साम्पाङ राई भाषामा प्रयोग गरिने व्यञ्जनवर्णहरू देवनागरी लिपि भन्दा केही कम रहेको पाइन्छ । साम्पाङ भाषामा व्यञ्जनवर्णको सङ्ख्या 'खक्लूङ' नामक पत्रिकामा नानुमती साम्पाङले २५ वटा मात्र रहने बताएका छन् । यसरी साम्पाङ भाषामा व्यञ्जनवर्णको सङ्ख्या २५ वटा नै रहेको पाइन्छ । तल सम्पूर्ण व्यञ्जनवर्णहरूलाई तालिकामा निम्नानुसार देखाउन सकिन्छ :

तालिका नं. ५

	अघोष		**घोष**		**नसिक्य**
	अल्पप्राण	**महाप्राण**	**अल्पप्राण**	**महाप्राण**	
हनुमुलीय	क	ख	ग	घ	ङ
	च	छ	ज	झ	

स्पर्श	त	थ	द	ध	न
	प	फ	ब	भ	म
अन्तस्थ	य	र	ल	व	
अष्म	स			ह	
संवर्ण		ल.		म.	

देवनागरी लिपिको वर्णहरूमध्ये (ट, ठ, ड, ढ, ण, श, ष, क्ष, त्र, ज्ञ) वर्ण साम्पाङ भाषाको वर्णमा पर्दैन ।

(अ) व्यञ्जनवर्णको वर्गीकरण

नेपाली भाषामा जस्तै साम्पाङ भाषामा पनि व्यञ्जनवर्णलाई निम्न आधारमा वर्गीकरण गर्न सकिन्छ :

(क) उच्चारण स्थानका आधारमा

(ख) प्रयत्नका आधारमा

(ग) घोषत्वका आधारमा

(घ) प्राणत्वका आधारमा

(क) उच्चारण स्थानका आधारमा

व्यञ्जनवर्णको उच्चारण गर्दाक जुन अवयवमा स्वासप्रवाहमा अवरोध हुन्छ भने त्यो उच्चारण स्थान हो । नेपाली भाषामा जस्तै साम्पाङ भाषामा पनि ओष्ठ्य, दन्त्य, वर्त्स्य, तालव्यका आधारमा वर्गीकरण गर्न सकिन्छ ।

(१) ओष्ठ्य

दुवै ओठको स्थानबाट उच्चारण हुने वर्णलाई ओष्ठ्य व्यञ्जनवर्ण भनिन्छ । साम्पाङ भाषाका प, फ, ब, भ, म ओष्ठ्य वर्ण हुन् ।

(२) **दन्त्य**

जिब्रो र दाँतको स्थानबाट उच्चारण हुने अथवा जिब्रोको टुप्पाले माथिल्लो दाँतको टुप्पालाई छुँदा उच्चारण हुने वर्णलाई दन्त्य वर्ण भनिन्छ । साम्पाङ राई भाषाका त, थ, द, ध दन्त्य वर्ण हुन् ।

(३) **वर्त्स्य**

जिब्रो र दाँतको पछिल्तिर रहेको वर्त्स्य स्थानबाट उच्चारण हुने वर्णलाई वर्त्स्य वर्ण भनिन्छ । साम्पाङ राई भाषाका च, छ, ज, झ, न वर्त्स्य वर्ण हुन् ।

(४) **कण्ठ्य**

जिब्रोको पछिल्लो भागले कोमल तालुमा छुँदा उच्चारण हुने वर्णलाई कण्ठ्य वर्ण भनिन्छ । साम्पाङ भाषाका क, ख, ग, घ, ङ कण्ठ्य वर्ण हुन् ।

(५) **तालव्य**

जिब्रो र कठोर तालुको स्पर्शबाट उच्चारण हुने वर्णलाई तालव्य वर्ण भनिन्छ । साम्पाङ भाषाका 'य' तालव्य वर्ण हुन् ।

(ख) प्रयत्नका आधारमा

उच्चारण प्रयत्नले वर्णको उच्चारण गर्ने विधि वा तरिकालाई उच्चारण प्रयत्न भनिन्छ । नाक र मुखबाट वायु (हावा) बाहिर निस्कनका लागि गर्नुपर्ने प्रयास नै उच्चारण प्रयत्न हो । साम्पाङ भाषामा पनि नेपाली भाषामा जस्तै यसलाई वर्गीकरण गर्न सकिन्छ ।

(१) **स्पर्शी**

फोक्सोबाट बाहिरिएको सासलाई दुई वटा उच्चारण एक आपसमा स्पर्श भएर उच्चरित हुने वर्णलाई स्पर्शी वर्ण भनिन्छ । साम्पाङ भाषाका त, थ, द, ध, न, प, फ, ब, भ स्पर्शी वर्ण हुन् ।

(२) **स्पर्श संघर्षी**

जिब्रोले वर्त्सलाई स्पर्श गरेर केही तल बस्दा साँघुरो बाटो भई सास बाहिर निस्केर उच्चारण हुने वर्णलाई स्पर्श संघर्षी वर्ण भनिन्छ । साम्पाङ भाषाको च, छ, ज, झ स्पर्श संघर्षी वर्ण हुन् ।

(३) संघर्षी

उच्चारण अवयवहरू स्पर्श नगरी नजिकै बस्दा साँघुरो बाटो भएर सास बाहिर निस्कदा उच्चारण हुने वर्णलाई संघर्षी वर्ण भनिन्छ । साम्पाङ भाषाको स, ह संघर्षी वर्ण हुन् ।

(४) नासिक्य

उच्चारण अङ्ग कलनासो केही तल झरेर फोक्सोबाट बाहिरिएको सास नासिकविवर र मुखविवर दुवै तिरबाट उच्चारण हुने वर्णलाई नासिक्य वर्ण भनिन्छ । साम्पाङ भाषाका ङ, न, म नासिक्य वर्ण हुन् ।

(५) प्रकम्पित

जिब्रोले वर्त्स स्थानलाई छोएपछि जिब्रो थर्थरउँदा उच्चारण हुने वर्णलाई प्रकम्पित वर्ण भनिन्छ । साम्पाङ भाषाको 'र' प्रकम्पित वर्ण हुन् ।

(६) पार्श्विक

जिब्रोको दुई छेउ पार्श्वबाट सास बाहिरिन जाँदा उच्चारण हुने व्यञ्जन वर्णलाई पार्श्विक वर्ण भनिन्छ । साम्पाङ भाषाको 'ल' पार्श्विक वर्ण हुन् ।

(७) हनुमुलीय

साम्पाङ भाषाको हनुमुलीय वर्णहरू क, ख, ग, घ, च, छ, ज, झ हुन् ।

(८) अन्तस्थ

वर्ण उच्चारण हुँदा स्वर र व्यञ्जन दुवैको विशेषतासहित उच्चारण हुने वर्णलाई अन्तस्थ वर्ण भनिन्छ । साम्पाङ भाषाको य, र, ल, व अन्तस्थ वर्ण हुन् ।

(ग) घोषत्वका आधारमा

वर्णहरूको उच्चारण गर्दा स्वरचिम्टीहरूको प्रकम्पन कहिले बढी हुन्छ भने कहिले कम हुन्छ । यसैलाई व्यञ्जनवर्णको वर्गीकरणमा घोषत्वका आधार भनिन्छ । यसरी साम्पाङ भाषामा पनि नेपाली भाषामा झैँ अघोष र घोष दुई प्रकारमा बाँड्न सकिन्छ ।

(१) अघोष

स्वरचिम्टीहरू टाढा रहँदा प्रकम्पन नभइ उच्चारण हुने व्यञ्जन वर्णहरू अघोष वर्ण हुन् । साम्पाङ भाषाको क, ख, च, छ, त, थ, प, फ अघोष वर्णहरू हुन् ।

(२) **घोष**

स्वरचिम्टीहरू नजिक हुँदा प्रकम्पन भएर उच्चारण हुने वर्ण घोष वर्ण हुन् । साम्पाङ भाषाका ग, घ, ज, झ, द, ध, ब, भ घोष वर्णहरू हुन् ।

(घ) प्राणत्वका आधारमा

स्वासप्रस्वासको मात्रालाई प्राणत्व भनिन्छ । कुनै वर्णको उच्चारण हुँदा सासको मात्रा कम र कुनै बेला बढी खर्च हुन्छ । प्राणत्वका आधारमा साम्पाङ भाषाका वर्णहरूलाई दुई प्रकारमा विभाजन गर्न सकिन्छ ।

(१) **अल्पप्राण**

व्यञ्जन वर्णको उच्चारण गर्दा थोरै सासको खर्च हुन्छ भने त्यो अल्पप्राण हो । साम्पाङ भाषाका क, ग, च, ज, त, द, प, ब, ल अल्पप्राण वर्णहरू हुन् ।

(२) **महाप्राण**

व्यञ्जन वर्णको उच्चारण गर्दा धेरै सासको खर्च हुन्छ भने त्यो महाप्राण हो । साम्पाङ भाषाका ख, घ, छ, झ, थ, ध, फ, भ, र, व महाप्राण वर्णहरू हुन् ।

६.१.५.२ साम्पाङ भाषामा स्वरवर्ण

साम्पाङ राई भाषामा चलाइने स्वरवर्ण देवनागरी लिपिको भन्दा केही फरक छन् । ती स्वरवर्णहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

तालिका नं. ६

ह्रस्व	अ	ऋा	ई	ऊ	ए	ओ
दीर्घ		आः	ईः	ऊः		

साम्पाङ भाषाको स्वरवर्णलाई मूल्याङकन गर्दा ह्रस्व र दीर्घ गरी दुई प्रकारमा बाँडिएको छ । साम्पाङ भाषा बोल्दा वा सुन्दा समान भए पनि अर्थमा फरक भए ती समान शब्दहरूमध्ये बोल्दा जुनचाहिँ अलि लामो तानिन्छ त्यो वर्ण दीर्घ र छोटोलाई ह्रस्व मानिन्छ ।

६.१.६ साम्पाङ भाषामा पाइने व्याकरणत्मक कोटि

साम्पाङ भाषामा पाइने व्याकरणात्मक कोटिको आफ्नै व्यवस्था रहेको छ । व्यकरणात्मक कोटिभित्र लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव भए तापनि यस अध्ययनमा साम्पाङ भाषाको लिङ्ग, वचन, पुरुष, काल र पक्षका बारेमा मात्र विश्लेषण गरिएको छ ।

६.१.६.१ लिङ्ग

स्त्री जाति तथा पुरुष जाति बुझाउने शब्दको रूपलाई लिङ्ग भनिन्छ । साम्पाङ भाषामा लिङ्गलाई निम्नानुसार चिनाउन सकिन्छ :

स्त्रीलिङ्ग	**पुलिङ्ग**
मीमाछा (स्वास्नी)	वाच्छा (लोग्ने)
भौजु (भाउजू)	दाजु (बुबु)
दिदी (नाना)	भेनाजू (भेना)

६.१.६.२ वचन

नाम, सर्वनाम, विशेषण र क्रियाको सङ्ख्या बुझाउने शब्दलाई वचन भनिन्छ । जस्तै :

(१) को चा चँ (म भात खान्छु) ।

(२) विमल ल विमला नूवाखँम खातीनी (विमल र विमला स्कुल जान्छन्)

(३) विमल, विमला ल हरि नूवाखँम खातीनी (विमल, विमला र हरि स्कुल जान्छन्)

६.१.६.३ पुरुष

कथनका सन्दर्भमा संलग्न भएका व्यक्तिलाई बुझाउने व्याकरणात्मक कोटिलाई पुरुष भनिन्छ । नेपाली भाषामा जस्तै साम्पाङ भाषामा पनि तिन प्रकारको पाइन्छ । जस्तै :

(क) प्रथम पुरुष - कँ/कँची (म/हामी)

(ख) द्वितीय पुरुष - अना/आना (तँ/तिमी)

(ग) तृतीय पुरुष - नको/मको (यो/त्यो)

वाक्यत्मक उदाहरण

१. कँ खात (म जान्छु) ।

२. अना खाता (तँ जान्छस्) ।

३. राम चँ (राम खान्छ) ।

४. सीता चँने (सीता खान्छे) ।

६.१.६.४ काल

वाक्यमा क्रियापदले जनाउने काम वा अवस्थाको समयलाई काल भनिन्छ । नेपाली भाषामा काल वर्तमान, भूत, भविष्यत् गरी तिन प्रकारको पाइन्छ । त्यसैगरी साम्पाङ भाषामा पनि काललाई तिन प्रकारमा बाँड्न सकिन्छ ।

१. वर्तमानकाल

वर्तमान समयमा काम हुँदै गरेको क्रियापदको समय बुझाउने शब्दलाई वर्तमानकाल भनिन्छ । साम्पाङ भाषामा पनि वर्तमानकालको समयलाई बुझाउने शब्दहरू रहेका छन् । जस्तै :

करण	अकरण
खातँ (जान्छु)	खातँन (जान्न)
खातेके (जान्छौ)	खातेनँ (जादैनौ)

वर्तमानकालका वाक्यात्मक उदाहरण -

१. कँ खीम खातँ (म घर जान्छु) ।

२. कएका खीम खाते (हामी घर जान्छौ) ।

३. सीता नूवाखँम खातनी (सीता स्कुल जान्छे) ।

२. भूतकाल

कुनै पनि काम बितेको समयमा भइसकेको जनाउने क्रियाको रुपलाई भूतकाल भनिन्छ । साम्पाङ भाषामा भूतकालको उदाहरणलाई निम्नअनुसार देखाउन सकिन्छ :

१. कँ तूवँ (म बसेँ) ।

२. हरि लो चा चू (हरिले भात खायो) ।

३. म कोवा चा चू (उसले भात खायो) ।

३. भविष्यत्काल

पछिको समयमा काम हुने कुरा बुझाउने क्रियापदको समयलाई भविष्यत्काल भनिन्छ । साम्पाङ भाषामा भएको भविष्यत्काल बुझाउने शब्दलाई निम्नानुसार राख्न सकिन्छ :

१. कँ खीम खातँनी (म घर जानेछु) ।

२. आनानी खीम बानानी (तिमी घर आउँछौ) आदि ।

६.१.६.५ पक्ष

कुनै कालखण्डमा भएको कामको अवस्थालाई पक्ष भनिन्छ । पक्षले कुनै काम हुँदै गरेको, सकिएको वा कस्तो स्थितिमा रहेको छ भन्ने जानकारी दिन्छ । कालका विभिन्न पक्षहरू हुन्छन् ती पक्षहरूलाई साम्पाङ भाषामा पनि चिनाउन सकिन्छ ।

१. पूर्ण पक्ष

कुनै पनि समयमा काम पूरा भइसकेको अवस्था जनाउन प्रयोग गरिने स्थिति विशेषलाई पूर्ण पक्ष भनिन्छ । जस्तै :

(क) कँ तूवँ गँ (म बसेको छु) ।

(ख) कएका तूयके (हामी बसेका छौं) ।

२. अपूर्ण पक्ष

कुनै पनि काम पूरा नभएको तर भइरहेको अवस्था बुझाउन प्रयोग गरिने स्थिति विशेषलाई अपूर्ण पक्ष भनिन्छ । जस्तै :

(क) कँ खाता गँ (म हिँड्दै छु) ।

(ख) कँले चाचो गँ (मैले भात खाइरहेको छु) ।

३. अज्ञात पक्ष

वितेको समयमा कुनै काम भइसकेको तर अहिले आएर मात्र सो कुरा थाहा भएको अवस्था जनाउने पक्षलाई अज्ञात पक्ष भनिन्छ । जस्तै :

(क) महेश नूवाखँम खाती (महेश विद्यालय गएछ) ।

(ख) राम पी छाः (राम पास भएछ) ।

४. अभ्यस्त पक्ष

वितेको समयमा कुनै काम निरन्तर भएको भए पनि अहिले नभएको अवस्था जनाउने पक्षलाई अभ्यस्त पक्ष भनिन्छ । जस्तै :

(क) कएका खातेका (हामी जान्थ्यौं) ।

(ख) राम खान्नीको पढामूकोतूवा (राम खुब पढ्थ्यो) ।

६.१.७ निष्कर्ष

विभिन्न मातृभाषाहरूमध्ये साम्पाङ राई भाषा पनि एक प्रमुख र भिन्न मातृभाषा हो । साम्पाङ राई समुदायमा बोल्ने भाषा साम्पाङ हो । साम्पाङ भाषी वक्ताहरूले आफ्नो जीवनमा प्रयोग व्यवहार सञ्चालन गर्नका लागि प्रयोग गर्ने बोलीचालीको भाषा साम्पाङ

भाषा हो । साम्पाङ राई भाषाको व्यवस्थित खोज, अनुसन्धान हुन बाँकी नै रहे तापनि निरन्तर विकसित अवस्थामा रहेको छ । साम्पाङ भोटबर्मेली भाषा परिवार अन्तर्गत पर्ने एउटा प्रमुख भाषा हो । साम्पाङ राई भाषाको आदिम थलो भोजपुर जिल्लाको दोभाने गा.वि.स.अन्तर्गत पर्ने साल्पा भन्ने ठाउँ हो । यस भाषाको भाषिक क्षेत्रहरू खोटाङ, भोजपुर, सङ्खुवासभा, उदयपुर, सोलुखुम्बु, सुनसरी, मोरङ, झापा, इलाम, काठमाडौँ, ललितपुर, लगायत भारतको विभिन्न ठाउँहरू र हङ्कङ, बेलायत, अमेरिका, सिङ्गापुर समेत रहेको छ । साम्पाङ भाषालाई 'साम्पाङ गुङ' पनि भनिन्छ । साम्पाङ राईको आफ्नै भाषा, धर्म, चालचलन, रीतिरिवाज, सामाजिक-सांस्कृतिक पक्षहरू, लगायत जातीय पहिचान रहेको छ । वर्ण व्यवस्थाका दृष्टिले यस भाषामा छ वटा मुख्य स्वरवर्ण रहेको त्यसमा छ वटा ह्रस्व र तिनओटा दीर्घ स्वरवर्ण गरी नौ वटा स्वरवर्ण (ह्रस्वस्वर - अ, आ, ई, ऊ, ए, ओ दीर्घस्वर - अः, ईः, ऊः) रहेको पाइन्छ । यस भाषामा २५ वटा व्यञ्जनवर्णहरू (क, ख, ग, घ, ङ, च, छ, ज, झ, त, थ, द, ध, न, प, फ, ब, भ, म, य, र, ल, व, स, ह) रहेका छन् । यी व्यञ्जनवर्णहरूलाई अघोष, घोष, अल्पप्राण, महाप्राण, नासिक्य, हनुमुलीय, स्पर्श, अन्तस्थ, अष्म र संवर्णका आधारमा वर्गीकरण गरिएको छ ।

साम्पाङ भाषामा पाइने शब्दहरूलाई विकारी र अविकारी वर्गमा विभाजन गर्न सकिन्छ । साम्पाङ भाषाका नाम, सर्वनाम र क्रिया विकारी शब्द हुन् भने विशेषण, क्रियाविशेषण, निपात, नामयोगी, संयोजक र विस्मयादिबोधक अविकारी शब्दवर्गअन्तर्गत पर्दछन् । साम्पाङ भाषामा पनि नेपाली भाषामा जस्तै नामलाई व्यक्तिवाचक नाम, जातिवाचक नाम, समूहवाचक नाम, द्रव्यवाचक नाम र भाववाचक नाम गरी पाँच प्रकारमा वर्गीकरण गरिएको छ । अर्थका आधारमा शब्दवर्गलाई अर्थ्याउन सकिन्छ । साम्पाङ भाषामा पर्यायवाची, विपरीतार्थक, श्रुतिसमभिन्नार्थक र अनेकार्थक गरी चार प्रकारमा बाँड्न सकिन्छ । साम्पाङ भाषामा पाइने व्याकरणात्मक कोटि अन्तर्गत लिङ्ग, वचन, पुरुष, काल र पक्ष आदि रहेका छन् । वर्णविन्यासअन्तर्गत यस भाषाको ह्रस्वदीर्घ, अनुनासिकता, हलन्तको प्रयोग, भाषामा द्विस्वर र महाप्राण गरी अध्ययन गरिएको छ ।

अध्याय सात

साम्पाङ भाषाका प्रचलित शब्दहरू

७.१ साम्पाङ भाषामा प्रचलित विभिन्न क्षेत्रका शब्दहरू

किरात साम्पाङ राई समग्र राई समुदायभित्रको एक प्रमुख भाषा हो । भाषाको अध्ययन अनुसन्धान गर्नु एउटा जटिल कार्य हो । यस अध्ययन कार्यलाई सजिलो बनाउन सकियोस् भन्ने उद्देश्यले भाषिक व्यवहारमा आउने विविध शब्दसूची तयार पारिएको छ । अन्य भाषामा झैँ साम्पाङ राई भाषामा पनि विभिन्न क्षेत्रका शब्दहरू रहको । साम्पाङ राई भाषाका प्रचलित शब्दहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

७.१.१ धातुहरूको नाम (योमाचिमी नूङ)

यस अध्ययनमा साम्पाङ राई भाषामा भएअनुसार धातुहरूको नामलाई नेपालीमा अर्थसहित प्रस्तुत गरिएको छ ।

तालिका नं. ७

साम्पाङ भाषा	नेपाली अर्थ
लेना	तामा
रीःमा	सुन
नीकोलू	पित्तल
मीका	फलाम
हीरा	हिरा
कँसा	काँस
छँमी	चाँदी

७.१.२ पंक्षीहरूको नाम (छँवाची नूङ)

साम्पाङ भाषामा नेपाली अर्थसहित पंक्षीहरूको नामलाई निम्नलिखित उल्लेख गरिएको छ :

तालिका नं. ८

साम्पाङ भाषा	नेपाली अर्थ
पेरमावा	परेवा
कूरीवा	रूपी
तवा	डाँफे
चीचीलूवा	गौँथली
दँनेमा	जुरेली
धीवा	मुनाल
तूवा	कालिज
तूकूवा	ढुकुर
छम्खीरीवा	मयुर
पापीवा	चमेरो
खूवा	कोइली
मूवा	चिल
सूईतँवा	हाँस
सँरीवापा	भाले
सँरीवामा	पोथी

अवा	काग
थतङगीवा	भँगेरो
बबकूलू	गरुड
बेसारो	बाज

७.१.३ घरपालुवा जनावर (खीम्पी क्यातम्क लाम्लेकलँची)

साम्पाङ भाषामा नेपाली अर्थसहित घरपालुवा जनावरको नामलाई प्रस्तुत गरिएको छ :

तालिका नं. ९

साम्पाङ भाषा	नेपाली अर्थ
पी	गाई
पपी	गोरु
मेसी	भैँसी
मेखुर	राँगो
होगा	कुकुर
हाल्मायू	बिरालो
छँरा	बोका
सूर्पा	गधा
चसूपा	घोडा
चपी	चौँरी

लुक्सा	भैँडा
छङ्गरा	बाखा
भ	सुँगुर

७.१.४ जङ्गली जनावरहरू (वालीखापी तुमापी लाम्लेकलँची)

जङ्गली जनावरलाई पनि घरपालुवा जनावरलाई जस्तै साम्पाङ भाषामा नेपाली अर्थसहित उल्लेख गरिएको छ :

तालिका नं. १०

साम्पाङ भाषा	नेपाली अर्थ
खासूपा	गैँडा
कीपा	बाघ
खीसा	मृग
फ्यावा	फ्याउरो
तमन्छू	बाँदर
कीपा	चितुवा
मँसा	भालु
भूँसा	घोरल
यासूपा	हात्ती
चाप्चा	सिँह
खसूपा	जलगैँडा

खेदीपा	मलसाँप्रो
खदीहूर्सा	दुम्सी
खैया	जरायो
हम्सा	ऊँट
पोपँ	ढँडु

७.१.५ अन्नका नाम (चासूम नूङ)

साम्पाङ भाषामा अन्नको नामलाई नेपाली अर्थसहित प्रस्तुत गरिन्छ । जस्तै :

तालिका नं. ११

साम्पाङ भाषा	**नेपाली अर्थ**
रप्पा	धान
मूलूङ्चा	मकै
लूङ्चा	कोदो
सोबे	सिमी
कपासी	भट्मास
छङ्का	जौं
दँच्यार्	गहुँ
खबूल	पिठो
मासी	दाल

बामू	फापर
फेम्मासी	गहत
तीला	तिल
क्यलूङ्	तोरी
मेथी	मेथी
सीरा	चामल

७.१.६ किराहरूको नाम (पूछची नूङ)

किराहरूको नामलाई पनि नेपाली अर्थसहित प्रस्तुत गरिएको छ ।

तालिका नं. १२

साम्पाङ भाषा	**नेपाली अर्थ**
सीकीखीरूवा	माकुरो
छूवा	उडुस
लहूमा	झिँगा
मङ्कीपा	उपियाँ
सूये	माहुरी
पूईचँ	बारुलो
झीरीपा	फट्याङ्ग्रो
वलपूछ	गड्यौँला

लोबे	खरिजुका
लफूमा	खुम्लेकिरा
पूये	अरिङ्गाल
पीलाप्छेमा	जुनकिरी
नाम्केप	खजुरो
हब्बा	किर्ना

७.१.७ फलफूलको नाम (चासीरुसीची नूङ)

साम्पाङ भाषामा पनि थुप्रै फलफूलका नामहरू जनाउने शब्दहरू रहेका छन् । जुन शब्दहरूलाई निम्नानुसार देखाउन सकिन्छ :

तलिका नं. १३

साम्पाङ भाषा	नेपाली अर्थ
तँखू	आँप
नपोचासी	सुन्तला
एल्पू	अम्बक
सूङ्चासी	नासपाती
कँमाचासी	कटहर
मायूसी	भूइँकटहर
जरँसी	काफल
मङ्गलमा	आरु

पीतूसी	लप्सी
वालँसी	नरिवल
पीमासी	अमला
मूक्सीमापो	किम्बु
मेवाचसी	मेवा
पोचासी	स्याउ
ङलँसी	केरा
मायूसी	लिची
अंङ्गूरा	अङ्गुर
खरुसी	ओखर
बादाम्	बदाम

७.१.८ जडीबुटीसम्बन्धी बुझाउने नाम

जडीबुटीको नामलाई साम्पाङ भाषामा निम्नलिखित प्रस्तुत गर्न सकिन्छ :

तालिका नं. १४

साम्पाङ भाषा	**नेपाली अर्थ**
रुवासी	मरिच
हर्दी	बेसार
नाम्फूली	ल्वाङ्
अखीवा	लसुन

म्यालम्सी पधँना घीऊकूमारी सत्यजीवन लूङ्वासी सीबूना	अलैंची पुदिना घिउकुमारी सत्यजीवन टिमुर तितेपाती

७.१.९ घरमा प्रयोग गरिने सामग्रीहरू (खीम्पी गँमाक थोकाची)

घरमा विभिन्न सामग्रीहरू प्रयोग गर्न सकिन्छ । त्यस्ता घरमा प्रयोग गर्न सकिने सामग्रीहरूको नामलाई साम्पाङ भाषामा नेपाली अर्थसहित निम्नानुसार उल्लेख गर्न सकिन्छ :

तलिका नं. १५

साम्पाङ भाषा	**नेपाली अर्थ**
ब्खल लख्याप् माकूर्ना घोमाकखँ कख्याप् लूदूर्मा सम्फूलूङ्	बटुको डाडु करुवा कुकर गाग्री खड्कुँलो सिलौटा

सापाखँ	काँसे डबका
बखँ	काँसे थाल
खाईखँ	कराई
खँ	भाँडा
छामे	सियो
छूम्ब	ओखल
याक्तँ	चम्चा
छूबू	हाँडी
खरवाँ	चिण्डो
दूँ	पाथी
सूङ्	दाउरा
मीथूई	चिम्टा
पाईतानो	लौरो

७.१.१० मानव शरीरका अङ्गहरू (हँछा रीरम्क अङ्गची)

साम्पाङ भाषामा मानव शरीरका अङ्गहरूको नामलाई निम्नानुसार देखाउन सकिन्छ :

तालिका नं. १६

साम्पाङ भाषा	नेपाली अर्थ
ङायूवा	अनुहार
तखल	टाउको
नाबू	नाक
मू	आँखा
नाब	कान
अँठा	ओठ
पई	घाँटी
ङो	मुख
दँवालू	चिउडो
ल्याम्	जिब्रो
कँ	हात
कूछूयू	पाखुरा
पम्छू	हातको नङ
हूफेर	हत्केला
हूछू	औँला

हू	हात
लाफाते	पैताला
लँ	खुट्टा
दीन्दीरी	कुर्कुचा
साःफीप्	स्तन
ब	पेट
वल	मलद्वार
ली	लिङ्ग
छई	योनी
रीरम्	शरीर

७.१.११ अङ्क तथा सङ्ख्यासम्बन्धी शब्दहरू

साम्पाङ राई भाषामा एकदेखि सयसम्मका गन्ती सङ्ख्याहरू रहेका छन् । ती सङ्ख्याहरूलाई एकदेखि नौ सम्म छुट्टाछुट्टै नामले उच्चारण गरिन्छ । साम्पाङ राई भाषामा दश, बिस, तिस, चालिस, पचास, साठी, सत्तरी, असी, नब्बे जनाउने सङ्ख्यालाई क्रमश : ईत्होप, हीस्होप्, सूम्होप्, लँक्होप्, नँक्होप्, चूक्होप्, साहोप्, रेक्होप्, ङक्होप् भनिन्छ । यस बाहेक अन्य शब्दहरू बनाउन यी माथिको पछाडि र अगाडिको एक, दुई जनाउने शब्दहरूको अगाडिको अक्षर जोडिन्छ । साम्पाङ राई भाषामा एक सयलाई ईप्तोङ भनिन्छ । साम्पाङ राई भाषामा सङ्ख्या जनाउने उदाहरणहरू यसप्रकार रहेको छ :

तालिका नं. १७

साम्पाङ	नेपाली	साम्पाङ	नेपाली
ईप्ता	१	नँक्ई	५१
हीसा	२	नँक्ही	५२
सूम्का	३	नन्क्सूम्	५३
लँका	४	नँक्लँ	५४
नँका	५	नँक्नँ	५५
चूकी	६	नँक्चू	५६
सावा	७	नँक्सा	५७
रेका	८	नँरेक्	५८
ङका	९	नँङक्	५९
ईत्होक	१०	चूक्ई	६१
ईत्ई	११	चूक्ही	६२
ईत्हीस	१२	चूक्सूम्	६३
ईत्सूम्	१३	चूक्लँ	६४
ईत्लँ	१४	चूक्नँ	६५
ईत्नँक	१५	चूक्चू	६६
ईत्चू	१६	चूक्सा	६७
ईत्सा	१७	चूरेक्	६८

ईत्रेक्	१८	चूङक्	६९
ईत्ङक्	१९	साई	७१
हीस्ई	२१	साही	७२
हीस्ही	२२	सासूम्	७३
हीस्सूम्	२३	सालँ	७४
हीस्लँ	२४	सानँ	७५
हीस्नँक्	२५	साचू	७६
हीस्चू	२६	सासा	७७
हीस्सा	२७	सारेक्	७८
हीस्रेक्	२८	साङक्	७९
हीस्ङक्	२९	रेक्ई	८१
सूम्ई	३१	रेक्ही	८२
ईत्ङक्	३२	रेक्सूम्	८३
सूम्ही	३३	रेक्लँ	८४
सूम्सू	३४	रेक्नँ	८५
सूम्लँ	३५	रेक्चू	८६
सूम्नँक्	३६	रेक्सा	८७
सूम्च	३७	रेक्र	८८
सूम्सा	३८	रेक्ङ	८९

सूम्रेक्	३९	ङक्ई	९१
सूम्ङक्	४१	ङक्ही	९२
लँक्ई	४२	ङक्सूम्	९३
लँक्ही	४३	ङक्लँ	९४
लँक्सूम्	४४	ङक्नँ	९५
लँक्लँ	४५	ङक्चू	९६
लँक्नँक्	४६	ङक्सा	९७
लँक्चू	४७	ङरेक्	९८
लँक्सा	४८	ङक्ङ	९९
लँङक्	४९	ईप्तोङ्	१००

७.१.१२ रङ्ग बुझाउने नाम (रंगामी नुङ)

साम्पाङ राई भाषामा पनि रङ्गहरूको नाम रहेको छ । साम्पाङ भाषामा दिएको केही रङ्गहरूको नामलाई नेपालीमा अर्थ्याइएको छ ।

तालिका नं. १८

साम्पाङ भाषा	नेपाली अर्थ
बबरीमा	पहेँलो
मकचू	कालो
अम्बलल	सेतो
हालाला	रातो
मीकूलू	हरियो

७.१.१३ बाह्र महिनाको नाम बुझाउने शब्दहरूको नाम

नेपाली भाषामा बाह्र महिनालाई क्रमश : वैशाख, जेठ....... भनेझैँ साम्पाङ भाषामा पनि बाह्र महिनालाई बुझाउने केही शब्दहरू रहेका छन् । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका नं. १९

साम्पाङ भाषा	नेपाली अर्थ
दीबूदँ	वैशाख
वलूका	जेठ
वलूखा	असार
वलूखू	साउन

रछेमा	भदौ
छीबूरछेमा	असोज
वतूखा	कार्तिक
चूम्माखा	मङ्सिर
तोक्खा	पौष
खामासा	माघ
दँलोदम्हेमा	फागुन
दँलोका	चैत

७.१.१४ दिशा जनाउने शब्द

साम्पाङ राई भाषामा दिशा जनाउने शब्दहरू रहेका छन् । यसलाई नेपाली अर्थसहित उल्लेख गरिएको छ ।

तालिका नं. २०

साम्पाङ भाषा	**नेपाली अर्थ**
नाम्ओप्सा	पूर्व
नाम्कूर्सा	पश्चिम
धीरीचू	उत्तर
यदूम्	दक्षिण
छीकू	दायाँ
धीकू	बायाँ

७.१.१५ स्वाद जनाउने शब्द

साम्पाङ राई भाषामा पनि स्वाद जनाउने शब्दहरू रहेका छन् । जसलाई निम्नानुसार देखाउन सकिन्छ :

तालिका नं. २१

साम्पाङ भाषा	नेपाली अर्थ
सोसीक	पिरो
खीकीक	तीतो
चूरीक	अमिलो
थूपीक	टर्रो
हातीक	कोक्याउने
लीमीक	गुलियो
चानीक	मिठो
चाईसीक	नमिठो

७.१..१६ दिन (बार) जनाउने शब्दहरू

साम्पाङ राई भाषामा नेपाली अर्थसहित दिन (बार) जनाउने शब्दसूची तल प्रस्तुत गरिन्छ ।

तालिका नं. २२

साम्पाङ भाषा	नेपाली अर्थ
नाम्लूवारी	आइतवार
लपवारी	सोमवार
खूवारी	मङ्गलवार
सप्तूवारी	बुधवार
पारुबवारी	बिहीवार
अम्बवारी	शुक्रवार
कूनाम्वारी	शनिवार

७.१.१७ समय (यावा) सम्बन्धी बुझाउने शब्दहरू

समयसम्बन्धी शब्दहरू पनि साम्पाङ राई भाषामा रहेका छन् । समयसम्बन्धी बुझाउने शब्दहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. २३

साम्पाङ भाषा	नेपाली अर्थ
हलकूनाम्	बिहान
लेपा	दिउँसो
मूसूलूङ्मा	बेलुका
सेपा	रात
आथेपा	हिजो
येसे	आज
सेलामा	भोलि
छीन्दाकले	पर्सि
आथू	अघि
सेला	पछि
तेतङ्का	पोहोर
तेत्तङ्का	परार
नक दँ	यो साल
नाम्म	अर्को साल

७.१.१८ साम्पाङ राईको भेषभूषा झल्काउने पोसाक (सीकीया परीया)

साम्पाङ राईहरूका आफ्नै जातीय विशेषता झल्काउने पोसाक/कपडाहरू हुन्छ । ती पोसाकहरू सम्बन्धी शब्दहरू यस प्रकार रहेका छन् :

तालिका नं. २४

साम्पाङ भाषा	नेपाली अर्थ
बप्तँ	टोपी
रीप्तँ	फेटा
पईमरी	गलबन्दी
लछ्छूम्	दौरा
सूम्बा	सुरुवाल
खीप्तँ	पटुका
चोनारी	इँजार
लँसूपे	लुङ्गी
ह्याम्बारी	गुन्यू
छाकानाम्	बर्को
बक्तम्खम्	भोटो
लँवाई	जुत्ता
लसूप्	मोजा
लाछ्छा	फुर्को

७.१.१९ ऋतु बुझाउने शब्दहरू

साम्पाङ राई भाषामा ऋतु बझाउने शब्दहरू नेपाली अर्थसहित यस अध्ययनमा प्रस्तुत गरिन्छ ।

तालिका नं. २५

साम्पाङ भाषा	नेपाली अर्थ
हकूनाम्लू	वसन्त
खरुतेनाम्लू	ग्रीष्म
रंकूमीनाम्लू	वर्षा
दूवारीनाम्लू	शरद्
चसूम्रीनाम्लू	हेमन्त
कूहूमानाम्लू	शिशिर

७.१.२० नाता (साइनो) सम्बन्धी शब्दहरू

साम्पाङ राई भाषामा नाता (साइनो) सम्बन्धी शब्दहरू विभिन्न प्रकारका छन् । जुन शब्दहरूलाई यस अध्ययनमा प्रस्तुत गरिन्छ ।

तालिका नं. २६

साम्पाङ	नेपाली	साम्पाङ	नेपाली
फूपा	हजुरबुवा	चाचा	नाति
मूमा	हजुरआमा	योयो	नातिनी
पापा	बुवा	ङाप्पा	सम्धी
मामा	आमा	ङाम्मा	सम्धिनी
दीपा	ठुलोबुवा	हिल्मो	सोल्टी
दीमा	ठुलीआमा	ङोमे	सोल्टिनी
बबँ	काका	छूङ्मी	ससुरा
छीमा	काकी	छूङ्म	सासू
नीनी	फुपू	मीमाछ	छोरी
पूसाई	फुपा	मछा	जुवाइँ
बूबू	दाजु	याङामा	दिदी
नाना	दिदी	भेना	भिनाजु
नूछ	भाइ	कँपा	मामा
नीछ	बहिनी	करँमा	माइजू
नाम्मेछा	बुहारी	गेगूँ	देवर

७.२ निष्कर्ष

साम्पाङ राई भाषामा प्रस्तुत गरिएका प्रचलित शब्दहरू सामाजिक, सांस्कृतिक, साहित्यिक, भौतिक-अभौतिक वस्तु, ज्ञानविज्ञान, मानवीय, अमानवीय, सजीव, निर्जीव आदि विभिन्न क्षेत्रबाट लिएको हो । यस्ता शब्दहरू साम्पाङ राई भाषामा पर्याप्त मात्रमा पाउन सकिन्छ । उक्त क्षेत्रका प्रचलित शब्दहरू साम्पाङ समुदायमा सरल र वास्तविक रूपमा व्यवहृत भएको पाइन्छ । ती शब्दहरू साम्पाङ राईको जीवन र जगत्लाई वास्तविक रूपले पहिचान गर्ने ज्ञानका महत्त्वपूर्ण स्रोत हुन् । यस्ता विविध शब्दहरू यस अध्ययनमा अटाउन नसके तापनि थोरबहुत रूपमा समेटिएको छ । यस अध्ययनमा सम्पूर्ण कुराहरूलाई समेट्न नसकिए पनि यस भाषाको खोज, अनुसन्धान, सामग्री सङ्कलन, वैज्ञानिक अध्ययन भने अनिवार्य विषय बनेको छ । यसमा विभिन्न क्षेत्रका प्रचलित शब्दहरूलाई पर्याप्त मात्रामा जोगाइ राख्ने र अध्ययनमा समेट्ने कार्यले साम्पाङहरूको भाषाप्रति सान्दर्भिकता र महत्त्व पुष्टि हुन्छ ।

अध्याय आठ

सारांश, निष्कर्ष, सुझाब, शैक्षिक प्रयोजन तथा उपयोगिता

८.१ सारांश

संसारमा विभिन्न भाषाहरू रहेका छन् । ती भाषाहरूको आफ्नै जातीय अस्तित्व र भाषिक व्यवस्था रहेका छन् । यस्ता भाषाहरूको आआफ्नै भाषिक परम्परा र इतिहास रहेको पाइन्छ । नेपालमा बोलिने भारोपेली, भोटबर्मेली, आग्नेली, द्रविडेली र एकल भाषा परिवार गरी पाँच भाषा परिवारहरूमध्ये साम्पाङ भाषा भोटबर्मेली भाषा परिवारअन्तर्गत किरात खम्बु साम्पाङ जातिले बोल्ने भाषा हो । साम्पाङ राई समुदायले बोल्ने मातृभाषालाई साम्पाङ भाषा भनिन्छ । विभिन्न मातृभाषाहरूमध्ये साम्पाङ पनि एक प्रमुख र भिन्न मातृभाषा हो । हालसम्मको भाषिक अध्ययनअनुसार यस भाषाको प्रमुख भाषिक क्षेत्र भोजपुर, खोटाङ, सुनसरी, सङ्खुवासभा, सोलुखुम्बु, उदयपुर, मोरङ, झापा, इलाम, काठमाडौँ, ललितपुर, लगायत, भारतका आसाम, मणीपुर, दार्जिलिङ, सिकिम, हङ्कङ, अमेरिका र सिङ्गापुर आदि हुन् । तर यो भाषाको आदिम थलो भोजपुर जिल्लाको दोभाने गा.वि.स. को साल्पा भन्ने ठाउँ र हालको विशेष भाषिक क्षेत्र खोटाङ जिल्लाको फेदी, खार्ताम्छा, वास्पानी र पाथेका गा.वि.स. रहेको पाइन्छ । साम्पाङ राई भाषाको नामकरण सम्बन्धमा परापूर्व कालमा भोजपुर जिल्लाको दोभाने गा.वि.स.अन्तर्गत पर्ने साल्पा भन्ने ठाउँमा किरात 'हाङ' भन्ने राजाले राज्य गर्दथे । त्यस राजालाई साम्पाङ भाषामा 'हाङ' भनिने हुँदा त्यसै नामबाट साल्पाहाङ अपभ्रंश हुँदै साल्पाहाङ राजाको सन्तानहरू फैलिने क्रममा साम्पाङ राई भनिएको किम्वदन्ती (मिथक) पाइन्छ । भाषाको अध्ययन गर्ने उद्देश्यले

साम्पाङ राई भाषाको अध्ययन शीर्षक निर्धारण गरी पहिलो अध्यायमा शोधपत्रको परिचयअन्तर्गत शोधशीर्षक, शोधप्रयोजन, समस्याकथन, अध्ययनको उद्देश्य, औचित्य र महत्त्व, अध्ययनको सीमाङ्कन र अध्ययनको रूपरेखा समावेश गरी अध्ययन गरिएको छ ।

नेपालमा बोलिने साम्पाङ राई भाषाको अध्ययन अनुसन्धानका क्रममा विभिन्न प्रयासहरू हुँदै आएको छ । यस भाषाको मुद्दुम, शब्दकोश र पत्रपत्रिकाहरू प्रकाशित हुँदै आएको छ । यस भाषालाई विकसित तुल्याउन यी प्रयासहरूले ठुलो योगदान पुऱ्याएको देखिन्छ । किरात खम्बु राईभित्र पर्ने यस भाषाको थुप्रै उपथरहरू (पाछा) रहेका छन् । यसरी साम्पाङ राई समुदायभित्र विभिन्न उपथरहरू रहे तापनि भाषा, धर्म, संस्कृति, परम्परा, रीतिरिवाज आफ्नै प्रकृतिका छन् । किरात साम्पाङ जातिको परम्परागत पेसालाई हेर्दा सिकार खेल्ने र कृषि नै हो । साम्पाङ जातिको वर्तमान पेसालाई अध्ययन गर्दा खेतिपाती, पशुपालन र सैनिक सेवामा आवद्ध भएर जीविकोपार्जन गर्दै आएको पाइन्छ । साम्पाङ जातिको विशेष सामाजिक-सांस्कृतिक संस्कारहरू रहेका छन् । यस जातिको सामाजिक संस्कारअन्तर्गत न्वारान (जन्म संस्कार), पास्नी, छेवार, गुन्यूचोलो र विवाह रहेका छन् भने सांस्कतिक संस्कारअन्तर्गत पितृपूजा, साकेला, नागापूजा, भाइचिन्ता, सिकारी पूजा आदि मुख्य रहेका छन् । विशेष गरी साम्पाङ जातिले आफ्नै मूल्यमान्यता र मुद्दुम मन्त्रअनुसार यी कार्यहरू गर्ने गर्दछन् । यस अध्ययन कार्यलाई व्यवस्थित तुल्याउन र सहज तरिकाले सम्पन्न गर्न साम्पाङ मूल भाषी वक्ताहरूसँग अन्तर्वार्ता, छलफल, अन्तरक्रिया र विशेष प्रश्नावली आदिको प्रयोग गरी अध्ययनलाई मूर्तता दिइएको छ ।

यस अध्ययनको केन्द्रीय विषयवस्तुलाई अध्याय चारमा विभिन्न शीर्षक, उपशीर्षकहरूमा प्रस्तुत गरिएको छ । साम्पाङ भाषा मूल शीर्षकअन्तर्गत साम्पाङ भाषाको परिचय र नामकरण, अध्याय पाँचमा साम्पाङ भाषाको विशेषता, अध्याय छमा साम्पाङ भाषाको व्याकरण व्यवस्थाअन्तर्गत वर्ण व्यवस्था, वर्ण व्यवस्थाको पहिचान, व्याकरण व्यवस्था र अध्याय सातमा भाषामा प्रचलित विभिन्न क्षेत्रका शब्दहरूलाई समेटिएको छ । यसरी साम्पाङ भाषामा वर्ण व्यवस्थाको पहिचान गर्ने क्रममा नौ वटा स्वरवर्ण रहेका छन् । जसमा ह्रस्व र दीर्घ स्वर गरी दुई प्रकारको हुने गर्दछन् । ह्रस्व स्वरवर्णमा अ, आ ई, ऊ, ए, ओ रहेका छन् भने आः, ईः, ऊः दीर्घ स्वरवर्ण हुन् । यस अध्ययन अनुसार साम्पाङ भाषामा जम्मा २५ वटा व्यञ्जन वर्णहरू रहेका छन् । यी व्यञ्जन वर्णहरूलाई विभिन्न आधारमा वर्गीकरण गरिएको छ । साम्पाङ भाषाको व्यञ्जन वर्णको वर्गीकरण गर्ने क्रममा उच्चारण

स्थानको आधारमा, प्रयत्नको आधारमा, घोषत्वका आधारमा र प्राणत्वका आधारमा पहिचान गर्ने प्रयास गरिएको छ । उच्चारण स्थानका आधारमा ओष्ठ्य, दन्त्य, वर्त्स्य, कण्ठ्य, तालव्य, प्रयत्नको आधारमा स्पर्शी, स्पर्श संघर्षी, संघर्षी, नासिक्य, प्रकम्पित, पार्श्विक, हनुमूलीय, अन्तस्थ, घोषत्वका आधारमा अघोष र घोष र प्राणत्वका आधारमा अल्पप्राण र महाप्राण गरी व्यञ्जन वर्णको पहिचान गरिएको छ । साम्पाङ भाषाको व्याकरण व्यवस्थाअन्तर्गत नेपाली भाषामा जस्तै विकारी र अविकारी समूहमा छुट्याउन सकिने नौ वर्गका शब्दहरू साम्पाङ भाषामा पनि उपलब्ध भएका छन् । ती शब्दवर्ग नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण, नामयोगी, निपात, संयोजक र विस्मयादिबोधक हुन् । नेपाली व्याकरण व्यवस्थाअनुसार यी शब्दहरूलाई छुट्याउने प्रयास गरिएको छ । नेपाली भाषामा जस्तै साम्पाङ भाषामा पनि अर्थका आधारमा शब्दवर्गको पहिचान गर्न सकिन्छ । अर्थका आधारमा शब्दवर्गको पहिचान गर्ने क्रममा पर्यायवाची शब्द, विपरीतार्थक शब्द, श्रुतिसमभिन्नार्थक शब्द र अनेकार्थक शब्द रहेका छन् । यी शब्दहरूको व्याकरण व्यवस्थाअन्तर्गत नै चिनाउने प्रयास गरिएको छ । साम्पाङ भाषामा पनि व्याकरणात्मक कोटि रहेका छन् जुन लिङ्ग, वचन, पुरुष, काल र पक्ष हुन् । अध्याय सातअन्तर्गत साम्पाङ भाषामा प्रचलित विभिन्न क्षेत्रका शब्दहरूको सङकलन गरिएको छ । विभिन्न क्षेत्रअन्तर्गतका शब्दहरू सङ्कलन गर्ने क्रममा धातुहरूको नाम, पंक्षीहरू, जनावरहरू, अन्न, फलफूलहरू, जडीबुटी, घरमा प्रयोग गर्ने सामग्रीहरू, मानव शरीर, अङ्क, रङ्ग, बाह्र महिना, दिशा, स्वाद, सात वार, समय, भेषभूषा, ऋतुहरू, साइनो आदि जनाउने शब्दहरू सङ्कलित छन् । यस शोधकार्यको अध्याय आठ तथा अन्तिम अध्यायमा सारांश, निष्कर्ष, सुझाब र शैक्षिक प्रयोजन तथा उपयोगिता आदि शीर्षकहरू समेटिएका छन् ।

८.२ निष्कर्ष

१. साम्पाङ जाति किरात खम्बु समुदायका साल्पाहाङका सन्तानहरू हुन् ।

२. साम्पाङ राई समुदायमा बोल्ने मातृभाषालाई साम्पाङ भाषा भनिन्छ ।

३. भोजपुर जिल्लाको दोभाने गा.वि.स.को साल्पा भन्ने क्षेत्र साम्पाङहरूको उद्गमभूमि हो भने प्रमुख बसोबास क्षेत्र खोटाङ जिल्लाको फेदी खार्ताम्छा, वास्पानी र पाथेका गा.वि.स. हुन् ।

४. साम्पाङ जाति आफ्नै मौलिक भाषा, धर्म, संस्कृति, शिक्षा, सामाजिक भावना, आर्थिक स्तर, साझा भावना र जातीय अस्तित्व बोकेको ऐतिहासिक पृष्ठभूमि तथा महत्त्व बोकेको प्रमुख जाति हो ।

५. साम्पाङ राई जाति आफ्नै सामाजिक सांस्कृतिक परम्परा र मूल्यमान्यता रहेको जातिहरूमध्ये होनहार र सम्बाहक बोकेको प्रतिनिधि (नमुना) जाति मानिन्छ ।

६. साम्पाङ जातिले मुद्दुमी मन्त्रअनुसार नै आफ्नो जातीय पहिचानका संस्कारहरू गर्ने गर्दछन् ।

७. साम्पाङ जातिहरू आफ्नो भाषालाई 'गुङ' भन्दछन् । यो नै साम्पाङ भाषा हो ।

८. साम्पाङ भाषामा ह्रस्व दीर्घ गरी नौ वटा स्वरवर्णहरू रहेका छन् । जसमा अ, आ, ई, ऊ, ए, ओ ह्रस्व स्वरवर्ण हुन् भने आः, ईः, ऊः दीर्घ स्वरवर्ण हुन् ।

९. साम्पाङ भाषामा २५ वटा व्यञ्जन वर्णहरू पाइन्छन् । ती वर्णहरू क, ख, ग, घ, ङ, च, छ, ज, झ, त, थ, द, ध, न, प, फ, ब, भ, म, य, र, ल, व, स, ह हुन् ।

१०. साम्पाङ भाषामा संवर्ण पनि रहेका छन् । जुन वर्णहरू ल., म. हुन् ।

११. साम्पाङ भाषाका व्यञ्जन वर्णहरूलाई उच्चारण स्थान, प्रयत्न, घोषत्व र प्राणत्वको आधारमा वर्गीकरण गरी पहिचान गर्न सकिन्छ ।

१२. साम्पाङ भाषाम ङ, न म नासिक्य वर्ण भए तापनि यी वर्णहरूको प्रयोग अधिक मात्रामा हुन्छन् ।

१३. नेपाली भाषामा पाइने ट, ठ, ड, ढ वर्णहरू पाइदैन । यी वर्णहरूको काम त, थ, द, ध वर्णहरूले गरेको पाइन्छ ।

१४. साम्पाङ भाषाका शब्दहरूलाई विकारी र अविकारी गरी नौ प्रकारका नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण, नामयोगी, निपात, संयोजक र विस्मयादिबोधक शब्दहरू पाइन्छन् । विकारी शब्दवर्ग अन्तर्गत नाम, सर्वनाम, क्रिया पर्दछन् भने अविकारी अन्तर्गत विशेषण, क्रिया विशेषण, नामयोगी, निपात, संयोजक र विस्मयदिबोधक शब्दहरू पर्दछन् । यसैगरी व्याकरणिक कोटिअन्तर्गत लिङ्ग, वचन, पुरुष, काल र पक्ष रहेका छन् ।

१५. साम्पाङ भाषामा नामलाई नेपाली भाषामा जस्तै व्यक्तिवाचक, जातिवाचक, समूहवाचक, द्रव्यवाचक र भाववाचक गरी पाँच प्रकारमा विभाजन गर्न सकिन्छ ।

१६. साम्पाङ भाषामा नेपाली भाषामा जस्तै अर्थका आधारमा शब्दवर्गलाई पर्यायवाची, विपरीतार्थक, श्रुतिसमभिन्नार्थक र अनेकार्थक गरी चार प्रकारमा बाड्न सकिन्छ ।

१७. साम्पाङ भाषाको वर्णविन्यास अन्तर्गत ह्रस्वदीर्घ, अनुनासिकता, हलन्तको प्रयोग, द्विस्वर र महाप्राण पर्दछन् । साम्पाङ भाषामा बोल्दा र लेख्दा ह्रस्व जनाउन देवनागरी लिपिमा दीर्घ जनाउने मात्राको प्रयोग गरिन्छ; जस्तै : चूरीक : अमिलो

सोसीक : पिरो आदि हुन् भने दीर्घ जनाउन विसर्ग

(:) चिह्नको प्रयोग गरिन्छ; जस्तै : माः मा - आमा

पोः मा - उठ्नु आदि उदाहरण हुन् ।

१८. साम्पाङ भाषामा प्रचलित विभिन्न क्षेत्रका शब्दहरू सङ्कलन गरिएको छ । विभिन्न क्षेत्रका शब्दहरूको सङकलन गर्ने क्रममा धातुहरू, पंक्षीहरू, जनावरहरू, अन्न, फलफूल, जडीबुटी, घरमा प्रयोग गरिने सामग्रीहरू, मानव शरीर, अङ्क, रङ्ग, बाह्र महिना, दिशा, स्वाद, सातवार, समय, भेषभूषा, ऋतुहरू र साइनो आदि जनाउने शब्दहरू सङ्कलित छन् ।

१९. साम्पाङ भाषाको समग्र जनसङ्ख्या अथवा भाषिक वक्ताको सङख्या १८,२७० अर्थात ०.०६५ प्रतिशत रहेको छ ।

२०. साम्पाङ जातिको शैक्षिक अवस्था सन्तोषजनक रहेको छ । साम्पाङ जातिको समग्र शैक्षिक स्तरलाई अध्ययन गर्दा ३०-४० प्रतिशत रहेको र उच्च शिक्षा प्राप्त गर्नेको सङ्ख्या ५ प्रतिशत भन्दा माथि रहेको छ ।

८.३ सुझाबहरू

साम्पाङ भाषा सामान्य गतिमा विकास भइरहेको छ । यस सम्बन्धमा साम्पाङ विज्ञ, साम्पाङ भाषाविद्, लगायत स्वदेशी तथा विदेशी भाषिक वक्ताको तर्फबाट थोरबहुत रूपमा सहयोग र खोज अनुसन्धान भइरहेको छ । कुनै पनि जातिगत भाषाको समस्या रहेको हुन्छ । जुन समस्या खडा हुन्छ त्यो समस्या समाधानको बाटोतर्फ मोडिन थाल्छ । यो जातिको समस्या साम्पाङ भाषामा मात्र सीमित रहेको छ । राज्यको व्यवस्था अनुसार साम्पाङ भाषाको संरक्षण र सम्बर्धन हुन नसकेको अवस्था छ । त्यसैले यो जातिको भाषा, धर्म, संस्कृति, रीतिरिवाज, भेषभूषा आदिलाई जोगाउन साम्पाङ भाषिक वक्ताहरू निरन्तर रूपमा लाग्नु पर्ने कुरा अवगत हुन्छ । मानव जीवनको जति महत्त्व रहेको हुन्छ भाषाको त्यति नै महत्त्व हुन्छ । यसर्थ साम्पाङ जातिको भाषालाई लोप हुनबाट जोगाउन नयाँनयाँ

ज्ञानको भण्डार अथाह अपार फराकिलो छ । जसलाई प्रयोग गर्दै यो भाषाको जर्गेर्ना गर्नुपर्छ । विशेष गरी भाषासम्बन्धी समस्यामा विद्यालय उमेरका बालबालिकाहरू परेका छन् । आमाको काखमा बसेर एउटा भाषिक वातावरणमा हुर्किएको बालकले विद्यालयमा अझै आफ्नो मातृभाषामा शिक्षा पाउने वातावरण पाएका छैनन् । जसले गर्दा बालबालिकाको शैक्षिक स्तर न्यून हुन गई समग्र भाषिक विकासमा समस्या आएको देखिन्छ । हरेक जाति र भाषाको आवश्यकता पहिचान गर्न सक्नुपर्छ । यस्ता आवश्यकतालाई परिपूर्ति गर्न निम्नलिखित सुझावहरू प्रस्तुत गरिएको छ :

१. साम्पाङ भाषाको भाषावैज्ञानिक अध्ययन गरिनुपर्छ ।

२. नेपाली भाषा र साम्पाङ भाषामा पाइने अर्थतात्विक भिन्नताको पहिचान गरिनुपर्छ ।

३. आधारभूत तहसम्म शिक्षण गर्ने शिक्षकहरूलाई साम्पाङ मातृभाषासम्बन्धी विशेष तालिमको व्यवस्था गरिनुपर्छ ।

४. साम्पाङ मातृभाषामा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्रीहरू निर्माण गरी लागु गरिनुपर्छ ।

५. मातृभाषाको कारणबाट बालबालिकाको शैक्षिक क्षेत्रमा पर्ने असरबारे भाषिक समुदायलाई सचेत गराउनु पर्छ ।

६. राज्यको नीतिमा व्यवस्था भएबमोजिम मातृभाषाको पठनपाठनलाई कार्यन्वयन गरिनुपर्छ ।

७. हरेक बालबालिकाले मौका पायो भने आफ्नो मातृभाषामा शिक्षा आर्जन गर्न सक्छन् भन्ने सकारात्मक सोचाइको कदर गरिनुपर्छ ।

८. हरेक विषयवस्तु (प्रकार) को सिप सिक्ने माध्यम मातृभाषा नै हो भन्ने कुरामा भाषिक सरोकारवालाहरू सचेत भएर त्यसमा पर्ने कठिनाइको पहिचान गरी निराकरणका उपायको खोजी गर्न सहयोग गर्नुपर्छ ।

९. साम्पाङ भाषाको संरक्षण, सम्वर्धन, उत्थान र विकासका लागि साम्पाङ भाषिक वक्ता तन, मन, वचन र कर्मका साथ लागि पर्नुपर्छ र त्यसका लागि प्रोत्साहित गर्नुपर्छ ।

८.४ शैक्षिक प्रयोजन तथा उपयोगिता

हरेक जातजातिको भाषा, धर्म, संस्कृतिअनुसार स्वतन्त्र बाँच्न पाउने हक अधिकारलाई सम्मान गर्दै व्यक्तिमा समान अवसर प्रदान गरिनुपर्छ र सबै समुदायको आ-आफ्नो भाषामा शिक्षा दिनुपर्छ भन्ने कुरामा सरोकारवालाहरूको विचारमा सचेतताको वृद्धि

हुनुपर्छ । हाम्रो जस्तो बहुभाषिक र बहुसांस्कृतिक मुलुकमा १२५ जाति र १२३ मातृभाषाहरू अस्तित्वमा रहेका छन् । यस्तो बहुभाषिक मुलुकमा मातृभाषाको संरक्षण, सम्वर्धन गर्नका लागि र गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि पनि मातृभाषामा शिक्षा दिनु अनिवार्य रहेको छ । मातृभाषामा शिक्षा दिनु भनेको शैक्षिक गुणस्तर उकास्नको लागि मात्र नभएर सबै भाषाको पहुँच अभिवृद्धिको लागि पनि हो । यसर्थ मातृभाषासम्बन्धी नीति तथा प्रावधानहरूलाई आधार मानी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म भाषाको उपयोग गर्नसक्नु पर्छ भन्ने कुरा यस अध्ययनले प्रष्ट्याएको छ । यसकारण यस अध्ययनको शैक्षिक प्रयोजन तथा उपयोगितालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

१. साम्पाङ भाषाको वैज्ञानिक अध्ययन अनुसन्धान गर्न उपयोगी हुन्छ ।
२. साम्पाङ भाषाको पाठ्यक्रम, पाठ्यपुस्तक निमार्ण गर्न मद्दत गर्छ ।
३. साम्पाङ भाषी विद्यार्थी भएको विद्यालयमा स्रोत सामग्रीको रूपमा प्रयोग गर्न सकिन्छ ।
४. साम्पाङ भाषा र नेपाली भाषा बिच तुलनात्मक अध्ययन गर्न सहयोग गर्छ ।
५. नेपाल लगायत देश विदेशमा रहेका साम्पाङ भाषी वक्ताहरूको वास्तविक तथ्य तथ्याङ्क पत्ता लगाउन सहयोग गर्छ ।
६. साम्पाङ जातिको भाषिक क्षेत्र र व्याकरण व्यवस्थाको केही मात्रामा जानकारी गराउन सहयोग गर्छ ।
७. यस अध्ययनले अन्य मातृभाषाको अध्ययन अनुसन्धान गर्न अनुसन्धानकर्तालाई सहयोग गर्दछ ।
८. प्रस्तुत अध्ययनले नेपालमा बोलिने सम्पूर्ण मातृभाषा लगायत अन्य भाषाको विकास, संरक्षण र सम्वर्धन गर्न सहयोग गर्दछ ।

सन्दर्भसूची

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०७०), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा. लि. ।

ओङ, वाई एल (२०६६), *साम्पाङ नेपाली अङ्ग्रेजी शब्दकोश,* ललितपुर : नेपाली राष्ट्रिय भाषा संरक्षण संस्था ।

ओझा, रामनाथ र मधुसुदन गिरी (२०५८), *शोध, सिर्जना र संस्कृत काव्यशास्त्र,* काठमाडौँ : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

कानूनी किताब व्यवस्था समिति, (२०७२), *नेपालको संविधान,* काठमाडौं : बबरमहल ।

किरात साम्पाङ राई जुम्लेखा नेपाल (२०७०), *खकलूङ,* अर्धबार्षिक पत्रिका, अङ्क १ र २ ।

केन्द्रीय तथ्याङ्क विभाग (२०५८), *राष्ट्रिय जनगणना प्रतिवेदन,* काठमाडौँ : राष्ट्रिय योजना आयोग ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६८), *राष्ट्रिय जनगणना प्रतिवेदन,* काठमाडौँ : राष्ट्रिय योजना आयोग ।

थापा, भानुकुमारी (२०६५), *दैलेखमा बोलिने मगर ढुट भाषाको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

दाहाल, शिवकुमार (२०६७), *वाम्बुले भाषा : एक अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पोखरेल, बालकृष्ण (२०४०), (सम्पा.), *नेपाली बृहत् शब्दकोश,* (आठौँ संस्करण), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

बन्धु, चूडामणि (२०५३), *भाषाविज्ञान,* काठमाडौँ : साझा प्रकाशन ।

बन्धु, चूडामणि (२०७०), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौ : रत्न पुस्तक भण्डार ।

बस्नेत, जयबहादुर (२०६८), *काइके भाषा : एक अध्ययन,* , स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०६८), *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा. लि. ।

राई, खगेन्द्र बहादुर (२०६२), *किरात खम्बु साम्पाङ राई सङ्क्षिप्त परिचय,* ललितपुर : किरात साम्पाङ राई उत्थान समाज ।

राई, चक्र बहादुर (२०६७), *चाम्लिङ भाषाको एक : अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

राई, टिकाराम (२०७३), *वान्तवा भाषाको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

राई, नानुमति (२०७०), *साम्पाङ वर्णमाला,* ललितपुर : किरात साम्पाङ राई जुम्लेखा नेपाल ।

राई, मणिराज (२०६५), *थुलुङ भाषा : एक अध्ययन,* , स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

राई, विश्वनाथ र अन्य (२०७२), *मुद्दुम,* ललितपुर : किरात साम्पाङ राई जुम्लेखा नेपाल ।

रावत, महेन्द्रराज (२०७०), *राउटे भाषा : एक अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

राई, रामकुमार (२०६६), *नाछिरिङ भाषा : एक अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

राई, होमबहादुर (२०६९), *कुलुङ भाषाको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

सम्प्रेषण परिवार, वर्ष (२०६९), अङ्क - ७ पृष्ठ सङ्ख्या - ४४ ।

सुवेदी, मणिप्रसाद (२०६८), *लेप्चा भाषा : एक अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

हमाल, राजकुमार (२०७२), *करेलीकाँडे खाम भाषाको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाल भाषा शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

व्यक्तिगत विवरण

नाम : प्रविन राई

स्थायी ठेगाना : श्यामसिला - १, लाकुरे, भोजपुर

पिता : श्रीबहादुर राई

माता : कृष्णकुमारी राई

भाषा : नेपाली, अङ्ग्रेजी, मातृभाषा

रुचि : अध्ययन, सङ्गीत

राष्ट्रियता : नेपाली

सम्पर्क नम्बर : ९८१४३५८७७२

शैक्षिक योग्यता

तह	**उत्तीर्ण वर्ष**	**शिक्षण संस्था**	**श्रेणी**
प्रवेशिका	२०६४	श्री पञ्चकन्या उच्च माध्यमिक विद्यालय च्याङ्ग्रे, भोजपुर	द्वितीय
प्रमाणपत्र तह	२०६६	श्री सरस्वती उच्च माध्यमिक विद्यालय, धनकुटा	द्वितीय
स्नातक	२०७०	धनकुटा बहुमुखी क्याम्पस धनकुटा	द्वितीय
स्नातकोत्तर	२०७३	त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं	प्रथम